# नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग

## (कर्णाली प्रदेशको कालिकोट जिल्लाको अध्ययन)

नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग

मदनबहादुर कार्की

२०८१


त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र संकाय

रत्न राज्यलक्ष्मी क्याम्पस,  राजनीतिशास्त्र विभाग

प्रदर्शनीमार्ग, काठमाडौ

नेपाल


स्नातकोत्तर तह राजनीतिशास्त्र विषय (MAPS-569) को अनिवार्य आवश्यकता परिपुर्ति गर्नका लागि प्रस्तुत शोध  प्रतिवेदन


शोधकर्ताः

मदनबहादुर कार्की

रोल न. ३९ – २०२०

त्रि.वि.परिक्षा रोल नं.४०–३२–२२–००१४ (४०२७१४)

त्रि.वि. दर्ता नम्बर ६–२–४०–१७२–२०१६



भदौ २०८१

**स्वघोषणा**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय रत्न राज्य लक्ष्मी क्याम्पसमा स्नातकोत्तर तह उपाधिको निमित्त प्रस्तुत नेपालमा संघीय शासन व्यवस्थाको प्रयोगः कर्णाली प्रदेशको कालिकोट जिल्लाको अध्ययन शिर्षकमा मैले मेरो शोधपत्र निर्देशक ज्युको निर्देशनमा रहि सम्पन्न गरेको पुर्णतः मौलिक कार्य हो । मैले यो शोधपत्र लेखनका क्रममा विभिन्न स्रोतबाट सामाग्री संकलन गरी तिनको उपयोग गरेको छु र ति स्रोतहरुप्रति कृतज्ञ पनि छु । यस शोधपत्रमा प्रस्तुत निश्कर्षलाई  मैले यस अघि कहिपनि कुनै उपाधि अथवा अन्य प्रयोजका निमित्त प्रस्तुत गरेको छैन । यस शोधपत्रको कुनैपनि पाठ/अंश पुस्तक वा पुस्तकको अंशको रुपमा प्रकाशित गरेको छैन् । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्वता विरुद्व कुनै प्रमाण भेटिए म त्यसप्रति पुर्ण जिम्मेवार रहने छु ।

.......................

मदनबहादुर कार्की

मितिः २०८१/०४/२७ (इ.सं.२०२४ अगस्त ११)

त्रिभुवन विश्वविद्यालय

मानवीकी तथा सामाजिकशास्त्र संकाय

रत्न राज्यलक्ष्मी क्याम्पस, राजनीतिशास्त्र विभाग

प्रर्दशनीमार्ग, काठमाडौं,

नेपाल

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि मदनबहादुर कार्कीले मेरो निर्देशन र सुपरिवेक्षणमा नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग, कर्णाली प्रदेशको कालिकोट जिल्लाको अध्ययन शिर्षकको शोधपत्र तयार गर्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.............................

डा. कृपाराम विश्वकर्मा

शोधनिर्देशक

मितिः २०८१/०४/२७ (इ.सं.२०२४ अगस्त ११)

त्रिभुवन विश्वविद्यालय

मानवीकी तथा सामाजिकशास्त्र संकाय

रत्न राज्यलक्ष्मी क्याम्पस, राजनीतिशास्त्र विभाग

प्रर्दशनीमार्ग, काठमाडौं,

नेपाल

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय मानवीकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले यस विभागका छात्र मदनबहादुर कार्की द्वारा प्रस्तुत नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग (कर्णाली प्रदेशको कालिकोट जिल्लाको अध्ययन) शिर्षकको शोधपत्र स्नातकोत्तर तहको उपाधिको लागि उचित ठहरिएको हुदाँ आवश्यक विमर्श सहित स्वीकृत गरिएको छ।

**शोध मूल्याङ्कन समिति**

..........................

डा. कृपाराम विश्वकर्मा

शेध निर्देशक तथा विभागीय प्रमुख

.................................

प्रा.डा. रामकुमार दाहाल

बाह्य निरीक्षक

मितिः २०८१/०५ /०२ (इ.सं.२०२४ अगस्त १८)

**कृतज्ञता ज्ञापन**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह एम.ए.चौथो सेमेस्टरको आंशिक आवश्यकता पुरा गर्नको लागि स्वीकृति नेपालमा संघीय शासन व्यवस्था कर्णाली प्रदेशको कालिकोट लिल्लाको अध्ययन् शिर्षकमा यो शोधकार्य सम्पन्न गरी प्रस्तुत गरेको छु । शोधप्रस्ताव स्वीकृति गरी यस विषयमा अनुसन्धान गर्ने अवसर दिनु भएकोमा यस  विभाग प्रति आभार व्यक्त गर्दछु । सर्वप्रथम यस रत्न राज्यलक्ष्मी क्यम्पस परिवारलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । यो शोध कार्यको लागि अन्तिम समयसम्म शोध निर्देशनको गहन जिम्मेवारी सहित आफ्नो अमुल्य समय दिई निरन्तर सहयोग मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने विभागिए प्रमुख श्रद्धेय   गुरु डा.कृपाराम विश्वकर्मा ज्यु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

वाह्य परिक्षक प्रा.डा. रामकुमार दाहाल ज्यू प्रति विशेष धन्यवाद प्रकट गर्दछु । साथै आर.आर.क्याम्पस प्रशासन, प्राध्यापक, कक्षाका साथीहरु र पुस्तकालय परिवार प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । शोधपत्रको सामाग्री संकलनमा आवश्यक सुचना उपलब्ध गराई महत्वपुर्ण सहयोग पुर्याउनुहुने कालिकोट जिल्ला पचालझरना गाउपालिका कार्यालय, वडा न.३ स्थित श्री जनता मा.वि.खार्दु प्रशासन परिवार, शिक्षक, प्यारा विद्यार्थि भाइबहिनीहरु, खार्दु गाउँ बासि आमाबुवा, दाजुभाई, दिदिबहिनि साथै जनप्रतिनिधि लगायत सम्पुर्ण वडा बासि बुद्धिजीवी, सरोकारवाला निकायहरु जसले यो शोधकार्यमा साथ सहयोग गर्नुभएकोमा उहाहरुलाई धन्यवाद दिन चाहन्छु ।

यो शोधपत्रमा पारिवारीक सौहार्दपुर्ण वातावरण मिलाइ दिने दाजुभाउजु, बुवा, दिदि भिनाजु, भाई बहिनी जुवाई, भतिजा भतिजी सम्पुर्ण घर परिवार साथै अन्य आफन्त शुभचिन्तकलाई यस अवसरमा स्मरण गर्न चाहन्छु । अन्त्यमा यस शोधकार्यको लेखनमा आर्थिक सहयोग पुर्याउने विश्व विद्यालय अनुदान आयोग (युजिसि) नेपाल लगायत, घर परिवार, कम्प्युटर र प्रिन्टमा सहयोग गर्नु हुने आदारणिय दाजु प्रकाश रोकाया, समर रोकाया,  भतिज भरत महतरा लगायत अन्य साथीहरु, आफन्त तथा सुभचिन्तकहरुमा हार्दिक आभार र धन्यावाद प्रकट गर्दछु ।

# शोधसार

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र वियमा स्नातकोत्तर तह एम.ए.चौथो सेमेस्टरको आंशिक आवश्यकता पुरा गर्नको लागि स्वीकृत भएको नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग कर्णाली प्रदेशको कालिकोट लिल्लाको अध्ययन् शिर्षकमा यो शोधकार्य सम्पन्न गरी प्रस्तुत गरेको छु । यस अध्ययनको उद्देश्य नेपालमा संघीय शासन व्यवस्था यसका प्रभावहरुको अवस्था, संघीय शासन प्रणालीका चुनौति तथा अवसरहरुवारे अध्ययन गर्नुका साथै नेपालमा विद्यमान राजनीतिक अभ्यासको प्रभाव कस्तो छ, भन्नेबारे अध्ययन र समाधानको पाटो के हुन सक्छ, यसमा संघीयता कार्यान्वयनमा के कति जटिलता छ, नेपालमा विद्यमान संघीय मोडेल उपयुक्त छ या छैन, वास्तवमा उपयुक्त मोडेल के हुन सक्दछ, भन्नेबारेमा रहेको छ । यस अध्ययनको लागि वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यो अध्ययन कालिकोट जिल्ला पचालझरना गाउपालिका वाड न.३ मा केन्द्रीत रहेर सम्पन्न गरिएको छ । नेपालमा लामो समयसम्म एकात्मक शासन व्यवस्था कायम रहयो र यो व्यवस्थाले जनताका आधारभुत आवश्यकता पनि पुरा गर्न नसक्नुका साथै जनतामा अधिकार प्रत्याभुत गर्न सकेको थिएन । यसैका विरुद्धमा जनताले आफ्नो अधिकार स्थापित गर्न लामो समयसम्म बलिदानिपुर्ण संघर्ष गरे । जनताको विभिन्न वलिदानिपुर्ण संघर्ष, त्याग र तपस्याबाट स्थापित भएको संघीय शासन व्यवस्था पश्चात गाँउगाउँमा सिंहदरबार र घरघरमा अधिकार जादा जनताको पुरानो व्यवस्थाको तुलनामा नयाँ व्यवस्थाबाट के कति राहत महसुस गरे, सेवासुविधा र पहुँचको हिसावले सफल कति रहयो र असफल रहयो भन्ने मुल सवाल रहयो । नेपालमा संघीयता कार्यान्वयन भएको ८ वर्ष भइसक्दा पनि सामाजिक–साँस्कृतिक तथा राजनीतिक पक्षमा परिवर्तन हुँदा पनि आर्थिक पक्षमा अथवा जनताको अवस्थामा परिवर्तन नहुनुको कारण संघीयता कार्यान्वयनमा समस्या देखिनु हो, जुन स्वयं सरकारि क्षेत्र नै कार्यान्वयनमा चुकेको छ । यसो हुनुमा मुख्य समस्या नेपालमा उपयुक्त संघीय मोडेल नहुनु हो । यसको लागि मौलिक विशेषता समावेश हुन जरुरी हुन्छ । नेपालमा संघीयता सफल बनाउन यहाँको मौलिक विशेषता सहित उपयुक्त संघीय मोडेलको आवश्यकता रहेको कुरा यस अध्ययनमा राखिएको छ ।

**शब्द कुञ्जि**

संघीयता मोडेल, विभेद, समानता, भौगोलिक क्षेत्र, छत्रछाया

## संक्षिप्त शब्दहरु

| | |
|---|---|
| गा.पा/गापा | – गाउपालिका |
| न.पा | – नगरपालिका |
| प्र.म. | – प्रधानमन्त्री |
| मु.म. | – मुख्यमन्त्री |
| के.स. | – केन्द्रीय सत्ता |

## तालिका, वृत्तचित्रर स्तम्भचित्रको विवरण

**तालिकाको सुचि** **पेज नं.**


तालिका–१: विश्वमा संघीय शासन व्यवस्था अवलम्वन गर्नेमुलुकहरु २०

तालिका–२: पचालझरना गा.पामा पाइने प्रमुख जडिबुटि २३

तालिका–३: गापाको जनसाङ्ख्यिक विवरण २४

तालिका–४: गापाको खाद्यान्न आत्मनिर्भरताको विवरण २७

तालिका–५: मासिक आम्दानीको विवरण २८

तालिका–६: गापाबाट निकासी हुन सक्ने विभिन्न प्राकृतिक वस्तुको विवरण २९

तालिका–७: गापाका विभिन्न वडाहरुमा पालिएका पशुपंक्षीहरुको विवरण २९

तालिका –८: पशुपंक्षी तथा बालिनालीहरुमा लाग्ने विभिन्न प्रकारका रोगहरुको विवरण ३०

तालिका–९: साना मझौला उद्योगहरुको विवरण ३०

तालिका–१०: गापामा भएका एग्रोभेट, पानीघट्ट, मिलको विवरण ३१

तालिका – ११: गापामा भएका बजारहरुको विवरण ३१

तालिका –१२: गापामा भएका विभिन्न रोजारीमा संलग्न जनशक्तिको विवरण ३२

तालिका–१३: गापामा भएका ऐतिहासिक तथा पर्यटकिय स्थलको विवरण ३३

तालिका–१४: पचालझरना गापा वार्ड नं.३ को शैक्षिक अवस्थाको विवरण ३५

तालिका– १५: गापामा उच्च शिक्षा प्राप्त जनशिक्तिको विवरण ३८

तालिका–१६: आधारभुत तथा माध्यामिक विद्यालयको आधारभुत जानकारी ४०

तालिका–१७: विद्यालयमा भएका भौतिक संरचनाको विवरण ४१

तालिका –१८ परिवार नियोजन सम्बन्धि विवरण ४४

तालिका– १९ सुरक्षित मातृ शिसुको सेवाको विवरण ४५

तालिका– २० पालिकामा खोप लगाउने व्यक्तिको विवरण ४६

तालिका–२१ गापामा बिगत एक वर्षमा देखिएका रोगहरुको विवरण ४७

तालिका –२२ फोहोर व्यवस्थापन गर्ने तरिका घरधुरीको विवरण ४९

तालिका–२३ घरायसी स्तरमा पहुँच र सेवा स्तर ५०

तालिका– २४ गाउपालिका भित्रको सरसफाइ र स्वच्छताको स्तर ५०

तालिका –२५ महिलाका नाममा रहेको सम्पति विवरण ५३

तालिका – २६ महिनावारी हुँदा वस्ने ठाँउको विवरण ५३

तालिका – २७ घरको छानाको प्रकारको आधारमा घरधुरीको वर्गीकरण ५५

तालिका –२८ उर्जाको रुपमा प्रयोग गर्ने वस्तुको आधारमा घरधुरी विवरण ५६

तालिका–२९ दैनिकी आउने यातायातका साधन तथा आम सञ्चार सम्बन्धित विवरण ५८

तालिका–३० गापामा भएका सबै प्रकारका वन सम्बन्धि विवरण ५८

तालिका –३१ गापामा भएका झरना, नदि तथा ताल आदिको विवरण ६०

तालिका–३२ गापामा भएका विभिन्न प्रकारका खानि तथा खनिजको विवरण ६०
तालिका–३३ सुधार चुलो भएका र नभएका घरधुरीको विवरण ६१

**वृत्तचित्रको सुचि**

वृत्तचित्र– १: २०७८ अनुसार गापाको घरधुरी सर्वेक्षण विवरण २४
वृत्तचित्र – २: गापामा खाद्यान्नको प्रयाप्तताका आधारमा घरधुरी विश्लेषण २७
वृत्तचित्र – ३: वार्ड नं.३ को शैक्षिक अवस्थाको विवरणमा, साक्षरता र निरक्षरता सङ्ख्या ३९
वृत्तचित्र – ४: सरसफाइको आधारमा घरधुरी विवरण ५१
वृत्तचित्र –५: घरको तलाको आधारमा घरधुरीको विवरण ५५

**स्तम्भ चित्रको सुचि**

स्तम्भचित्र– १: २०७८ अनुसार गापाको घरधुरी सर्वेक्षण विवरण २४
स्तम्भचित्र– २: मासिक आम्दानिको विवरण २८
स्तम्भचित्र– ३: बत्तीको स्रोतको आधारमा घरधुरीको विवरण ५७

# विषय सुचि

| | |
|---|---|
| | पेज न. |
| स्वघोषणा | |
| सिफारिस पत्र | |
| स्विकृती पत्र | |
| कृतज्ञता ज्ञापन | i |
| शोधसार | ii |
| संक्षिप्त शब्दहरु | iii |
| तालिका, वृत्तचित्ररस्तम्भ चित्रको विवरण | iv |
| विषय सुचि | vi |
| पारिभाषिक शव्दहरु | xi |
| **अध्याय –एक : परिचय** | . |
| १.१ अध्ययनको पृष्ठभुमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्व | ४ |
| १.५ सैद्धान्तिक आधारमा/अबधारणागत रुपरेखा | ४ |
| १.६ अध्ययनको संरचना | ५ |
| **अध्याय – दुई : साहित्यको समीक्षा** | |
| २.१  सैद्वान्तिक समिक्षा | ६ |
| २.२ प्रासंगिक समिक्षा | ७ |
| २.३ अध्ययनको अन्तराल | १७ |
| **अध्याय तीनः अध्ययन पद्धति** | |
| ३.१ अध्ययनको किसिम | १८ |
| ३.२. अध्ययनको ढाँचा | १८ |
| ३.३ अध्ययनको क्षेत्र छनौट र औचित्य | १८ |
| ३.४ तथ्यांकको प्रकृति तथा स्रोत | १८ |
| ३.५ तथ्यांक संकलन बिधि | १८ |
| ३.६ तथ्यांकको प्रस्तुति तथा विश्लेषण | १८ |

**३.७ अध्ययनको सिमा** **१८**

**३.८ आचरणगत सवाल** **१९**

**अध्याय चार : नेपालमा संघीय शासन र यसका प्रभावहरू**

**४.१ पचालझरना गाउपालिकाको परिचय** **२२**

४.१.१ पचालझरना गाउपालिकाको धरातलिय स्थिति र सिमाना २२

४.१.२ पचालझरना गाउपालिकाको क्षेत्रफल २३

४.१.३ पचालझरना गाउ पालिकाको भौगोलिक स्वरुप २३

४.१.४ भु–उपयोग तथा वातावरण २४

**४.२ गाउपालिकाको जनसाङ्ख्यिक विवरण** **२४**

**४.३ आर्थिक विकास** **२५**

४.३.१ कृषि तथा जिविकोपार्जनको अवस्था २५

४.३.२ खाद्यान्नमा आत्मनिर्भरको अवस्था २६

४.३.३ पारिवारिक मासिक आम्दानीको विवरण २८

४.३.४ गाउपालिकाबाट निकासी हुन सक्ने स्रोतको विवरण २९

४.३.५ पशुपन्छी पालनको अवस्था २९

४.३.६ उद्योग तथा बाणिज्य सम्वन्धि विवरण ३०

४.३.६.१ साना तथा मझौला उद्योगहरुको विवरण ३०

४.३.७.३ गाउपालिकमा भएका एग्रोभेट, पानी घट्ट, मिलको अवस्था ३१

४.३.६.४ गाउपालिकामा भएका बजार सम्बन्धि विवरण ३१

४.३.७ गा.पाको जनशक्ति, रोजगार तथा वैदेशिक रोजगार सम्बन्धि विवरण ३२

४.३.७.१ रोजगारीमा संलग्न जनशक्तिको विवरण ३२

४.३.७.२ वैदेशिक रोजगारीमा जाने व्यक्तिको विवरण ३२

४.३.८ पर्यटन विकास सम्वन्धी विवरण ३२

४.३.८.१ गापामा भएका ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको विवरण ३३

४.३.९ सहकारी तथा बैंक र वित्तिय संस्थाको विवरण ३४

४.३.९.१ विभिन्न सहकारी संस्थाको विवरण ३४

४.३.९.२ गा.पामा स्थापना भएका बैंकको विवरण ३४

४.३.९.३ जनताको पहुँच भएका बैंकहरुको विवरण ३४

**४.४. सामाजिक विकास** **३५**

४.४.१ शिक्षा ३५

४.४.१.१ वडा न.३ को जनसङ्ख्या र शिक्षको अवस्था ३५

४.४.१.२ समग्र पालिकाको अवस्था ३७

४.४.१.३ गाउपालिकामा उच्च शिक्षामा संलग्न जनशक्ति ३७

४.४.१.४ गाउपालिका तथा विभिन्न वडा अनुसार साक्षरता दर ३८

४.४.१.५ बालविकास केन्द्रको विवरण ३९

४.४.१.६ आधारभुत तथा माध्यामिक विद्यालयको जानकारी ३९

४.४.१.७ आधारभुत माध्यमिक विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थिको विवरण ४१

४.४.१.८ विद्यालयमा भएका भौतिक संरचनाको विवरण ४१

४.४.१.९ समग्र पालिकाको अवस्था र शिक्षा सुधारका विषयहरु ४२

४.४.२ स्वास्थ्य ४४

४.४.२.१ स्वस्थ्य सम्बन्धि जानकारी ४४

४.४.२.२ गाउपालिकामा भएको परिवार नियोजन सम्बनिध विवरण ४४

४.४.२.३ सुरक्षित मातृ शिशु सेवाको विवरण ४५

४.४.२.४ खोपको विवरण ४६

४.४.२.५ पाँच वर्ष मुनिका बालवालिकाहरुको पोषणको स्थिति ४६

४.४.२.६ गाउपालिकाममा विगत एक वर्षमा देखिएका रोगहरुको विवरण ४६

४.४.२.७ पालिकाको अवस्था र स्वास्थ्यमा सुधारका विषयहरु ४७

४.४.३ खानेपानी तथा सरसफाइ ४८

४.४.३.१ पिउने पानीको स्रोत रहेको ठाँउको आधारमा घरपरिवारको वर्गिकरण ४८

४.४.३.२ पिउने पानीको स्रोत रहेको ठाँउको आधारमा घरपरिवारको विवरण ४८

४.४.३.३ फोहोर व्यवस्थापनको आधारमा घरधुरी विवरण ४८

४.४.३.४ खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको विश्लेषण ४९

४.४.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण ५१

४.४.४.१ महिलाको नाममा भएको सम्पत्ति विवरण ५१

४.४.४.२ महिनावारि हुँदा वस्ने ठाँउको विवरण ५२

४.४.५. महिला बालवालिका तथा जेष्ठ नागरिकको सामाजिक स्थिति ५२

४.४.५.१ सामाजिक विभेद ५४

**४.५ पुर्वाधार विकास** **५४**

४.५.१ भवन तथा सहरी विकास ५४

४.५.१.१ घरको स्वामित्वको आधारमा घरधुरीको विवरण ५४

४.५.१.२ घरको प्रकारको आधारमा घरधुरीको विवरण ५४

४.५.१.३ घरको तलाको आघारमा घरधुरी विवरण ५५

४.५.१.४ घरको छानाको प्रकारको आधारमा घरधुरी विवरण ५५

४.५.२ विद्युत तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) ५६

४.५.२.१ घरको उज्यालोको लागि प्रयोग हुने उर्जाको विवरण ५६

४.५.३ सञ्चार तथा यातायात ५७

४.५.३.१ यातायात तथा सञ्चार सेवाको पहुँचको आधारमा घरपरिवारको विवरण ५८

४.५.३.२ उपलब्ध यातायात तथा सञ्चार सेवाको विवरण ५८

**४.६ वातावरण तथा विपत् व्यवस्थापन** **५८**

४.६.१ सामुदायिक तथा वन सम्बन्धि विवरण ५८

४.६.२ नदि तथा जलाधारको विवरण ५९

४.६.३ दैवि प्रकोप सम्बन्धि विवरण ६०

४.६.४ गा.पामा भएका विभिन्न खानि,खनिज तथा अन्य प्राकृतिक स्रोतको विवरण ६०

४.६.५ गा.पामा सुधारिएको चुलो प्रयोग गर्ने घरपरिवारको विवरण ६१

**४.७. संघीयताको वर्तमान अवस्था, प्रभाव र भावि योजनाहरु** **६१**

**अध्याय पाचः संघीय शासन प्रणालीको औचित्य, चुनौति तथा अवसरहरु**

**५.१ संघीयताको औचित्य** **६५**

**५.२ संघीयता सम्बन्धि धारणा** **६६**

**५.३ राजनीतिक विकटता र भौगोलिक विकटता** **६७**

**५.४ संघीयताको चुनौती** **७०**

**५.५ नेपालमा संघीयता** **७०**

**५.६ संघीयता कार्यान्वयनमा देखिएका चुनौतिहरु** **७१**

**५.७ नेपालमा विद्यमान राजनीतिक अभ्यास** **७८**

**५.८ नेपालमा विद्यमान राजनीतिक गतिविधि** **७९**

**अध्याय ६ : सारांश तथा निश्कर्ष**


| | |
|---|---|
| ६.१ सारांश | ८३ |
| ६.२ निश्कर्ष | ८४ |
| सन्दर्भ सामाग्री | ८७ |

## पारिभाषिक शव्दहरु

बहुरुपी मुलुक –यसमा बहुरुपी भन्नाले जाती, भाषी, साँस्कृतिक र भौगोलिक क्षेत्रको हिसावले अनेक रुप वा विशेषता भएको वहु विविधतायुक्त मुलुक भन्ने हिसावले प्रयोग गरिएको छ।

पोरे–कालिकोट साथै कर्णालीका उच्च हिमाली जिल्लामा पाइने एक प्रकारको विष (पोरे विष) हो।

निगालो – पहाडि क्षेत्रमा पाइने वाँस जस्तै तर सानो एक प्रकारको बुट्यान जसवाट विभिन्न डोको, डालो (सुपो) र आगो बाल्न प्रयोग गरिन्छ।

छिटा– यसमा छिटा शब्दले थोप्ला अर्थात विकास र अधिकारको सानो एकाई भन्न खोजिएको हो।

राजनीतिक स्तरमा धारणा– यसमा राजनीतिक स्तरमा धारणा भन्नाले विभिन्न पार्टि खोल्ने, चुनाव जित्ने रसरकारको नेतृत्व गर्ने वा शक्ति र सत्ताको राजनीति गर्ने वर्गको धारणा भन्न खोजिएको हो।

जनस्तरमा धारणा – जनस्तरमा धारणा भन्नाले सरकार र सत्ता बाहिर वसि भोटरको रुपमा रहने, राजनीतिक पार्टि प्रति खासै चासो नभएको देशको लागि चिन्ता गर्ने वर्गको धारणा भन्न खोजिएको हो।

छत्रछाया– यसमा छत्रछाया शब्दले केन्द्रीय राज्यसत्ताको तथा राजधानिको नजिक, रेखदेखमा वा वरिपरि रहेको भन्ने अर्थ दिनेछ।

सत्ताभोगि– सत्ता वा अधिकार उपभोग गर्न कहिल्यै नचुकेका र सधै उपभोग गर्दा पनि नअघाएका भन्ने अर्थ दिनेछ।

अधिकारको प्यासी – अधिकार उपभोग र सत्ता सञ्चालन गर्नबाट सधै बञ्चित रहेको सत्ता र अधिकारको भोको।

राजनीतिक विकटता – राजनीतिक विकटता शब्दले केन्द्रीय सत्ताले राजनीतिक अधिकावाट पछाडि पारेको, राज्यको निति निर्माण र शासन गर्ने संयन्त्रवाट सँधै बञ्चित रहेको तथा राजनीतिक रुपले बनाइएको कृतिम विकटता भन्ने अर्थ दिनेछ।

भौगोलिक विकटता – भौगोलिक क्षेत्रीय असमानता वा राजधानीवाट टाढा रहेको विकट क्षेत्र, उब्जाउको हिसावले पनि तराईको तुलनामा कमसल भुमि, यातायातको हिसावले ज्यादै अफठ्यारो तथा प्राकृतिक रुपमा नै असमान, एक प्रकारको प्रकृतिक विशेषता भएको क्षेत्र जुन यसलाई बदल्न वा सार्न नसकिने।

जाक्ना लिएर भग्र जाने – परम्परागत रुपमा भेडा बाख्रालाई भारी बोकाएर हाट जाने काम।

भोट माल– उत्तरको तिब्बत र दक्षिण भारतको सिमासम्मको क्षेत्र।

# अध्याय– एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभुमि

मानव सभ्यताको विकासक्रममा आदिम मानव समुदाय ढुङ्गे युगवाट अथवा आदिम साम्यवादी समाजवाट कृषि युगमा प्रवेश गरेसँगै दास युगको सुरूवात भयो, व्यक्तिगत सम्पत्ति सिर्जना गर्ने युगमा समेत प्रवेश गर्यो । व्यक्तिगत सम्पतिः सिर्जना गर्ने क्रममा विभिन्न समुदाय बीच संघर्ष हुन्थ्यो । एउटा समुदायले अर्को समुदायमाथि आक्रमण गर्ने, विजय प्राप्त गर्ने, आफ्नो भुगोल या क्षेत्र विस्तार गर्ने, हार्ने पक्षसँग भएका सम्पत्ति हडप्ने क्रमसंगै राज्यको उत्पत्ति या जन्म भएको हो । यस सँगसँगै समाजमा श्रम विभाजन र वर्गको पनि उत्पत्ति भयो । जित्ने वर्गले शासन गर्ने, हार्ने वर्ग शासित हुने क्रमसँगै आर्थिक रूपले पनि वर्गको सिर्जना भयो । राज्यको सृर्जनासँगै त्यसलाई सञ्चालन गर्ने विधिको पनि निर्माण भयो । सुरूमा राज्यको जन्म हुदा यसको स्वरूप एकात्मक नै थियो । युरोपबाट भएको पुँजीवादी क्रान्ति पछि एकात्मक राज्य सामुहिक आर्थिक प्रगति गर्न, बजार विस्तार गर्न एक आपसमा मिली राज्यको संरचना स्थापना गर्न थाले । यसैगरी राज्य र निजी सम्पतिको उत्पति सँगै विभिन्न युगमा विभिन्न शासन व्यवस्थाको विकास भयो यहि शासन व्यवस्था अन्तर्गत नागरिकमाथि शासन गर्ने क्रम आजसम्म आइपुग्यो । आजको पुँजीवादी विश्वमा राज्यनै प्रमुख हो र राज्यद्वारा निर्मित शासन व्यवस्था नै जनताको शासक भएको हुँदा यो समाज राष्ट्रको लागि अपरिहार्य भएको छ । करोडौं, अरबौ जनताको प्रतिनिधित्व गर्नका साथै जनतामाथि शासन गर्ने संस्था सरकार र त्यसको अमुर्तरूप शासन व्यवस्था भएको हुँदा यो जुन खालको भयो मुलुक त्यस्तै खालको र जनताले पनि त्यस्तै खालको व्यवहार, आचरण सेवा सुविधा र अधिकार प्राप्त गर्ने गर्दछन् ।

आज संसारभरि जतिपनि मुलुकहरू छन् तिनिहरूले विभिन्न प्रकारका शासन व्यवस्था अंगालेका छन् । कसैले एकात्मक शासन व्यवस्था कसैले संघात्मक शासन व्यवस्था, कसैले मिश्रित शासन व्यवस्था यसभित्र पनि संसदीय, अध्यक्षात्मक, राजतन्त्रात्मक, बेनोभोलेन्ट र समाजवादी साम्यवादी शासन प्रणाली अंगालेका छन् । यी देशहरूको व्यवस्था अनुसार सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक अवस्था फरकफरक छन् । जनताको जनजीविकाको सवालमा र मानव विकासको सवालमा फरकफरक नतिजा दिएका छन् । यो सबै त्यहाको शासन व्यवस्थामा भर पर्ने कुरा हो । जहा जुन देशको शासन व्यवस्थाले त्यहाँको मौलिक परिवेश र भौगोलिक विशेषतालाई आत्मसात गरेको छ त्यो खालका शासन व्यवस्थाले जनताको भावना, आवाजलाई समेट्नुका साथै राम्रो नतिजा पनि दिएका छन् र जसको मौलिक विशेषता समेटिएको छैन बाह्य हस्तक्षेपको सिकार बनेका छन् । ती देश द्वन्द्वरत अबस्थामा छन् । शासन विदेशी शक्तिले गरेका छन्, देशमा पुरै अशान्ति कायम छ । आज हामीले बुझ्नुपर्ने कुरा जुन देशको सामाजिक आर्थिक, साँस्कृतिक र राजनीतिक अवस्था सँगै देशको सभ्यता राम्रो या खराव हुन त्यो देशको शासन प्रणाली र त्यसले बनाएको नीति संरचना, कार्यान्वयन गर्ने कर्मचारीतन्त्र र शासक प्रशासकमा भर पर्दछ । एउटा सम्झिनुपर्ने कुरा के छ भने शासन व्यवस्था जस्तो हुन्छ त्यसले शासक पनि त्यस्तै जन्माउने गर्दछ । त्यहि भएर देशको राजनितिक अवस्था र सभ्यता असल हुन शासन व्यवस्था राम्रो देशको मौलिक परिवेश र विशेषतालाई समेटेको शासन प्रणाली हुनुर्दछ अनिमात्रै राम्रो शासन व्यवस्थाको रूपमा स्थापित हुन्छ । यी विभिन्न शासनप्रणाली मध्येको संघीय शासन प्रणाली पनि एक हो । संघीय राज्य स्थापना गर्दा केन्द्रीय संरचनामा भएको केही अधिकार संघीय राज्यमा

हस्तान्तरण गरि एक आपसमा सम्झौता गरि सँगै रहने सँगै शासन गर्ने स्वरूपलाई संघीयता भनिन्छ । यसमा केन्द्र र संघीय राज्यहरूबिच शासन सत्ताको साझेदारी गरिन्छ । संघ अर्थात (Federation भनेको ल्याटिन भाषाको Foedas भन्ने शब्दबाट विकसित भएर आएको हो । यसको अर्थ सन्धि (Treaty) वा सम्झौता (Convention) हुन्छ । यस अर्थमा हेर्दा संघीयता भनेको विभिन्न राज्यहरूविच भएको सम्झौता नै हो । यसमा एउटै भुगोलमा दुई वा दुईभन्दा बढि सरकारको अस्तित्व हुने गर्दछ त्यहा विभिन्न नाममा राज्य रहेका हुन्छन् । तिनीहरूले आफ्नो राजकीय शक्ति प्राप्त गरिरहेका हुन्छन् अर्थात एउटै भुगोलमा विभिन्न शासन अधिकार बाँडफाड गरिरहेको हुन्छ (पोखरेल, २०७२) ।

संघीय शासन व्यवस्था एकात्मक शासन व्यवस्थाको विपरीतको शासन व्यवस्था हो, त्यो संघीय शासन व्यवस्थालाई एकात्मक र महासंघात्मक वा परिसंघात्मक व्यवस्था मध्येको शासन व्यवस्थाको रूपमा लिने गरिन्छ । आधुनिक संघीय शासन प्रणाली आधुनिक युगको उपजका रूपमा रहेको छ । त्यसैले यसलाई नवीन अवधारणाको रूपमा लिने गरिन्छ । यद्यपि सामन्ती राज्यव्यवस्थामा समेत एउटै राज्यभित्र विभिन्न राज्यहरू र उपराज्यहरूको व्यवस्था थियो तर संघीय व्यवस्था सामन्ती राज्य व्यवस्था भन्दा फरक किसिमको हुन्छ (सिवाकोटी, पृ २०६, ३०४) । विश्वमा संघ राज्यहरूको अध्ययन गर्दा यसको इतिहास आजभन्दा ३२०० वर्ष गाडिको इजराइली कविलाहरू अरबी मुलका बेदन कविला, अमेरिकी आदिवासीहरू, त्रिपोलि र लेवनानमा प्रचलित संघहरू उलेख्य छन् । लगभग त्यही समयतिर भारतीय उपमहाद्वीपमा पनि जनपद राज्य गणराज्यहरूको संघको रूपमा १६ ओटा महाजनपदहरूको अस्तित्व थियो । २६०० वर्ष अगाडि बुद्धको समयमा त्यसको प्रमाणित आधारहरू पनि फेला परेका छन् (श्रेष्ठ, राजेन्द्र २०६६ पुस) । सन् १२९१ मा स्विट्जरल्याण्डमा तिनओटा जर्मन भाषि क्यान्टनहरूलाई एकीकृत गरि स्विट्जरल्याण्डमा ल्याई संघीय स्वरूपको जन्म भएको थियो । तर आधुनिक संघीयताको सुरूवात भने सन् १७८९ मा १३ वटा देश मिली संयुक्त राज्य अमेरिका निर्माण गरेपछि सुरू भएको हो, अहिले अमेरिकामा ५० वटा राज्यहरू छन् । संघीय राज्य भनेको केन्द्रीय र प्रादेशिक राज्यहरू विच शक्तिको साझेदारी हो । संघिय राज्यमा केन्द्रीय सरकार साझा शासनका आधारमा सञ्चालन भइराखेको हुन्छ, राज्यको शक्ति केन्द्र र प्रदेशमा बाडफाड गरिएको हुन्छ । आधुनिक संघीयताको सुरूवात पनि एक आपसमा आवद्ध भएको (Coming Together) र एकसाथ रहिरहने (Holding Together) संघीयताका आधारमा विकास मानिन्छ ।

हाल विश्वभरि नेपाल लगाएत ३० वटा मुकहरूले संघीय शासन व्यवस्था अपनाएका छन् । साथै संघीयता कार्यान्वयनको हिसाबले अफ्ट्यारो व्यवस्था पनि हो । संघीयता विश्वभरि थुप्रै देशले अपनाएका थिए तर पछि असफल भए, कतिपय विघटन भए र कतिपय पुन संघीयतामा गए । नेपालमा लामो समयसम्म एकात्मक शासन व्यवस्था कायम थियो । लगभग २५० वर्षजति नेपालमा एकात्मक राजतन्त्रले शासन गर्यो । यसै विचमा १०३ वर्षसम्म जहानिया राणा शासनको उदय भइ राण परिवारले शासन गर्यो । राणाको निरंकुशता विरूद्ध आवाज उठाउने ४ जना सहिदलाई फासीपछि आक्रोशित जनता र दोस्रो विश्वयुद्धपछि अंग्रेजले भारत छोड्दै गर्दा वि.स. २००७ सालको प्रजातान्त्रिक आन्दोलन पछि राणा शासनको अन्त्य भयो र प्रजातन्त्रको उदय भयो । वि.स.२००७ सालको अन्तरिम संविधान र वि.स. २०१४ सालको नेपाल अधिराज्यको संविधान पश्चात पहिलो निर्वाचन बाट बनेको वि.पि.कोइरालाको प्रजातान्त्रिक सरकार तत्कालीन राजा महेन्द्रद्धारा अपदस्त गरि राणा शासनको बेला नजरबन्द रहेको राजतन्त्रको फेरि उदय भयो र यसै मार्फत नेपालमा पञ्चायती शासन व्यवस्थाले शासन गर्यो ।

वि.स २०४६/६७ सालको जनआन्दोलनबाट बहुदल स्थापना भयो तर शासन व्यवस्था भने एकात्मक नै रह्यो । यसै पश्चात् २०५२ फागुन १ गते तत्कालीन नेकपा (माओवादी) द्धारा २०४६/४७ सालको परिवर्तनले कुनै उपलब्धि हासिल गर्न सकेन र त्यहि निरंकुश पञ्चायती व्यवस्थालाई नै प्रोत्साहन गर्ने संविधान बन्यो भनेर सरकार समक्ष बुझाएको ४० बुँदे माग असफल भए पश्चात् दिर्घकालीन जनयुद्ध सुरू भयो । २०५८ जेठ १७ गते नारायणहिटी दरबारमा राजा बिरेन्द्रको बंशनास हुनेगरी दरबार हत्याकाण्ड भयो । त्यसपछि खालि रहेको राजगद्दीमा भाइ ज्ञानेन्द्र शाह बसे लगत्तै एक वर्षपछि उनले सत्ता कु गरे । त्यसपछि आक्रोशित जनता, सात राजनीतिक दल र तत्कालीन विद्रोही माओवादीको संयुक्त संघर्षमा २०६२/०६३ को १९ दिने जनआन्दोलनको जगमा पुर्नस्थापित भएको प्रतिनिधिसभाले सदाका लागि राजतन्त्रलाई बिदा गर्दै नेपालमा लोकतन्त्रको स्थापना गर्यो ।

लोकतान्त्रिक व्यवस्था स्थापनाको लागि तत्कालीन विद्रोही माओवादी र सात राजनीतिक दलको २०६२ मंसिर ७ गते दिल्लीमा १२ बुँदे सम्झौता त्यसपछिका सरकारसँग पटक–पटक गरिएका विभिन्न सन्धि सम्झौता महत्वपुर्ण छन् । नेपालमा लोकतन्त्र र ०६२ को अन्तरिम संविधान निर्माण गर्न सात राजनीतिक दल र तत्कालिन नेकपा (माओवादी) बीच २०६२ मंसिर ७ गते सम्पन्न १२ बुदे सम्झौता, त्यसपछिका ८ बुँदे सहमति, नेपाल सरकार नेकपा (माओवादी) बीच सम्पन्न २५ बुँदे आचारसंहिता २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र नेकपा (माओवादी) का शिर्ष बैठकका निर्णयहरू लगायत सबै सम्झौता सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेसित समान धारणा र २०६३ साल मंसिर ५ गते नेकपा (माओवादी) र नेपाल सरकारका विचमा विस्तृत शान्ति सम्झौता भएको थियो । २०६३ सालको मंसिर २९ गते अन्तरिम संविधानमा हस्ताक्षर भएको थियो (डाँगि, मिति नखुलेको, पृ.३०) । २०६४ सालको संविधानसभाको निर्वाचन पश्चात् २००६५ जेठ ११ गते नेपालमा गणतन्त्रको झण्डा फहराएको थियो । गणतन्त्र स्थापना पछि दोस्रो संविधानसभाको निर्वाचन, २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान पछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्यो । संघीयतामा प्रवेश गरे लगत्तै विश्वमा संघीयता अपनाउने देशको संङ्ख्या ३० पुग्यो । नेपाल बहुभाषिक, बहुजातीय र बहुसाँस्कृतिक सहित भौगोलिक विविधतायुक्त मलुक हो । यहाँको विशेषता नै यही हो र शासन व्यवस्थाको हिसाबमा अनुकुल व्यवस्था एकात्मक एकल जातिय, भाषिक नभएर विविधतायुक्त शासन व्यवस्थाको आवश्यकता हो । यसको आधारमा नेपालमा संघीयता लागु गरिएको हो । विभिन्न पहिचानको आधारमा संघीयताको माग गरिएता पनि हाल नेपालमा भौगोलिक हिसावले ७ वटा प्रदेश, १ संघ र ७५३ वटा स्थानिय सरकार गरी तीन तहको सरकार गठन भएको छ । अन्ततः विश्वमा स्थापित संघियताका पनि धेरै मोडलहरू छन् । तिनिहरु मुलुक विशेष प्रयोग भएका छन् । नेपालमा पनि यि मोडेल मध्ये एक हो ।

### १.२. समस्याको कथन

नेपालमा लामो समयसम्म शासन गरेको एकात्मक शासन व्यवस्थाबाट समाज विकास र जनताका दिर्घकालिन सपना पुरा नहुने देखेर लामो संघर्ष पछि यसको विकल्पमा स्थापना भएको संघिय शासन व्यवस्था स्थापनाको ८ वर्षमा दुई–दुई पटक संघीयताको स्वरूप तीन तहको निर्वाचन भई कार्यसञ्चालनमा आई सक्दा पनि जनताले अपेक्षा गरेजस्तो परिवर्तन नदेखिनु र उस्तै संघीयता एकदम खर्चिलो हुनुका साथै यसको औचित्य माथि नै प्रश्न चिन्ह खडा गरिनु दुःखद हो । संघीय शासनको मुख्य आवश्यकता समान विकास, समान अधिकार स्थापना गर्नु हो । केन्द्रीकृत शासन व्यवस्थाद्धारा देखापरेको असमान विकास अवधारणालाई विभिन्न अधिकारहरू बाँडफाँड गरि समान विकासको अवस्थामा, समान राजनीतिक सहभागितामा ल्याउनु हो । यी कुराको कमि रहयो भने संघीयताको

औचित्यमाथि प्रश्न उठ्छ । आज मुलुक संघीयता कार्यान्वयनको बाटोमा छ । यसबाट हिजोको व्यवस्था भन्दा आज अधिकारका हिसावले र राजनीतिक पहुँचका हिसाबले राम्रो छ । भौतिक विकासमामा परिवर्तन हुदैछ । तर, नितिगत हिसाबले प्रशासनिक क्षेत्रबाट भने हिजोको एकात्मक व्यवस्थामा जनताले जुन खालको दुःख, पीडा भोगिरहेका थिए त्यहि आज पनि कायम छ । शासन व्यवस्था र जननिर्वाचित सरकारबाट भन्दा बढि प्रशासनिक क्षेत्रबाट समस्या भइरहेको छ । यहि विषय नै शोधपत्रको समस्याको रूपमा रहेको छ ।

क. संघीयता स्थापना र कार्यान्वयन पछि के कस्तो प्रभाव पर्यो ?

ख. संघीयता कार्यान्वयन हुँदा नीतिगत भ्रष्टाचार र खर्चिलो किन भयो ? यसको औचित्य माथिप्रश्न किन उठ्यो ?

ग. नेपालमा संघीयताको ढाँचामा परिवर्तन र भौगोलिक पहिचान अनुसारको संघीयता कायम गर्नुपर्ने ।

**३ अध्ययनको उद्देश्य**

शोधपत्रको उद्देश्य मुलुकमा संघीयता कार्यान्वयन पश्चात् गाउँगाउँमा सिंहदरबार र घरघरमा सेवा सुविधाको अवस्था कायम हुँदा पनि एकातिर जनतामा संघीयताको औचित्यमाथि प्रश्न खडा हुनु र अर्कोतिर भ्रष्टाचार र खर्चिलो बढी देखिदा यसको मुख्य अबरोध तत्व के रहेछ ? समाधान कसरी गर्न सकिन्छ भन्ने सवाल जवाफ खोज्नु हो । यसका निम्न उद्देश्यहरु रहेकाछन् ।

क. नेपालमा संघीय शासन र यसका प्रभावहरूको पहिचान गर्ने ।

ख. संघीय शासन प्रणालीका चुनौति तथा अवसरहरुको विश्लेषण गर्ने ।

ग. नेपाल विद्यमान राजनीतिक अभ्यासको प्रभावहरुको मुल्यांकन गर्नु ।

**१.४ अध्ययनको महत्व**

नेपाल हरेक हिसाबले बहुरूपी र विविधता युक्त मुलुक हो । यसको आवश्यकता यिनै बहुपहिचान युक्त विविधतालाई आत्मसात गर्ने शासन व्यवस्थाको खाँचो छ, संघियता यसैको आवश्यकता हो । यदि नेपालमा समाजवादी व्यवस्था स्थापना गर्नु छ भने पहिला समानताको आवश्यकता छ त्यो समानता संघीयताले मात्र पुरा गर्दछ त्यहि भएर नेपालमा यसको महत्व धेरै छ । आज संघीयतामा थुप्रै चुनौति देखापरेका छन जनताले यसको औचित्यमाथि प्रश्न उठाउदैछन यसको मुख्य समस्या के रहेछ र दिर्घकालिन बाटो के होला भन्ने बिषयमा अध्ययन गर्नु नै यस शोधपत्रको महत्व रहेको छ ।

**१.५. सैद्धान्तिक रूपरेखा**

संघीय शासन प्रणालीमा स्वतन्त्र राज्यहरू सामान्य उद्येश्य पुरा गर्नका लागि सम्झौता वा केन्द्रीय संविधानद्वारा संघीय सरकारका रूपमा संगठित हुन्छन् । यस प्रयोजनका लागि इकाई राज्यहरूले आफ्ना केहि अधिकारहरू केन्द्रीय सरकारलाई दिने र बाँकि अधिकारहरू आफुमा राख्दछन् र पृथक पहिचान  समेत कायम राख्दछन् भन्ने सिद्धान्त नै संघीयताको सिद्धान्त हो । यस सिद्धान्तमा संघ राज्यमा एक संघीय राज्य र इकाईहरूको सरकार हुन्छ । संघीय प्रणालीको निर्माण एक लिखित सम्झौता वा संबिधानका आधारमा हुन्छ ।

आचार्य.( मिति नखुलेको पृ. १७३ ) का अनुसार संघीय राज्यको नयाँ संरचना पुस्तक अन्तर्गत संघीय राज्यव्यवस्था लेखमा उन्नत राज्य निर्माणका लागि संघीय शासन व्यवस्था उपयोगी हुन्छ वा हुदैन भन्ने कुरा संघीय राज्य निर्माणका नियम र आवश्यक पुर्वाधारहरूबाट पनि निक्यौल गर्न सकिन्छ । यसरी हेर्दा संघीय राज्य निर्माणका कम्तीमा दुईवटा महत्वपुर्ण सिद्धान्तहरू हुन्छन् । पहिलो नियम वा सिद्धान्तमा संघ भित्रका राज्यहरूको स्वतन्त्रता र ती राज्यहरूको समान अस्तित्व कायम हुनु हो, जसलाई प्रिन्सिपल अफ इन्डिपेनडेन्स अर्थात् कोओरडिनेसनको सिद्धान्त भनिन्छ । अर्थात् यो सिद्धान्त अनुसार सघं वा भु–भागभित्रका सबै राज्यहरू एक आपसमा पुर्ण स्वतन्त्र र समन्वयी हुनुपर्दछ । केन्द्रीय सरकार राज्य सरकारको वा राज्य सरकार केन्द्रीय सरकारको अधीनस्थ (सवओर्डिनेट) रहनु संघीय राज्य प्रणालीको विरुद्ध हुन्छ । दोस्रो सिद्धान्त शक्तिको विभाजनसँग सम्बन्धित छ । जसअनुसार राज्यका दुई प्रमुख शक्तिहरू अभिव्यक्त अधिकार र अवशिष्ट अधिकारमध्ये क्षेत्रीय/राज्य सरकारलाई अभिव्यक्त अधिकार (इनुमेरिटेट पावर) र केन्द्रीय सरकारलाई अवशिष्ट अधिकार ( रेजिट्रयुरी पावर ) प्रदान गरिन्छ । अहिलेसम्मको अभ्यासलाई हेर्दा संघीय शासनका यी दुई कठोर नियमहरूको पुर्ण पालना कुनै पनि राज्यमा भएको देखिदैन । अमेरिका, क्यानडा, स्वीट्जरल्यान्ड र अस्ट्रेलियालाई संघीय शासन पद्धतिका मोडेल माने पनि ती देशहरूमा समेत संघीय शासनका आधारभुत नियमहरूको पुर्ण पालना भएको देखिदैन । अमेरिकाकै उदाहरण लिंदा सिनेटको गठन राज्यका विधायकहरूद्वारा गरिन्छ, जुन संघीय शासनको पहिलो नियमको उल्लङ्घन हो । त्यसैगरी केन्द्रीय सरकारलाई अभिव्यक्त अधिकार र राज्य सरकारलाई अवशिष्ट अधिकार प्रदान गरिएको छ । यसो गर्नु दोस्रो सिद्धान्तको प्रतिकुल हुन जान्छ । पछिल्ला अभ्यासहरूलाई हेर्दा अमेरिका मात्र होइन, संसारका प्रायजसो सबै संघीय राज्यहरूले संघीय चरित्रको परित्याग गर्दै एकीकृत र बलियो सार्वभौमसत्ता निर्माण गर्न उद्दत देखिन्छन् । संघीय राज्यमा हुने सार्वभौम शक्तिको विभाजन (केन्द्र र प्रान्त) को खतराबाट बच्न यसो गरेको पाइन्छ । स्मरण रहोस्, संघीय राज्यमा संविधानतः सार्वभौमशक्ति केन्द्र र राज्य सरकारमा विभाजित हुन्छ ।

यो शोधपत्रमा नेपालमा संघीय शासन प्रणाली र कालिकोट जिल्लामा यसको प्रयोग कसरी भएको छ ? लामो समय देखि नेपालको एकात्मक शासन व्यवस्थाबाट राजनीतिक आर्थिक र सामाजिक पहुचको हिसाबले टाढा रहेको र हरेक हिसाबले पछाडि परेको कर्णाली प्रदेशमा संघीय व्यवस्थाको एकदमै खाचो छ र अझै स्वायत्त प्रदेशको आवश्यकता थियो त्यो हुन सकेन तर पनि प्राप्त व्यवस्थाको प्रयोग कसरी भयो र यसबाट परिवर्तन के कति भयो भन्ने कुरा सिमित क्षेत्र र शिर्षकमा केन्द्रित रहेर अध्ययन गरिनु यो शोधपत्रको सैद्धान्तिक रूपरेखा हो ।

### १.६. अध्ययनको संरचना

अध्याय एक : मा परिचय रहनेछ यस अन्तर्गत अध्ययनको विषयको अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, सैद्धान्तिक आधारमा/अबधारणागत रूपरेखा, अध्ययनको संरचना रहनेछ ।

अध्याय –दुई मा : साहित्यको समिक्षा रहनेछ । यसभित्र सैद्वान्तिक समीक्षा, प्रासंगिक समिक्षा, अध्यानको अन्तराल ।

अध्याय तीन मा : अनुसन्धान पद्धति रहनेछ । यस अन्तर्गत अध्ययनको किसिम, अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र छनौट र औचित्य, तथ्यांङकको प्रकृति तथा स्रोत, तथ्यांङक संकलन बिधि, तथ्यांङकको प्रस्तुति तथा विश्लेषण अध्ययनको सिमा र आचरणगत सवाल ।

अध्याय चार : नेपालमा संघीय शासन र यसका प्रभावहरू

अध्याय पाच : संघीय शासन प्रणालीका चुनौति तथा अवसरहरु

अध्याय छ : नेपाल विद्यमान राजनितिक अभ्यासको प्रभाव

अध्याय सात : सारांश तथानिश्कर्ष रहनेछ भने शोधपत्रको अन्त्यमा सन्दर्भ सामाग्री रहनेछ ।

# अध्याय –दुई

# पुर्व साहित्यको समिक्षा

## २.१. सैद्वान्तिक समिक्षा

संघीय राज्य सम्बन्धि वहस कुनै एउटा देशको भुगोल भित्रमात्र सिमित बहस होइन । यो बहसले विश्वका सम्पूर्ण महादेशलाई छोएको छ । यो विश्वस्तरमा नै भएको बहस हो । कहिले सम्पुर्ण युरोप एउटै हुनुपर्दछ भनेर संयुक्त राज्य युरोपको नारा दिएका छन् भने कहिले सम्पुर्ण अफ्रिका एउटै हुनुपर्छ भनेर अफ्रिकासंघको नारा लगाएका छन् । त्यसैले संघिय राज्यको कुरा गर्दा त्यसभित्र दर्शन, सिद्धान्त, राजनीती अर्थशास्त्र सबै कुरा हाम्रा सामु उपस्थित हुन आउछन् । समाज विकासको पूँजीवादी विकासमा आधुनिक संघीय राज्यको सिद्धान्त विकास भएको भएतानि अहिले यसको प्रयोग कुनै एउटा चरणसंग मात्रै सम्बन्धित छैन । सामन्ती, अर्धसामन्ती, पूँजिवादी र समाजवादी खाले राज्यहरूमा संघीय राज्यको सिद्धान्त प्रयोग भएको छ । पूँजिवादी राज्यहरूमा संघीय राज्य पुँजिवादी बिचार, दर्शन अनुसारमा नै अगाडि बढेको छ भने समाजवादी देशहरूमा तदअनुरूप नै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमामा सञ्चालित भएका छन् । त्यसैले संघीय राज्यको वर्ग पक्षधरता त्यसको सामाजिक आर्थिक आधार अनुरूप हुने गर्दछ ।

विश्वमा संघ राज्यहरूको अध्ययन गर्दा यसको इतिहास आजभन्दा ३२०० वर्ष गाडिको इजराइली कविलाहरु, अरबी मूलका बेदन वाविला, अमेरिकी आदिवासीहरू, त्रिपोलि र लेवनानमा प्रचलित संघहरू उलेख्य छन् । लगभग त्यही समयतिर भारतीय उपमहाद्वीपमा पनि जनपद राज्य गणराज्यहरूको संघको रूपमा १६ ओटा महाजनपदहरूको अस्तित्व थियो । २६०० वर्ष अगाडि बुद्धको समयमा त्यसको प्रमाणित वाधारहरू पनि फेला परेका छन् । तर आधुनिक संघ राज्यको अवधारणा भने पश्चिमा विश्वमा संघिय राज्यका पिता मानिने जर्मन राजनीतिक सिद्धान्तकार जोहान्स आल्यूनियसले सन् १६०३ मा आफ्नो राजनीतिक प्रणाली सम्बन्धि पुस्तकमा स्विट्जरल्यान्डको शास्त्रीय संघीयताबाट प्रभावित भइ उनले संघीय राज्यमा सार्वभौमसत्ता आफ्नो समुदाय मार्फत जनतामा निहित हुने सिद्धान्तको विकामा जोड दिई हरेक राज्यले संघीय व्यवस्थामा स्वायत्त रूपमा कायम गर्न पाउनुपर्ने कुराको वकालत गरेका थिए । त्यसैगरी संघीयताको बारेमा जोहान्स आल्युनियस लगायत लुडोल्फ ह्युगो १६६१ मा अर्का सिद्धान्तकार मन्टेस्क्यु, डेविड ह्यूम, जेम्स मेडिसन जस्ता विद्वानहरूले संघियताको औचित्यबारे व्याख्या गरेका थिए भने आधुनिक संघीयताको स्थापना पश्चात् पनि विभिन्न विद्वानहरूले थप समुद्ध गरेका छन् ।

श्रेष्ठ (२०६६) ले विश्वका संघीय राज्यहरू, संविधानसभा र नेपालको बाटो पुस्तकमा १९ औ शताब्दीमा कार्ल माक्र्सले इल्याण्ड र आयरल्याण्डका मजदुरहरु बीचको जातीय एवं धार्मिक संघर्ष पछि इङ्ल्याण्ड र आयरल्यान्ड विच जातीय संघर्ष रहुन्जेल इङ्ल्याण्डका मजदुरले कहिल्यै सर्वहारा वर्गको मुक्तिको कार्यभार पुरागर्न नसक्ने निश्कर्षका साथ सन् १८६७ मा इङ्ल्याण्डबाट आयरल्याण्डलाई स्वायत्तता प्रदान गर्नुपर्ने र त्यसपश्चात इङ्ल्याण्ड र आयरल्यान्डका बिच संघ राज्य निर्माण गर्नुपर्ने कुरा अगाडि सारेको कुरा उल्लेख गरिएको छ । साथै उनले २० औं शताब्दी सन् १९१७ को अक्टोबर क्रान्तिपछि लेनिनको संघीयता सम्बन्धि धारणा र सोभियत रुसमा संघीयताको प्रयोग भएको थियो भन्ने कुरा प्रष्ट पारेका छन् । उनले माक्र्स

जस्तै लेनीन पनि सुरूमा संघीयताको विरोधी थिए । उनले जनवादी केन्द्रियता र संघीयता एक–आपसमा मेल नखाने कुरा अगाडि सारे, तर सन् १९१२ मा आएर उनले आफ्नो इतिहासमा नयाँ अध्याय (Chapter) शिर्षकको लेखमा अस्ट्रो–होरी र टुर्किस साम्राज्य अन्तर्गतका बल्कन राज्यहरूको लागि साम्राज्यवादबाट बच्न मुक्तिपश्चात वल्कन गणतन्त्र सङ्घ गठन गर्नुपर्ने कुरा अगाडि सारेका थिए । उनले रुसको सन्दर्भमा भने सबैभन्दा पहिला सन् १९१७ जुनमा भएको प्रथम अखिल रुस सोभियत काङ्ग्रेसमा मेन्सेभिकहरूका विरुद्ध बोल्ने क्रममा वकालत गरे र राज्य तथा क्रान्ति नामक पुस्तकमा ठोस रूपमा सङ्घीयताको प्रस्ताव अगाडि सारे । अक्टोबर क्रान्तिपश्चात् राज्यको तर्फबाट सबैभन्दा पहिला सन् १९१७ डिसेम्बरमा जारी भएको भूमि कानुनमा सङ्घ राज्यका बारे उल्लेख भयो भने सन् १९१८ जुलाईमा रुसी समाजवादी सोभियत गणतन्त्र सङ्घको संविधान जारी गरेपश्चात् यसलाई संस्थागत रूपमा नै रुसले ग्रहण गर्न पुग्यो । सन् १९१९ मा सम्पन्न पार्टीको आठौं महाधिवेशनले पनि रुसमा सङ्घीयतालाई अङ्गीकार गर्ने निर्णय गयो । (Gililov, 1983, pp. 82–83) यसरी लेनिनले पनि रुसको बहुजातीय यथार्थलाई स्वीकार गरे । उनले पछि संघ र गणराज्य दुवै तहमा आ–आफ्नो क्षेत्राधिकार भित्र रही जनवादी केन्द्रीयताको सिद्धान्त लागू हुने कुरा बताए । अक्टोवर क्रान्तिको ५ वर्षपश्चात् रुसी समाजवादी सोभियत गणतन्त्र संघ तथा क्रान्तिका बेला आत्मनिर्णयको अधिकार पाएका उक्रेनिया, बेलोरसिया र ट्रान्सककेसिया चारवटा देश एकआपसमा आबद्ध भई जनताको नयाँ संघ राज्यका रूपमा सोभियत संघको निर्माण भयो । यसरी लेनिनले पनि बहुजातीय देशहरूमा एकआपसमा सद्भावका लागि संघ राज्यको निर्माण हुनुपर्ने कुरामा जोड दिए भन्ने कुरा उल्लेख गरेका छन ।

संघीयता सम्बन्धी धारणामा उल्लेख गर्दा आधुनिक संघीयताको विकास सन् १७८९ मा १३ वटा छुट्टाछुट्टै राज्यहरू मिलीएर संयुक्त राज्य अमेरिकाको निर्माण भएको हो । त्यसपछि ५० वटा राज्यहरू मिलाएर एउटै देश बन्यो । त्यसपछि सन् १८२४ मा मेक्सिकोमा, सन १८४८ मा, स्विट्जरल्याण्डमा सन् १८५३ मा अर्जेन्टिना सन् १८६४, भेनेजुएला सन् १८६७, क्यानडा सन् १८७१, जर्मनी सन् १८९१ मा ब्राजिल सन् १९१७ मा सोभियत रूस सन् १९१७ मा भारत हुँदै सन २०१५ मा नेपालमा पनि लागु भयो हाल विश्व भरि ३० वटा देशमा संघियता कायम छ । कतिपय देशमा संघियता विघट भई फेरि एकात्मक राज्यमा परिणत भए भने कतिपय राज्यमा पुनर्गठन भयो ।

## २.२. सान्दर्भिक समिक्षा

आज संघीय शासन अपनाउने सवालमा विभिन्न देशको मौलिक विशेषता अनुसारको संघीयता अपनाएको देखिन्छ । संघीयता पनि विभिन्न ढाँचा अनुसारको हुने गर्दछ । हरेक देशले आफ्नो देशको विशिष्ट परिस्थिति अनुसार विभिन्न प्रकारका संघीयताका स्वरूपहरू अपनाउदै नामाकरण पनि आ–आफ्नै मौलिक तरिकाले गरेका छन् । सामान्यतया अहिले संसारमा प्रचलित संघीयतालाई विभिन्न भागमा विभाजन गरि व्याख्या गरिएको छ । विशिष्ट परिस्थिति अनुसार विकसित भएका वा जन्मिएका संघीयताका यी मोडेलहरू निम्न रहेका छन् ।

उत्पत्ति र विकासको आधारमा विकास भएको संघीयतालाई सन्धिमा आधारित संघीयता पनि भनिन्छ जसलाई तल दिईएको छ ।

क).सन्धिमा आधारित संघीयता (Treaty based federalism)

१) एक आपसमा आबद्ध संघीयता (Coming together Federalism)

२.एक साथ रहिरहने संघीयता (Holding together Federalism)

ख) शक्ति विभाजनको आधारमा संघीयता (Federalism based on dividion of powers)

१.सहकारि संघीयता (Cooperte federalism)

२.भु–खण्डिए संघीयता / निगम संघीयता(sub-sectional or corporate federalism)

३. सम संघीयता(Equal federalism)

४.असम संघीयता(Assam federalism)

५. अर्ध–संघीयता(Quasi-Federalism)

६.सह–संघीयता Co-Federalism /Federacy)

७.त्रि–संघीयता (Tri-Federalism)

८.वित्तिय संघीयता (Financial Federalism)

ग) पहिचानमा आधारित सघीयता (Federalism based on Identity)

१.जातिय संघीयता (Ethnicity Federalism)

२.गैर–भौगोलिक संघीयता (Non-Geographical Federalism)

३. क्षेत्रिय तथा भौगोलिक संघीयता (Territorial and Geographical Federalism)

४.भाषिक संघीयता (Languaistic Federalism)

५. साँस्कृतिक सभ्यतायुक्त संघीयता (Cultural civilizatud Federalism)

**संघीयताका मोडेलहरु**

आज संघीय शासन अपनाउने सवालमा विभिन्न देशले आाफ्नो मौलिक विशेषता अनुसारको संघीयता अपनाएको देखिन्छ। संघीयता पनि विभिन्न ढाँचा अनुसारको हुने गर्दछ। हरेक देशले आाफ्नो देशको विशिष्ट परिस्थिति अनुसार विभिन्न प्रकारका संघीयताका मोडेल तथा स्वरूपहरू अपनाउदै नामाकरण पनि आ–आफ्नै मौलिक तरिकाले गरेका छन्। यहि विशेषता अनुसार नै संघीयताको ढाँचामा फरकपन देखिनुका साथै विभिन्न मोडेलहरूको विकास भएको हो । आज यहि मोडलहरू संसारभरि अपरिहार्य भएका छन् । सामान्यतया अहिले संसारमा प्रचलित संघियतालाई विभिन्न भागमा विभाजन गरि व्याख्या गरिएको छ । विशिष्ट परिस्थिति अनुसार विकसित भएका वा जन्मिएका संघीयताका यी मोडेलहरू निम्न रहेका छन्। विशिष्ट परिस्थिति अनुसार विभिन्न मुलुकहरूमा विकास भएका वा जन्मिएका संघीयताका मोडेलहरुबारे विभिन्न विद्वानहरुले गरेको चर्चालाई निम्नानुसार गरिएको छ।

## क. सन्धिमा आधारित संघीयता (Treaty based federalism)

पोखरेल (२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान ( विकाश क्रम र विशेषता ) र श्रेष्ठ (२०६६) ले विश्वका संघीय राज्यहरु पुतकमा उल्लेख गरे अनुसार सन्धिमा आधारित संघीयताको मोडेल आधुनिक संघीयताको सुरूवाति चरणमा विकास भएको हो। यो सबैभन्दा पहिले विकास भएको हुनाले यसलाई उत्पति र विकासको आधारमा विकसित भएको संघीयता भनेर बुझिन्छ । यसमा दुईवटा मोडेलहरू छन एउटा एक आपसमा आबद्ध (Coming

together) र अर्को एक साथ रहिरहने (Holding together) रहेका छन् । जहाँ एउटा फरक अस्तित्वमा रहेका राज्यहरूको बिचमा सन्धि गरेर एउटै मुलक बनि संघीयतामा गएका हुन्छन् भने अर्को एउटै मुलुक भित्र विभिन्न राज्य/प्रान्तहरूमा विभाजन गरि अधिकार बाँडफाड गरि संघीयतामा गएका हुन्छन् ।

**१.एक आपसमा आबद्ध (Coming together)**

विभिन्न फरक अस्तित्वमा रहेका वा अलगअलग रहेका स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरू एक-आपसमा मिलेर एउटै राष्ट्र बनी शासन सञ्चालन गर्ने उद्येश्यका साथ सन्धि गरेर संघीय संरचनामा जाने संघीयतालाई एक आपसमा आवद्ध संघीयता वा Coming together भनिन्छ । यो संघीयता विभिन्न फरक अस्तित्वका राज्यहरू विचको आपसी सम्झौताका आधारमा स्थापित भएको संघीयता हो । यस्तो खालको संघीय संरचना भएका राज्यहरूले आ–आफ्ना अधिकारहरू उल्लेख गरि सन्धि गरेका हुन्छन् । त्यस्तो कुनै पक्षबाट पालना नभएमा अलग रहने अधिकार सुरक्षित
हुन्छ । यस्तो खालको संघीयता Coming together एक आपसमा आवद्ध संघीयता हो ।

यो खालको संघीयता कुनै ठुलो साम्राज्यवाट स्वतन्त्र भएका मुलुकहरू मिलि एउटा बलियो राष्ट्र निर्माण गर्ने खालको परम्पराबाट विकास भएको हो । खासगरी स–साना राज्यमा विभाजित हुदा कमजोर हुने र एक अर्को राज्यलाई झुक्याएर साम्राज्यवादीहरूले आफ्नोमा गाभ्ने र साम्राज्य विस्तार गर्ने हुदा यसको निर्माण भएको देखिन्छ । स्वतन्त्र हुनुभन्दा अगाडि अमेरिकामा विशाल समुन्द्र पार गरेर आउने शक्तिले नै राज गर्ने गरेको हुदा भौगोलिक सुगमता भएका राष्ट्रहरू यसरी मिलेको पाइन्छ । जस्तै ब्रिटिस साम्राज्यवादबाट मुक्त भएका १२ वटा अमेरिकी राष्ट्रहरू मिलि सन् १७८९ मा बलियो संयुक्त राज्य अमेरिका निर्माण गरेका थिए । अमेरिकाको संघीयता सन्धिमा आधारित संघीयता हो । उक्त १३ वटा स्वतन्त्र राष्ट्रहरूका प्रतिनिधि फिलाडेल्फियामा जम्मा भइ सन्धि मार्फत संघीयतामा प्रतिबद्ध भएका हुन । पछि अन्य वरिपरिका स–साना ५० वटा  राष्ट्रहरू पनि यसैमा सामेल भई सिंगो संयुक्त राज्य अमेरिकामा निर्माण हुन पुग्यो ।

त्यसैगरी सन् १९१७ को अक्टोबर क्रान्ति पछाडि बनेको सोभियत संघ पनि यसै मोडेलको संघीय राष्ट्र बन्यो । त्यहा पनि सन् १९४० सम्म सोभियत संघमा सामेल हुन आउने स्वतन्त्र राष्ट्रहरूको सङ्ख्या १५ पुगिसकेको थियो । सन १९९१ मा सोभियत संघको विघटन भइसकेपछि पनि रसियामा संघीयता कायमै रह्यो रसिया अहिले पनि यहि यसै मान्यतामा चलेको छ । क्षेत्रफलको आधारमा रसिया अहिले पनि संसारकै ठुलो देश हो । यता युरोपमा भने नयाँ खालको सन्धिमा आधारित युरोपियन युनियनको जन्म भएको छ । हाल यो खालको संघीयता अपनाउने देशहरूमा अमेरिका, स्विट्जरल्याण्ड, अस्ट्रेलिया, संयुक्त अरब इमिरेट्स हुन् ।

**२. एक साथ रहिरहने संघीयता (Holding together)**

एउटै मुलुकभित्र वा केन्द्रीकृत राज्यभित्र जाती, भाषिक तथा क्षेत्रीय उत्पिडनका कारणले उत्पन्न द्वन्द्व समाधान गर्नको लागि विभिन्न समुदायलाई सामुहिक अधिकार अनुसार संघ, प्रदेश र स्थानीय तह गरि विभिन्न तहका सरकारहरूको संरचना तयार पारि सहमतिको आधारमा शासन सञ्चालन गर्न स्थापित भएको संघीयतालाई एकसाथ रहिरहने संघीयता (Holding together) भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा एउटै मुलुकभित्र कानुनि रूपमा दुई वा दुई भन्दा बढि तहको सरकार गठन गरि शासन सञ्चालन गरिने संघीय व्यवस्थालाई एक साथ रहिरहने संघीयता

(Holding together) भनिन्छ । यसमा विभिन्न जाति, भाषा, क्षेत्र फरकफरक भएका कारणले एउटा समुदायले अर्को समुदायलाई गर्ने उत्पिडनका कारण भइरहेको विद्रोहलाई सम्बोधन गर्नका निम्ति एकात्मक राज्यलाई जतिय, भाषिक र क्षेत्रीय स्वायत्तताका आधारमा संघीय राज्य बनाउने चलन आएको हो । यसलाई पनि सन्धिमा आधारित संघीयता भन्न सकिन्छ । यो संघीय मोडेल प्रयोग गर्ने मुलुकहरूमा ब्राजिल, बेल्जियम, भारत, क्यानडा, स्पेन, बोस्निया हर्जगोबिना, इथियोपिया लगायतका मुलुकहरूमा यहि संघीय मोडेल प्रयोग भइरहेको छ भने नेपाल पनि यहि मोडेलमा आधारित छ ।

**ख. शक्ति विभाजनमा आधारित संघीयता**

**१. सहकारी संघीयता (Cooperative Federalism)**

पोखरेल.(२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता) मा उल्लेख गरे अनुसार एउटा देशभित्र संघीय प्रदेशमा बाडिएका राज्यहरू बिच, प्रदेशहरूबिच त्यस देशमा भएका स्रोत साधनमा आ–आफ्ना अधिकार किटान गरि एक आपसमा प्रतिस्पर्धा गर्दै विकासको बाटोमा अगाडि बढ्ने संघीय प्रणालीलाई सहकारी संघीयता (cooperative Federalism) भनिन्छ । यस्तो संघीय स्वरूपमा केन्द्र र प्रदेशहरूले समानान्तर रूपमा कार्य सञ्चालन गर्ने गर्दछन् । त्यसको लागि उनीहरूबीच संवैधानिक व्यवस्था गरिएको हुन्छ । जसअनुसार एक ले अर्काको क्षेत्राधिकारमा हस्तक्षेप गरेमा केन्द्रीय सर्वोच्च अदालतमा मुद्दा लाग्ने गर्दछ । यसलाई द्वैध संघीयता पनि भनिन्छ । यस्तो संघीयतामा कानुनद्वारा विवाद समाधान गरिन्छ । सहकारी संघीयतामा पनि समझदारीमा विवाद टुङ्गो नलगाएमा कानुनद्वारा नै विवाद टुङ्गो लगाइन्छ । सहकारी संघीयतामा प्रतिस्पर्धा साथै अविकसित प्रदेशलाई समान विकास गर्न सघाउने नीति पनि रहेको हुन्छ ।

यसमा  प्रदेश–प्रदेशवीच प्रतिस्पर्धात्मक खालको विकास निर्माण हुँदा हुँदै पनि कतिपय प्रदेशले विकास गर्न नसकेका कारण गरिव प्रदेशबाट धनी प्रदेशमा बसाई सर्ने चलन चलेको साथै शिक्षा, स्वास्थ्य, रोजगार लगायतका महत्त्वपूर्ण सेवा सुबिधाको खोजिमा एउटा प्रदेशबाट अर्को प्रदेशमा बसाइँ सर्ने प्रचलन बढेपछि गरिब प्रदेशलाई सहयोग गर्ने परम्परा पनि अहिले अन्य संघीय राष्ट्रमा चलेको छ यो सहकारी संघीयताको राम्रो पक्ष हो । संघीयता हुदैमा मुलुक सम्पन्न भइहाल्ने हुदैन तसर्थ संघीयतामा सहकारीको आवश्यकता पर्दछ । यस्तो खालको सङ्घीयताको प्रयोग हाल जर्मनी, क्यानडा, दक्षिण अफ्रिका आदि देशमा रहेको छ । अहिले स्विजरल्यान्ड पनि यही मोडलको संघीयतामा गएको छ ।

**२.भु–खण्डिय संघीयता/निगम संघीयता (Sub– Sectional or corporate federalism)**

पोखरेल.(२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता) मा उल्लेख गरे अनुसार भू–खण्डीय संघीयता भनेको जाति, भाषाभाषी, धार्मिक वा सांस्कृतिक मानव समुदाय देशको कुनै भूभागमा सघनरूपले एकै थलोमा वसोवास गरिरहेको अवस्थामा त्यस्तो क्षेत्रलाई शासकीय स्वायत्तता दिई संघीयता या संघीय राज्य निर्माण गर्न सकिन्छ । तर देशका विभिन्न भागमा छरिएर रहेका विभिन्न जातजाति, भाषाभाषी, धार्मिक समुदाय भएको देशमा भने यस्तो संघीयता भू–खण्डीय हिसाबले लागु गर्न सकिंदैन । क्यानडा, रुस, स्वीट्जरल्यान्ड आदि देशमा यस्तो संघीयता अपनाइएको छ । तर केही मानिसहरू यसरी एकै भूभागमा नभई छरिएर रहेका जातजाति, भाषाभाषी, धार्मिक

समुदायलाई संघीय संरचनामा समावेश गर्न निगम संघयिता (corporate federalism) गर्न सकिने तर्क पनि गर्दछन्।

यस्तो संघीयताको पहिलो स्वरूप अष्ट्रियाका नेता कार्ल रेनर र अटो वाउरले प्रस्तुत गरेका थिए। यसको प्रयोग सन् १९२० मा अष्ट्रियामा गरिएको थियो। यस पकारको नियम संघीयतामा विभिन्न जातीय, भाषिक, धार्मिक निगम गठन गरी त्यसै मार्फत् त्यस्ता समूहहरूलाई संघीय स्वरूपमा प्रतिनिधित्व गराइन्थ्यो। यसवाट समानुपातिक सहभागिताको विकास हुने वताइन्छ। पछि सन् १९२५ मा इष्टोनिया र सन् १९६० मा साइप्रसमा यस्तो खालको संघीयता लागु गरिएको छ। वेल्जियममा भूखण्डीय संघीयता र नियम संघीयता दुवै लागु गरिएको छ। समग्रमा यस्तो संघीयतालाई भूखण्डीय संघीयताभित्र नै राखेर हेरिन्छ। विभिन्न जातजाति, भाषाभाषी, धार्मिक समुदायको छुट्टै भूखण्ड नभए पनि भूखण्ड सरह नै उनीहरूको प्रतिनिधित्व रहने गर्दछ। यस प्रकारको निगम संघीयतालाई भूखण्डरहित भौगोलिक संघीयता भनेर पनि व्याख्या गरिन्छ। यस्तो खालको संघीयता हाल अस्ट्रिया, बेल्जियम, साइप्रस, स्टोनियामा यस्तो खालको संघीयता प्रयोग गरेको पाइन्छ।

### ३. सम संघीयता (Symmetric Federalism)

पोखरेल.(२०७२) ले संघीयसात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता) र श्रेष्ठ (२०६६) ले विश्वका संघीय राज्यहरु पुतकमा उल्लेख गरे अनुसारकुनै संघीय राष्ट्र भित्रका विभिन्न प्रान्त या प्रदेशहरू सबैलाई बराबरी अधिकार प्राप्त भएको छ भने त्यस्तो संघीयतालाई सम संघीयता (Equal/Symmetric Federalism) भनिन्छ। सम संघीयतामा प्रत्येक संघीय प्रदेशहरूको केन्द्र सरकारसँग बराबरी सम्बन्ध हुन्छ। एउटा प्रदेशलाई जति अधिकार दिइएको हुन्छ अन्य प्रदेश वा प्रान्तहरूलाई पनि त्यति नै अधिकार दिइएको हुन्छ। सबैको समान अस्तित्वलाई कायम राख्दै केन्द्रीय अधिकार बाडफाड गरिएको हुन्छ। प्राय सबै मुलुकहरूमा समान अधिकार दिइएका स्वशासित प्रदेशहरू यसै संघीय मोडेल अन्तर्गत पर्दछन्।

### ४. असम संघीयता (Asymmetric Federalism)

सुवेदि.(२०७८) ले नेपालमा संघीयता अनुभन,अवलोकन र अनुभुति र पोखरेल.(२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता) र श्रेष्ठ (२०६६) ले विश्वका संघीय राज्यहरुमा उल्लेख गरे अनुसार एउटै संघीय राष्ट्र भित्र भएका विभिन्न प्रदेशहरूलाई कसैलाई बढि र कसैलाई कम अधिकार दिइएको छ भने त्यस्तो संघीय व्यवस्थालाई असम संघीयता (Asymmetric/Assam Fedearalism) भनिन्छ। यसमा एउटै मुलुक भित्रका असमान क्षेत्र, जाति, भाषिक समुदायलाई समान हैसियतमा ल्याउनका लागि गरिने आरक्षण वा समता अन्तर्गतको व्यवस्था गरिएको हुन्छ। केन्द्रीय सत्ताबाट टाढा रहेका र केन्द्रीय सत्ताबाट पाउने अधिकारबाट बञ्चित क्षेत्र तथा समुदायहरूको लागि स्वायत्त शासनको व्यवस्था गरिएको हुन्छ। यहाँ सम्बन्धित राज्यले प्राप्त गरेको अधिकार अनुसार उसको केन्द्रसँग र अन्य राज्यहरूसँग सम्बन्ध रहने गर्दछ। क्यानडा, स्पेन र मलेसियामा असम संघीयता रहेको छ। क्यानडाका क्युबेकि प्रान्तका बासिन्दाहरूले अन्य प्रान्तले भन्दा अझ बढि अधिकार पाएका छन्। मलेसियामा पनि सवाई र सराबाक प्रान्तले अरूले भन्दा धेरै अधिकार पाएका छन्। त्यसैगरी स्पेनमा पनि वास्क वहुल प्रदेशले बढि अधिकार पाएको छ। हाम्रै छिमेकी भारतमा पनि धारा ३७० अनुसार असम संघीयताको सिद्धान्त अनुरूप सन् २०१९ सम्म जम्मु कश्मिरलाई विशेष अधिकार सहितको स्वायत्त प्रदेशको दर्जा दिएको थियो। पछि धारा ३७० हटाएपछि यो

अधिकार समाप्त भइ केन्द्र शासित प्रदेश बन्यो । यसमा संघीयतामा जानेवेलामा तत्कालीन परिस्थिति र विशिष्टताको आधारमा कसैलाई बढि र कसैलाई कम अधिकार दिने गरिन्छ । नेपालमा पनि यो संघीयताको एकदमै आवश्यक छ तर लागु भएको छैन ।

**५.अर्ध–संघीयता (Quasi – Federalism)**

श्रेष्ठ, श्याम.(मिति नखुलेको पृ.२३) ले संघीय संरचना र (श्रेष्ठ.(२०६६) ले विश्वका संघीय राज्यहरुमा उल्लेख गरे अनुसार केही गुण संघीयतामा आधारित स्वशासित अधिकार भएको र केहि एकात्मक, महासंघात्मक अथवा केन्द्र शासित गुण भएको संघीयतालाई अर्ध–संघीयता (Quasi–Federalism) भनिन्छ । यसमा राज्य संघीयतामा त गएको हुन्छ तर केही गुण मात्र संघीयतामा आधारित भएको र बाकी गुण केन्द्र शासित हुन्छ। अथवा अन्य महासंघसँग रहेको हुन्छ । यसमा मुलुक पुर्ण रूपमा संघीयता गइसकेको हुदैन । जस्तै सन् १७८९ मा फिलाडेल्फियाको सम्मेलन पछि १३ वटा देश मिलि स्थापना भएको संघीय व्यवस्थालाई अर्ध–संघीयता भन्न थालेका थिए,पछि ५० वटा राज्यहरू पनि सामेल हुदा पुर्ण संघ भएको थियो । त्यसैगरी हालको भारतमा पनि २८ वटा स्वशासित वा पुर्ण प्रदेश र ८ वटा केन्द्रशासित प्रदेशहरू रहेका छन् । त्यसलाई पनि एक पक्षले अर्ध–संघीय व्यवस्था भन्ने गरेका छन । स्विट्जरल्याण्डमा पनि ६ वटा अर्ध क्याण्टनहरू रहेका छन् ।

**६. सह–संघीयता (Co– Federalism/ Federacy)**

श्रेष्ठ.(२०६६) ले विश्वका संघीय राज्यहरु, संविधानसभा र नेपालको बाटो पुस्तकमा उल्लेख गरे अनुसार एकात्मक राज्य भित्रपनि अल्पसंख्यक जाती, भाषि र क्षेत्रलाई समेट्न तिनीहरूमा पनि संघ राज्यका विशेषताहरू लागू गर्न एकात्मक राज्य भित्र दिइने स्वायत्ततालाई सह–संघीयता (Co–Federalism) भनिन्छ । यो आधुनिक संघ राज्यको स्थापना पश्चात् अल्पसंख्यक जातीहरू भएका एकात्मक राज्यहरूमा पनि पुरानो ढाँचा कायम गर्न सम्भव भएन । तिनीहरूले पनि संघ राज्यको विशेषताहरू आफुमा मिश्रण गर्न थाले । युरोपका धेँरै जसो राष्ट्रिय राज्यहरू, जुन पहिला जातीय भुगोलका आधारमा सिमाङ्कन भएपनि हाल त्यहाँ अल्पसंख्यक जातीहरू रहेका छन् । ती देशहरूले अल्पसंख्यकहरूको व्यवस्थापनमा जातीय तथा भाषिक स्वायत्तता दिएका छन् त्यसलाई सह–संघात्मक (Federacy) भनिन्छ । अथवा एकात्मक राज्यभित्र पनि अल्पसंख्यक जाति,भाषि र क्षेत्रलाई समेट्न दिइने स्वायत्त अधिकार सहितको संघात्मक विशेषता भएको मिश्रण प्रणालीलाई सह–संघीयत (Federacy) भनिन्छ ।

जनवादि गणतन्त्र चिन एकात्मक राज्य भएपनि त्यसले विभिन्न प्रान्तहरूमा र जातीय समुदायमा स्वायत्त अधिकार दिएको छ । जस्तै चिनको पश्चिमी क्षेत्र सिङ्जुवान प्रान्तमा रहेका उहिगर मुसलमानलाई स्वायत्त अधिकार दिएको छ । त्यसैगरी हङकङ, मकाउ र तिब्बत जस्ता स्वायत्त र स्वसाशित प्रान्तहरू एकात्मक राज्य भित्र संघात्मक विशेषता सहितको मिश्रित प्रणालीको उदाहरण हुन् । हाल एकात्मक देशका रूपमा रहेका चिन, फिनल्यान्ड, डेनमार्क, इण्डोनेसिया, फिलिपिन्स, केन्या, पपुवा न्युगिनि, तान्जानिया, सोमालिया, श्रिलंका, साइप्रस आदि देशहरूमा पनि त्यहाँका अल्पसंख्यक जातिहरूसँगको सम्बन्धको सवालमा सह–संघात्मक राज्य भन्ने चलन छ । यो खालको संघीयता हिंसात्मक प्राय द्वन्द्व अन्त्य गर्नका लागि यसको आवश्यकता रहेको छ ।

### ७. त्रि–संघीयता (Tri – Federalism)

श्रेष्ठ.(२०६६) ले विश्वका संघीय राज्यहरु, संविधानसभा र नेपालको बाटो पुस्तकमा उल्लेख गरे अनुसार एउटै भुगोल भित्र जातीय, भाषिक, साँस्कृतिक र क्षेत्रीय उत्पिडनलाई समेट्न तीन ओटा विशेषता भएको संघीयतालाई त्रि–संघीयता (Tri – Federalism) भनिन्छ । अर्थात एउटै मुलुक भित्रका जातीय, भाषिक, साँस्कृतिक र क्षेत्रीय विविधतालाई सम्बोधन गर्ने गरि लागू गरिएको तीन ओटा विशेषता सहितको संघीयतालाई त्रि–संघीयता (Tri–Federalism) भनिन्छ । यसमा संघीयता भित्र पनि तीन ओटा विशेषाता अपनाइएको हुन्छ । जसभित्र सम संघीयता, असम संघीयता र अर्ध–संघीयताको विशेषताहरू समेटिएको हुन्छ । सम संघीयता अनुसार प्रत्येक राज्य/प्रदेशलाई समान स्वशासित अधिकार सहितको राज्य/प्रदेशहरूमा विभाजन गरिएको हुन्छ । असम संघीयता अनुसार अल्पसंख्यक जाती, भाषि र क्षेत्रलाई सम्मान गर्न विशेष अधिकार सहितको स्वायत्तता प्रदान गरिएको हुन्छ । भने अर्ध–संघीयता र एकात्मक व्यवस्था अनुसार केहि क्षेत्रहरूलाई केन्द्रको अधिनमा राखि स्वशासनको अधिकार केन्द्रले नै राख्ने गरि राज्यहरूलाई केन्द्रशासित प्रदेशको रूपमा कायम गरिएको हुन्छ ।

यसरी नै एउटै भुगोल भित्र पनि त्यहाको जातीय, भाषिक र क्षेत्रीय विशेषतालाई मुल्यांकन गर्दै राजनीतिक प्रशासनिक अधिकार सहितका प्रदेशहरू, विशेषअधिकार सहितका स्वायत्त क्षेत्रहरू र केन्द्र शासित प्रदेशहरू गरि तीन वटा विशेषतालाई समेटि स्थापना गरिएको संघीय शासन व्यवस्था नै त्रि–संघीयता (Tri–Federalism) हो । यो त्रि–संघीयता भएका मुलुकहरूमा अमेरिका, क्यानडा, भारत, पाकिस्तान जस्ता मुलुकहरू हुन् । अमेरिकामा ५० वटा पुर्ण स्वशासित राज्यहरू, ५ वटा आबद्ध राज्य, १ वकटा संघीय जिल्ला र १६० ओटा आदिवासीहरूका स्वास्थ्य क्षेत्रहरू रहेका छन् । क्यानडामा १० ओटा प्रदेश, ३ ओटा संघीय क्षेत्र र आदिवासीहरूको गैरभौगोलिक सांस्कृतिक स्वायत्त संरचनाहरू रहेका छन् । यी मुलुकहरूमा त्रि संघीयताको मान्यता अनुरूप संघीयता कायम भएको छ ।

त्यसैगरी भारतमा पनि धारा ३७० खारेज गर्नु पुर्व असम संघीयताको सिद्धान्त अनुरूप जम्मु कस्मिरलाई विशेष अधिकार सहितको स्वायत्तता दिइएको थियो। भारतमा हाल २८ वटा स्वशासित सहितका पुर्ण राज्य १ वटा स्वायत्त राज्य, (जम्मु कस्मिर अहिले केन्द्र शासित भइसक्यो) र ८ वटा केन्द्र शासित प्रदेशहरूमा विभाजन गरेको छ । पाकिस्तानमा पनि यसै अनुरूपको संघीयता कायम छ, जहाँ ४ वटा स्वशासित पुर्ण राज्य,१ संघीय क्षेत्र र २ वटा स्वायत्त क्षेत्र रहेका छन् । नेपालमा पनि यसै विशेषताको संघीय मोडेलको आवश्यकता रहेको छ ।

### ८. वीत्तीय संघीयता (Financial Federalism)

सुवेदि.(२०७८) ले नेपालमा संघीयता अनुभन, अवलोकन र नुभुति पुस्तकमा उल्लेख गरिए अनुसार वीत्तीय संघीयता संघीयताको आत्मा हो । यो एकात्मक प्रणालीमा पनि प्रयोग हुन्छ । संघीयताको एउटा महत्त्वपूर्ण पक्ष पुनर्वितरण हो भने वित्तीय स्रोत वितरण अर्को अभीष्ट हो । वीत्तीय संघीयता सरकारका तहहरूबीचको वीत्तीय व्यवहार र अन्तरसम्वन्धसँग पनि मिल्दछ । यसले आर्थिक विकास, सरकारी खर्च, ऋण, राजस्व र असमानतामा असर पार्दछ । वीत्तीय संघीयताका तत्त्वहरूलाई Risk, Weingast / Rodden ले देहायबमोजिम उल्लेख गरेका छन् ।

- तल्ला तह (Sub–central) का सरकारहरूले कार्यक्रमको स्वायत्तता पाउँछन् ।

- तल्ला तहका सरकारले संकलित राजस्वभन्दा बढी खर्च गर्न चाहे पनि असीमित स्रोत प्राप्त गर्न सक्दैनन् । स्रोतको सीमामा रहनुपर्छ ।
- साझा बजारलाई बाधा पुग्ने गरी वा सामान, पुँजी र श्रमिकको आवागमनमा बाधा पुग्ने गरी कानुन बनाउन पाइँदैन ।
- पद्धति संस्थागत भएपछि केन्द्रले उल्टाउने छैन ।
- वीत्तीय संघीयता खर्च जिम्मेवारी किटान, राजस्व अधिकार प्रदान वीत्तीय हस्तान्तरण र ऋण व्यवस्थापनसँग सम्बन्धित हुने हुनाले यी पक्षहरूको युक्तिसँग व्यवस्थापन हुनुपर्छ ।
- वीत्तीय संघीयता संघीयताको मेरुदण्ड हो । यसको सिद्धान्तले मूलतः देहायका विषयसँग सरोकार राख्दछः
- वीत्तीय संविधान निर्माणमा वित्तीय सरोकारका पक्ष सम्बोधन गरी संविधानमा समाहित हुनुपर्ने ।
- वीत्तीय पक्षमा ध्यान दिँदा सरकारका तहहरूबीच कसरी कर लगाउने अधिकार दिने, खर्च कहाँ, कसले गर्ने र नियमन कसरी व्यवस्थित गर्ने भन्ने विषय सम्बोधन गरिनुपर्छ ।
- अन्तरसरकारी वित्तीय हस्तान्तरणको संरचना कस्तो हुने निक्र्योल गरी त्यस्तो पद्धति विकसित गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको दक्षता र समताका प्रावधानहरूलाई विशेष ध्यान दिनुपर्ने ।

त्यसैगरी वित्तीय संघीयतालाई Tatiana Mosteam/Michela Jacob,Richard Musgrave, Qates, M-Bird and Francois Villancourt / Ademia Ariyo ले वीत्तीय संघवादलाई विभिन्न तरिकाले परिभाषित गरेका छन् ।

### ग. पहिचानमा आधारित संघीयता (Federalism based on identity)

पहिचानमा आधारित संघीयता भन्नाले एउटै मुलुक भित्र विभिन्न जाती, भाषि र क्षेत्रीय विविधता रहेको यिनै विविधतालाई सम्बोधन गर्न, तिनिहरूको अस्तिको रक्षा गर्न वा पहिचानलाई सम्बोधन गर्नका लागि पहिचानको आधारमा स्थापना गरिने संघीयतालाई नै पहिचानमा आधारित संघीयता भन्ने बुझिन्छ ।

### १. जातीय संघीयता (Ethnicity Federalism)

जातीय संघीयता एउटै मुलुकभित्र बहुजातीय विविधता रहेको अवस्थामा जातीय पहिचानलाई सम्बोधन गर्नका लागि विभिन्न जातिहरूको पहिचानको आधारमा प्रदेश निर्माण गरि संघीयता कायम गर्नु नै जातीय संघीयता (Ethnicity Federalism)हो । अथवा विभिन्न जातीहरू बीचको आपसी द्वन्द्वको कारण राज्य नै सङ्कटमा परि जातिहरूको अस्तित्व रक्षात्मक अवस्थामा पुग्दा उनीहरूको रक्षाको लागि विभिन्न अलगअलग जातीय राज्य निर्माण गरि शासन चलाउनुलाई नै जातीय संघीयता (Ethnicity Federalism) हो । पोखरेल.(२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता), गुरुङ.(मिति नखुलेको, पृष्ठ १४३) ले नेपालको संघीय संरचना र शासन प्रणालि (संघीय राज्यको नया संरचना र श्रेष्ठ. (२०६६) ले विश्वका संघीय राज्यहरु, संविधानसभा र नेपालको बाटोमा उल्लेख गरे अनुसार जातीय संघीयताको बलियो उदाहरण इथियोपिया हो । इथियोपिया अफ्रिकी मुलुक हो, जहाँ लामो समयसम्म युरोपियन मुलुकहरू इटाली र इङ्ल्याण्डको उपनिवेश बन्यो। यो अफ्रिकी महादेशको सबैभन्दा

पुरानो मुलुक हो साथै यो मुलुकलाई पुर्व अफ्रिकाको सिंह (Horn of Africa) को रूपमा पनि चिनिन्छ । यसको पुरानो नाम एविसिनिया पनि हो ।

यहाँ लामो समयसम्म युरोपेली राष्ट्रहरूको उपनिवेश बन्यो। १५ औ सताब्दिमा पोर्चुगिजहरूले ट्रेडपोष्ट स्थापना गरे, १९ औ सताब्दिमा सन् १८८० मा इटालिले जितेपश्चात १८९६ सम्म शासन गरे त्यसपछि मेलेनिक दोस्रोले इटालीसँग युद्ध गरि मरेव नदि भन्दा उत्तर तर्फ हालको इरिस्ट्रिया इटालीको सार्वभौम अधिकारको रूपमा स्विकारि दक्षिणी सबै भाग स्वतन्त्र भयो र पछि सन् १९३६ मा फेरि इटालीले कब्जा गर्यो । दोस्रो विश्वयुद्धपछि इटहरीको हार हुदा यो ब्रिटिस शासन अन्तर्गत गयो । त्यसपछि ३२ वर्ष सम्म गृहयुद्धमा प्रवेश गर्यो । देशमा जातीय द्वन्द्व सुरूभयो । ओमोरो, अम्हारा र टिग्रि जातीहरूबिचको लामो संघर्ष गृहयुद्ध पछि त्यहा अहिले ९ वटा जातीय राज्य र २ वटा संघीय सहर रहेका छन् । इथियोपियामा अच्चम्मको कुरा के छ भने ३१.३% जनसंख्या भएको ओमोरो, २९.३% जनसंख्या भएको अम्हारा लगायतका ८ वटा जातिहरूको बाहुल्यता ९४% हुदा पनि सत्ता बाहिर छन् तर मात्र ६% मात्र जनसंख्या भएको टिग्रि जातिले सैन्य बलका आधारमा सम्पूर्ण इथियोपियाको सत्ता चलाइरहेको छ ।

त्यसैगरी क्यानडाको क्युवेक राज्य पनि बहुजातीय विविधतालाई सम्बोधन गर्न स्थापना गरिएको राज्य हो । रूसमा हाल २१ वटा जातीय स्वायत्ततामा आधारित संघीय एकाइहरू छन् जसलाई गणराज्य भनिन्छ । भारतमा पनि जातीय स्वायत्तता दिएको छ । गोरखा हिल काउन्सिल तथा खासि स्वायत्त क्षेत्र यसको उदाहरण हो ।

**२. भाषिक संघीयता (Languaistic Federalism)**

भाषिक संघीयता एउटै मुलुकभित्र रहेका बहुभाषिक विविधतामा एकता हुन नसकि अल्पसंख्यक भाषा माथि दमन भइ रक्षात्मक अवस्थामा पुग्दा द्वन्द्व सृजना भएको अवस्थामा भाषिक पहिचानको सम्बोधनका लागि विभिन्न भाषाको आधारमा संघीय राज्यहरू विभाजन गरि स्थापना गरिएको संघीयतालाई भाषिक संघीयता (Languaistic Federalism) भनिन्छ । अथवा बहुभाषिक विविधतामा एक अर्काको अस्तित्व स्विकार नहुदा द्वन्द्व सृजना भइ सिंगो राष्ट्र नै संकटमा पर्ने हुदा सम्पूर्ण भाषिक पहिचान सम्बोधनको लागि स्थापित भएको संघीयता नै भाषिक संघीयता (Languaistic Federalism) हो । यसमा विभिन्न भाषाको आधारमा नै संघीय प्रदेशहरू विभाजन गरिएका हुन्छन् । विश्वका थुप्रै मुलुकहरू छन् जहा फरक भाषिक समुदायहरू बिच सम्बन्ध कायम हुन नसक्दा द्वन्द्व सृजना भइ अलग पहिचानको खोजिमा हुन्छन् त्यस्तो अवस्थामा भाषिक राज्यहरूको आवश्यकता पर्दछ ।

श्रेष्ठ.(२०६६) ले विश्वका संघीय राज्यहरू,संबिधानसभा र नेपालको बाटोमा उल्लेख गरिए अनुसार सन् १८०३ भन्दा अगाडि स्विट्जरल्याण्डमा बहुभाषिक क्यान्टनहरू थिए । पछि सन् १८०३ पश्चात् यी बहुभाषिक क्यान्टन विभाजित भई अलगअलग भाषिक क्यान्टनहरू सृजना भए । यसले स्विट्जरल्याण्मा जातीय तथा भाषिक द्वन्दहरूको शान्तिपूर्ण निकास भएको छ । यसको पछिल्लो उदाहरण सन् १९७८ मा जर्मन भाषि बर्नबाट जनमत सङ्ग्रहका माध्यमबाट फ्रेन्च भाषि जुरा क्यान्टन छुटिनु हो । स्विट्जरल्यान्डमा हाल २० वटा पूर्ण र ६ वटा अर्ध गरी २६ वटा क्यान्टन रहेका छन्, जसमध्ये १७ वटा जर्मनभाषी, ४ वटा फ्रेन्चभाषी, १ वटा इटालीयन भाषी गरी २२ वटा एकल भाषिक क्यान्टन छन् भने बर्न, ग्रिसन्स, फ्रिवर्ग र भ्यालियस ४ वटा बहुभाषिक क्यान्टन छन् । त्यहा केन्द्र र क्यान्टनहरूमा बोलिने सबै भाषा, धर्म र संस्कृतिलाई मान्यता प्रदान गरिएको छ (पृ.२२–४२) ।

त्यसैगरी भारतमा पनि ५३३ जातीय समुह तथा लगभग १५०० वटा भाषाभाषी समुहका रूपमा विभाजित छन् । भारतमा विभिन्न भाषाको आधारमा पनि राज्यहरूको विभाजन गरिएको छ । गुजरात, पञ्जाव, महाराष्ट्र, तेलंगना, तमिलनाडु, कर्नाटक, बङ्गाल, आसाम लगायतका प्रदेशहरू भाषिक पहिचानका आधारमा विभाजित भएका छन् । त्यसैगरी पाकिस्तानमा पनि पञ्जावि, सिन्धि, पस्तु र बालुचिहरूले भाषिक समान अधिकारको लागि आफ्नो आवाज बुलन्द गरिरहेका छन् । बेल्जियममा पनि ४ वटा भाषिक स्वायत्त क्षेत्र रहेका छन् ।

### ३. गैर– भौगोलिक संघीयता (Financial Federalism)

थापा, परि.(मिति नखुलेको, पृष्ठ १३३) नेपालमा संघीय शासन प्रणाली किन र कसरी (संघीय राज्यको नयाँ संरचना) र गुरुङ.(मिति नखुलेको, पृष्ठ १४२) ले गैर–भौगोलिक संघीयता कतिपय जाति वा समुदायहरूको देशको समग्र जनसंख्याको गणना गर्दा उल्लेखनीय सङ्ख्या हुदाहुदै पनि उनिहरूको सघन उपस्थिति कुनै खास भौगोलिक क्षेत्रमा नभएर देशको सबै स्थानहरूमा छरिएर रहेको अवस्था हुन सक्छ । त्यस्तो अवस्थामा संघीय राज्य प्रणालीमा उनिहरूको हक अधिकारको सम्बोधन कसरी गर्न सकिन्छ भन्ने प्रश्न उठ्न जान्छ । जस्तै नेपालको सन्दर्भमा दलितहरूको जनसंख्या सम्पूर्ण देशको जनसंख्याको १३% रहेको पाइएको छ तर उनिहरूको बसाइ छरिएर रहेको छ । यसरी संघीयता अन्तर्गत दलितहरूको मुद्दा सम्बोधन गर्नका लागि गैर–भौगोलिक संघीयताको सिद्धान्त अनुसार समाधान गर्न सकिन्छ । जस अनुसार उनिहरूको लागि प्रतिनिधित्वको विशेष संबैधानिक प्रावधानको व्यवस्था गर्नुपर्ने हुन्छ । यसरी भारतमा मुस्लिमहरूको पनि गैर–भौगोलिक राज्यको आवश्यकताबारे माग छ । नेपालमा पनि छरिएर रहेका थुप्रै जातीय समुदायलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

### ४. क्षेत्रीय तथा भौगोलिक संघीयता (Territorial and Geographical Federalism)

पोखरेल (२०७२) ले संघीय सात प्रदेश नेपालको संविधान (विकाश क्रम र विशेषता), पुस्तकमा उल्लेख गरे अनुसार संघीय राष्ट्रमा कुनैपनि जाती, भाषाभाषी, धार्मिक तथा सांस्कृतिक समुदाय एउटै भु–भागमा बसोबास गरिरहेका छन् भने त्यस्तो बसोबास भएको भु–भागलाई त्यहिको पहिचान अनुसारको संघीय प्रदेश बनाएको हुन्छ । त्यस्ता संघीय राज्यमा जातजाति, भाषाभाषी, धार्मिक तथा सांस्कृतिक समुदायको पहिचान स्थापित गरिएको हुन्छ । यसलाई अङ्ग्रेजीमा (Incongrument Federalism) पनि भनिन्छ । यस्ता प्रकृतिका सघन बसोबास भएका देशमा संघीयता अपनाउदा पहिचानयुक्त संघीयता अपनाएको पाइन्छ ।

साथै यसले भौगोलिक पहिचान सम्बोधन गर्नुका साथै भौगोलिक तथा क्षेत्रीय विकटतालाई उठाउने कार्य गर्दछ । तर कुनै देशमा मुलतः एउटै जातीको, भाषाभाषीको, धर्मावलम्बी र सांस्कृतिक समुदायको बसोबास रहेको छ भने त्यस्तो देशमा क्षेत्रीय संघीयता अपनाएको हुन्छ । साथै विभिन्न जातजाति भाषाभाषी, धर्म समुदाय छरिएर रहेको मुलुकमा पनि क्षेत्रीय संघीयता प्रभावकारी देखिएको छ । यस्तो क्षेत्रीय संघीयतामा सरकारमा प्रतिनिधित्व नभएका समुदायलाई पनि मुलधारमा समाहित गर्ने गरिन्छ । यसलाई भौगोलिक क्षेत्रको आधारमा शक्ति र अधिकार विभाजन गर्ने गरिन्छ । जसको उदाहरणको रुपमा जर्मनीलाई लिन सकिन्छ, जहा एउटै जातीय पहिचान भएको जर्मनीमा विभिन्न १६ वटा क्षेत्रीय राज्यहरुमा विभाजन गरि अधिकार बाडफाड गरिएको छ, जसलाई ल्याण्डर (राज्य) भनिन्छ । त्यसैगरी अस्ट्रेलिया र अस्ट्रियामा पनि यहि पद्धति अपनाइएको छ, जहा विभिन्न भु–भागमा प्रमुख भएकालाई संघीय एकाई

क्षेत्रीय संघीयता खडा गरिएको छ । यसलाई अर्को भाषामा राष्ट्रिय संघीयता वा अङ्ग्रेजीमा (Congrument Federalism) पनि भनिन्छ ।

**५. सांस्कृतिक सभ्यतायुक्त संघीयता (Cultural civilizatud Federalism)**

बहुसांस्कृतिक विविधता भएको मुलुकमा सांस्कृतिक संरक्षण र पहिचान स्थापित गर्नका लागि स्थापना गरिएको संघीयता सांस्कृतिक सभ्यतायुक्त संघीयता हो । जहा धैरैभन्दा धैरै सांस्कृतिक सभ्यता भएको मुलुकमा यसैको पहिचानको आधारमा संघीय प्रदेशहरुस्थापना गरिन्छ । साथै यसले रक्षात्मक अवस्थामा रहेका सांस्कृतिक सभ्यताको रक्षा गर्नुको साथै बहुसंख्यक सांस्कृतिक सभ्यताको सम्मान गरेको हुन्छ । संघीताका यि विभिन्न मोडेलहरु हेर्दा नेपालमा संघीयता लागू भयो ७५३ स्थानीय तह, ७ वटा प्रदेश र एउटा संघ सरकार गरि तीन तहको सरकार त बन्यो तर माथि उल्लेखित भएका संघीयता मोडेलहरूमा कुनैपनि मोडेलको विशेषता अपनाएको छैन मात्र अहिले विभिन्न ७ वटा भौगोलिक क्षेत्रलाई छुट्याएर राजनीतिक प्रशासनिक प्रदेशहरू बनाई काम चलाउ रूपमा अगाडि बढिरहेको छ । यसले नेपालको कुनै मौलिक विशेषतालाई समेटेको छैन । जहाँ नेपालमा उपयुक्त संघीय मोडेल नअपनाउदा अहिले संघीयता नै धरापमा पर्न थालेको छ, जहा कार्यान्वयनको सवालमा खर्चालु र जटिलता मात्र देखिएको छ । आज विश्वमा यी विभिन्न प्रकारका संघीयताका ढाँचाहरू हरेक देशको आवश्यकता अनुसार अनुसरण गरिएका हुन् नेपालमा पनि आजको आवश्यकता के हो ? कस्तो खालको संघियता चाहिन्छ ? हाल कार्यान्वयनमा आएको संघीयताले के कतिको उपलब्धि हासिल गर्यो? र जनता यसबाट सन्तुष्ट छन कि छैनन् ? यसै अनुसार आज शासन व्यवस्थाबाट निराशामा रहेका जनतालाई आशा दिलाउन र उचित व्यवस्थापन गर्नका लागि संघीयता भित्र पनि नयाँ उपयुक्त मोडलको संघीयता खोज्न आवश्यक छ ।

**२.३ अध्ययनको अन्तराल**

संघीयतामा अध्ययनको अन्तरालको कुरा गर्दा संघीयताको अभ्यास प्राचिनकाल देखिनै सुरु भएता पनि संघीयता सम्बन्धित सैद्धान्तिक रूपमा अध्ययन १७ औ सताब्दिबाट भएको पाईन्छ । सन् १६०३ मा पश्चिममा विश्वमा संघीयताका पिता मानिने जर्मन राजनीति सिद्धान्तकार जोहान्स आल्युनियसले गरे । त्यसपछि सन् १७१३ मा सेन्ट पियरेले गरे त्यसैको प्रभावले सन् १७८९ मा आधुनिक सिद्धान्तको रूपमा अमेरिकामा प्रयोग भयो र त्यसपछि मन्टेस्क्यु, डेविड ह्युम रुसो लगायतका विद्वानहरूले व्याख्या गरे ।१९ औ सताब्दिमा मेक्सिको, स्विट्जरल्याण्ड, क्यानडा, जर्मनी, अर्जेन्टिना, ब्राजिल जस्ता देशहरूमा लागु भयो । पछि २०औ सताब्दिमा आएर सोभियत रूसमा नयाँ व्याख्या सहित नयाँ कार्यान्वयन भयो । यसै सताब्दिमा विश्वका रूस, अस्ट्रेलिया, भारत, पाकिस्तान लगायत एसियाली र अफ्रिकी देशहरूमा लागु भयो । २१ औ सताब्दिमा भने सन् २००५ मा इराक र सन् २०१५ मा नेपालमा लागु भयो । यसमा पनि परम्परागत संघीयता र आधुनिक संघीयताको रूपमा पनि छुट्याइएको देखिन्छ । सुरूमा coming together/holding together को रूपमा विकास भएको संघीयताको मेडेल आज विभिन्न देश अनुसार फरकफरक किसिमले प्रयोग र फरक मोडेलहरुको विकास भएको देखिन्छ । नेपालको संघीय शासन व्यवस्थामा पनि कस्तो छ ? र कुन खालको मोडेल आवश्यक छ ? यहाँको उपयुक्त मोडेल के हुन सक्छ भन्ने सवामा यस अध्ययनको जोड असम संघीयताको सिद्वान्त, अर्ध संघियताको विशेष्ता अनुसार त्रि–संघीयतामा दिइएको छ तर लेखकहरुले उक्त विषयमा खासै स्पष्ट पार्न सकेका छैनन् ।

## अध्याय– तीन

## अध्ययन विधि

### ३.१अध्ययनको किसिम

शोधपत्र अध्ययनका विभिन्न किसिमहरू हुने गर्दछन्, त्यसमा केहिलाई आधार बनाएर शोधपत्र तयार पार्नपर्छ । शोधपत्र तयार पार्दा लाग्ने समय,बजेट देखि स्रोतहरू प्राप्त गर्न लाग्ने सहजता र समस्यालाई ध्यान दिनुपर्ने हुनाले यसै आधारमा किसिमको छनौट गर्नुपर्दछ । यो शोधपत्रमा पनि खोजमुलक, व्याख्यात्मक र विश्लेषणात्मक किसिमको प्रयोग गरिनेछ ।

### ३.२ अनुसन्धान ढाँचा

यो शोधपत्रको ढाँचा गुणात्मक अध्ययन ढाँचामा रहनेछ ।

### ३.३ अध्ययन क्षेत्र तथा नमुना संकलन

शोधपत्रको विषयलाई अध्ययन क्षेत्रको लागि समग्र देशकै सवालमा लिनुपर्ने हो तर सिमित समय, समिति बजेट र प्रयाप्त स्रोतसाधनको अभावका कारण उपलब्ध स्रोत साधनमा मुख्यतः कालिकोट जिल्लाको पचालझरना गा.पा. साथै रास्कोट न.पा. शान्नि त्रिवेणि गा.पा. र पलाता गाउँपालिकामा केन्द्रीत भई अध्ययन गरिएको छ ।

### ३.४ तथ्यांकको प्रकृति तथा स्रोत

यो शोध कार्यका लागि प्रथामिक, द्वितीय, सहायक तथ्यांकलाई आधार बनाइनेछ । यसका लागि यस विषय वा शिर्षकसँग सम्बन्धित प्रकाशित लेख रचना, पत्र–पत्रिका, पुस्तक, जर्नल, विभिन्न शोधपत्र, अनुसन्धात्मक लेख लगायत अन्य खोजमुलक विद्युतिय सामाग्री सहित प्रत्यक्ष अन्तर्वार्ताहरु यसका स्रोतहरु हुन् ।

### ३.५ तथ्यांक संकलन विधि

यस तथ्यांकको अन्तर्वार्ता लक्षित समुह छलफल, विमर्शात्मक कार्यक्रमका साथै सहभागितात्मक अवलोकनको उपयोग गरिने छ ।

### ३.६ तथ्यांकको प्रस्तुति तथा विश्लेषण

प्राप्त तथ्याङकलाई प्रस्तुतिको निम्ति तालिका, तथांक, पाइचार्ट र ग्राफ आदिका प्रस्तुत गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

शोधपत्रमा अध्ययनको सिमा नेपालको संविधान निर्माण पछि स्थापित संघीयता कार्यान्वयन भएको समय २०७४ देखि २०८१ सम्मको समयावधि भित्रको हुनेछ । कालिकोट जिल्लामा भएका राजनितिक गतिविधिहरु मात्र हुनेछ ।

**३.८ आचरणगत सवाल**

अनुसन्धान कार्यमा लागेको व्यक्तिले प्राथमिक वा द्वितीयस्रोतका तथ्याङ्क वा नतिजालाई जानेर वा नजानेर तोडमोड (थप्नु वा लुकाउनु) गर्नु र जालसाजीगनुलाई सामाजिक रूपमा अनैतिक र कानुनी रूपमा दण्डनीय कार्य मानिन्छ (थापा, २०७६) । त्यहि भएर शोधपत्र तयार पार्दा विभिन्न नैतिक र कानुनि आधारमा टेकेर शोधपत्रको शिर्षकले मागेअनुसार, तोकिएको सिमाभित्र रहेर शोधपत्र तयार पारिनेछ । अध्ययनको क्रममा प्रश्न सोध्दा वा उत्तर खोज्दा कसैको व्यक्तिगत आचरणमा चोट नपुग्नेगरि अगाडि बढाइनेछ । जवाफको लागि कोहि कसैलाई बाध्य पारिने छैन साथै कसैको सन्दर्भलाई तोडमोड गरिनेछैन ।

## अध्याय – चार

## नेपालको संघीय शासन व्यवस्थाका प्रभावहरु

मानव समाजमा जव परिवार, निजी सम्पति र राज्यको उत्पति भयो तव नागरिकको सुरक्षाको लागि स्थापना भएका राज्य र तिनले सञ्चालन गर्ने शासन व्यवस्थाको विकास पनि भयो । यो पनि विभिन्न राज्य र व्यक्ति सम्वन्धित कानुनहरु बने, त्यहि अनुसारको शासकहरुको जन्म भयो केही निरंकुश त केहि प्रजातान्त्रिक यसकै निरन्तरतामा आजको राजतन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता एकात्मक तथा संघात्मक शासन प्रणलिहरु सृजना भएका हुन् । यसै भित्र पनि निभिन्न उपनिवेश, साम्राज्यवादको वर्वरताबाट आजित हुदा यसैको विकल्पको रुपमा नै आधुनिक संघीयता एक आपसमा आवद्ध कमिङ टुगेदरको रुपमा सन् १७८९ मा अमेरिकामा विकास भएको संघीयता र पछि अन्य देशमा विकास भएको एक साथ रहिरहने होल्डिङ टुगेदर संघीयताको गरि हाल अमेरिका, युरोप, एसिया, अफ्रिका, अस्ट्रेलिया ३० वटा देशमा स्थापित छ ।

विश्वमा लगभग २०० भन्दा बढि देशहरु मध्ये नेपाल लगायत जम्मा ३० वटा देशहरुमा मात्र संघीयता छ, साथै यो शासन सञ्चालनमा जटिल खालको व्यवस्था मानिएको छ किन भने एउटै मुलुक भित्र २ वा २ भन्दा बढि तहका सरकारहरु हुदा उनिहरुको अधिकारको सिमा संगै शक्ति बाँडफाडको सवालमा जटिलता साथै आर्थिक सामाजिक, साँस्कृतिक र राजनितिक जटिलताका कारण यो व्यवस्था सञ्चालनमा जटिलता देखिएको हो । तर आज जुन देशमा संघीयता छ ति देशमा एकात्मक शासन व्यवस्थाले धान्न नसकेको विषयहरु जस कारण सृजना भएका विभिन्न जातीय, भाषिक, क्षेत्रिय, लैगिक तथा धार्मिक साँस्कृतिक द्वन्द्वलाइ समाधान गर्न संघीय शासन व्यवस्था उपयुक्त ठानि कार्यान्वयनमा रहेको देखिन्छ, हाल विश्वमा जतिपनि संघीयता आपनाएका देशहरु छन् ति देशहरुमा संघीयताले राम्रो प्रभाव पारेको देखिन्छ । यहि संघीयताले नै संघीयताको औचित्य पृष्टि गर्दछ । एकात्मक शासन रहेका देशमा पनि त्यहाको जातिय, भाषिक अल्पसङख्यक, क्षेत्रीय उत्पिडन धार्मिक तथा साँस्कृतिक विविधता र द्वन्द्व समाधान गर्नका लागि विभिन्न स्वायत्त तथा स्वशासित क्षेत्र घोषणा गरि उनीहरुको अधिकार स्थापित गर्न खोजिएको छ । त्यहाँ प्रत्यक्ष रुपमा संघीयता नअपनाए पनि संघीयताको विशेषतालाई उचित ठानेको देखिन्छ संघीयता अपनाउने मुलुकहरुमा विश्वमा हाल नेपाल लगायत ३० वटा रहेका छन जुन निम्न अनुसार रहेका छन् ।

तालिका– १

विश्वका संघीय शासन प्रणाली अवलम्बन गर्ने मुलकहरु

| क्र. श. | संघीयता अवलम्वन गर्ने देश | गठन भएको वर्ष | संघीय एकाई (राज्य, प्रदेश, जिल्ला, स्थानिय क्षेत्र) |
|---|---|---|---|
| १ | सुंसंयुक्त राज्य अमेरिका | सन् १७८९ | ५० राज्य, १ संघीय जिल्ला, १६० आदिवासी स्वायत्त |
| २ | मेक्सिको | १८२४ | ३१ राज्य, १ संघीय जिल्ला |
| ३ | स्विट्जरल्याण्ड | १८४८ | २६ क्यान्टन (२० वटा पुर्ण, ६ अर्ध) |
| ४ | अर्जेन्टिना | १८५३ | २३ प्रदेश, १ स्वायत्त सहर |
| ५ | भेनेजुएला | १८६४ | २३ राज्य, १ संघीय जिल्ला र ७२ वटा आइसल्याण्डको एउटा federal dependency |
| ६ | क्यानडा | १८६७ | १० प्रदेश, ३ वटा संघीय क्षेत्र र आदिवासि जनजातिहरुको गैरभौगोलिक सांस्कृतिक स्वायत्त संरचनाहरु |
| ७ | जर्मनी | १८७१ | १६ ल्याण्डर (राज्य) |

| | | | |
|---|---|---|---|
| ८ | ब्राजिल | १८९१ | २६ राज्य, १ संघीय राजधानि |
| ९ | अस्ट्रेलिया | १९०१ | राज्य १, Terrotery, Capital, & Administered territories ,२ संघीय क्षेत्र |
| १० | रुस | १९१७/१९९२ | २१ गणराज्य , ६ क्षेत्र (क्रेज), ४९ प्रदेशस (ओवलास्ट), २ संघीय सहर, १ स्वायत्त प्रदेश, १० स्वायत्त इलाका |
| ११ | अस्ट्रिया | १९२० | ९ बुन्डेस ल्याण्डर |
| १२ | लिक्टेन्टाइन् | १९२१ | ११ गेमिन्डेन (नगरपालिका) |
| १३ | भारत | १९५० | २८ वटा पुर्ण राज्य, ८ वटा संघीय क्षेत्र (टेरेटोरी युनियन) |
| १४ | पपाकिस्तान | १९७३ | ४ वटा प्रदेश, १ संघीय क्षेत्रवटा स्वायत्त क्षेत्र |
| १५ | सेन्ट किट्स एण्ड नेभिस | १९८३ | १४ पेरिस |
| १६ | बेल्जियम | १९९४ | ३ समुदाय, ३ संघीय क्षेत्र, ४ भाषिक समुदाय |
| १७ | इथियोपिया | १९९२ | ९ वटा जातीय राज्य, २ संघीय शहर |
| १८ | सुडान | १९५६ | २६ राज्य |
| १९ | मलेसिया | १९६३ | १३ राज्ज, ३ संघीय क्षेत्र |
| २० | नाइजेरिया | १९६३ | ३६ राज्य, १ संघीय क्षेत्र |
| २१ | लोकतान्त्रिक गणतन्त्र कंगो | १९६४ | २५ प्रदेश, १ संघीय राजधानि क्षेत्र |
| २२ | युएइ | १९७१ | ७ इमिरेट्स |
| २३ | कोमोरस | १९७५ | ३ प्रिफेक्चर |
| २४ | स्पेन | १९७८ | १७ स्वयत्त समुदाय,२ संघीय सहर |
| २५ | माइक्रोनेसिया | १९७९ | ४ राज्य |
| २६ | दक्षिण अफ्रिका | १९९४ | ९ प्रदेश |
| २७ | पलाउ | १९९४ | १६ राज्य |
| २८ | बोस्निया हर्जगाविना | १९९५ | २ गणराज्य |
| २९ | इराक | २००५ | संक्रमणकालिन |
| ३० | नेपाल | २०१५ | ७ वटा प्रदेश, १ संघीय राजधानि, ७५३ स्थानिय तह |

स्रोतः श्रेष्ठ (२०६६), सुवेदि (२०७८)

क्षेत्रिय परिवेशको कुरा गर्दा विश्वको क्षेत्रफलका आधारमा र देशहरुको सङख्याको आधारमा सबैभन्दा ठुलो महादेश एसिया महादेश हो । यहा भारत, पाकिस्तान, नेपाल, मलेसिया, युएइ र इराक लगायतका ६ वटा देशमा संघीयता अपनाएका छन् । यसमा सबैभन्दा पहिले संघीयतामा प्रवेश गरेको देश भारतले सन् १९५० मा संघीयतामा प्रवेश गर्यो भने सबैभन्दा पछि सन् २०१५मा नेपाल संघीयतमा प्रवेश गर्यो । विश्वमा नयाँ र फरक किसिमको विशेषता भएका संघीय मोडेलहरु यसै भित्र पर्दछन् । भारतिय संघीयता, पाकिस्तानि संघीयता, मलेसियन संघीयता, युएइको संघीयता विश्वमा नयाँ र अनौठो खालको पनि छ । यहाँको मौलिक विशेषता र आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरेका छन् ।

एसियाका ६ वटा देशहरु मध्ये भारत,पाकिस्तान र नेपाल सहित ३ वटा देश दक्षिण एसियामा पर्दछन् । खासमा दक्षिण एसियाका यी देशहरुमा जातीय, भाषिक, साँस्कृतिक र क्षेत्रीय विविधतायुक्त मुलुक हुन, यहाँ विविधतायुक्त विशेषतालाई सम्बोधन र आन्तरिक द्वन्द्व समाधानको लागि संघीय शासन व्यवस्था उपयुक्त रहेको देखिन्छ । यस कारण विश्वका अन्य देशहरु भन्दा यि देशमा फरक मोडेल अपनाएका छन् विशेषगरि भारमा देखिन्छ । यसले यहाँको विविधतालाई सम्बोधन गर्नुका साथै उनिहरुका अधिकार र पहिचानलाई स्विकार गरेको छ । नेपालको परिवेशमा कुरा गर्दा नेपाल लामो समयसम्म एकात्मक शासन व्यवस्थामा रहयो, जसको नेतृत्वकर्ता राजतन्त्र थियो । यसैको आधारमा

सम्पुर्ण मुलकमा शासन गर्यो, यसले एकल जातीय, भाषिक र धार्मिक राज्य कायम गर्ने प्रयास गर्‍यो तर यसले नेपाल जस्तो विविधतायुक्त विशेषतालाई सम्बोधन गर्न सकेन र क्षेत्रिय विविधतालाई समेट्न सकेन साथै यसले जनतालाई अधिकारबाट बञ्चित राख्ने कायम गर्यो अथवा जनता अधिकार विहीन बने । यसैकारण जनताले राजतन्त्रले नेतृत्व गरेको एकात्मक शासन व्यवस्थासँग संघर्ष गर्दै यो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन । आज मुलुकमा गणतन्त्र संघीयता लागु हुनुको कारण यहि संघर्ष र विविधतायुक्त विशेषतालाई समेट्ने प्रयास हो । यसै क्रममा नेपालमा ७ वटा प्रदेश, १ संघीय राजधानि र ७५३ स्थानिय तह सहित संघीयता स्थापित भइ कार्यान्वयन भएको ९ वर्ष भइसक्यो समाजमा यसको प्रभाव के कति रहयो ? यसले जनतामा के कति प्रतिफल दियो ? यो महत्वपुर्ण छ । किन भने यो समग्र जनताको लामो संघर्ष, त्याग र आवश्यकतालाई सम्मान गरि आएको शासन व्यवस्था आज कार्यान्वयनको सवालमा कहाँ कसरि प्रयोग भइरहेको छ र यसले फिडब्याक के दियो ? यसवाट जनता कतिको खुसि छन या जनताको जन जीवन के कति परिवर्तन भयो भन्ने सवाल पहिलो हो । यसै सवाललाई मध्यनजर गर्दै यो शोधपत्र तयार पारिएको हो । यो मुख्यगरि नेपालको कर्णाली प्रदेश अन्तरगतको कालिकोट लिल्ला पचाल झरना गाउपालिकामा केन्द्रीत भएर अध्ययन गरिएको छ ।

### ४.१ पचाल झरना गाउपालिकाको परिचय

पचालझरना गाउपालिका कर्णाली प्रदेश कालिकोट जिल्लामा अवस्थित छ । नेपालको संबिधान २०७२ अनुसार देश संघीय संरचनामा गइसकेपछि देशमा संघीय संरचनाको स्वरुप अन्तर्गत नै कालिकोट जिल्लाको पचालझरना गाउपालिकाको स्थापना भएको हो । यसमा साविकको राम्नाकोट,नानिकोट र आधाभन्दा बढि बदाल्कोट गाबिसको सिकु क्षेत्र मिलाएर यो पचालझरना गाउपालिका बनेको हो । २०७४ सालको संविधान अनुसार गाउँ विकास समिति र नगरपालिकाको संरचना हुदा गाउपालिकाको कुनै अवधारणा नै नभएको हुदा यस गाउपालिकाको लामो इतिहास नभएता पनि गाउपालिका बन्ने क्रममा यस गाउपालिकाको नामाकरण गरिएको हो ।

नेपालको संबिधान २०७२ अनुसार साविकको राम्नाकोट गाबिसलाई यस गाउपालिकाको केन्द्र मानेर प्रशासनिक क्रियाकलाप हुँदै आएको यस गाउँ पालिकाको नामाकरण गर्ने क्रममा यस क्षेत्रको मुगु जिल्लामा रहेको नेपालकै ठुलो ताल राराताल पछि एउटा अर्को महत्वपूर्ण पर्यटकीय स्थलको रूपमा रहेको नेपालकै अग्लो पचालझरनालाई विश्वमा चिनाउने उद्येश्यले नै यस झरनाबाट गाउपालिकाको नामाकरण गरिएको हो । भारतको रूपैडिया देखि हुम्लाको हिल्सा जोड्ने सडकको खण्डमा पर्ने यो पचालझरना क्षेत्रको विकास र प्रवर्द्धन गर्न सकेको खण्डमा गाउपालिकालाई प्रदेशकै नमुना गाउपालिका बनाउन सकिने कुरामा दुइमत छैन । साथै यो गाउपालिकाको बिच भागमा नेपालकै लामो नदि कर्णाली बगेको छ । तसर्थ गाउपालिका विकासका विभिन्न पुर्वाधारहरू निर्माण गर्ने क्रममा पचालझरना क्षेत्रको विकासलाई केन्द्रमा राखेर अन्य क्रियाकलापहरू अगाडि बढाउनुपर्ने देखिन्छ भने यस क्षेत्रको समृद्धिका लागि पचालझरनाले ठुलो योगदान गर्नेछ ।

#### ४.१.१ पचालझरना गाउँपालिकाको धरातलीय अवस्थिति

यो गाउँपालिका अक्षाश २९०१७ देखी २९०३४० देशान्तर ८१ ६२' ६ देखी ८१०८००६ सम्म फैलिएको छ । कालिकोट जिल्लाको सदरमुकामदेखि दक्षिण–पश्चिममा पर्ने यो गाउँपालिका पूर्वमा पताला गाउँपालिका र जुम्ला जिल्ला, दक्षिण पुर्वमा तिलागुफ नगरपालिका, पश्चिममा रास्कोट नगरपालिका, उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा खाँडाचक्र नगरपालिकाको विचमा पर्दछ । १६६.६ वर्ग कि.मि. क्षेत्रफल रहेको यो गाउँपालिका समुद्री सतह देखि ९७०

मि. को उचाइ देखि ५००० मिटरसम्म फैलिएको छ भने कालिकोट जिल्लाका अग्ला हिमचुलीहरु यस गाउपालिकासँग जोडिएका छन् ।

### ४.१.२ पचालझरना गाउँपालिकाको सिमाना, क्षेत्रफल

पचालझरना गाउँपालिकाको जम्मा क्षेत्रफल १६६.६ वर्ग कि.मि. रहेको छ भने यसका वडा अनुसारको क्षेत्रफल हेर्दा वडा नं. १ को क्षेत्रफल २७.६ वर्ग कि.मि., वडा नं. २ को क्षेत्रफल ८.९ वर्ग कि.मि., वडा नं. ३ को क्षेत्रफल ५७.४ वर्ग कि.मि., वडा नं. ४ को क्षेत्रफल १०.१ वर्ग कि.मि., वडा नं. ५ को क्षेत्रफल ११.३ वर्ग कि.मि., वडा नं. ६ को क्षेत्रफल ११ वर्ग कि.मि., वडा नं. ७ को क्षेत्रफल १५.२ वर्ग कि.मि., वडा नं. ८ को क्षेत्रफल १४.४ वर्ग कि.मि., र वडा नं. ९ को क्षेत्रफल १०.७ वर्ग कि.मि. रहेको छ। कालिकोट जिल्लाका अन्य स्थानीय तहहरू भन्दा यस पचालझरना गाउपालिकाको क्षेत्रफल काफि ठुलो छ।

### ४.१.३ पचालझरना गाउँपालिकाको भौगोलिक स्वरुप

कालिकोट जिल्लाको दक्षिण–पश्चिम भागमा अवस्थित यो गाउँपालिका भौगोलिक दृष्टिले धैरैजसो भुभाग महाभारत श्रृङखलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चट्टान युक्त र कंकड खैरो माटो अधिकांश भाग जंगलले ढाकिएको, साना फाँटहरु भएको, सिचाईका केहि सम्भावना भएको खेती गर्न सकिने खेतीयोग्य जमिन अन्य विभिन्न नदीनालाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रङखलाका तल्ला होचा पहाडहरूले बनेको छ । यतिमात्र होइन यस गाउपालिका पर्यटकीय स्थलको लागि पनि उपयुक्त हो । जहा विभिन्न झरनाहरू नेपालकै अग्लो पचालझरना, धुलछहरा, बासगाढ, छिरिगाढ, बयाल झरना, लगायतका झरनाहरू छन् । विभिन्न हिम चुलिहरू कालिकोट जिल्लाकै अग्ला चुलिहरू यसै पालिकामा पर्दछन् । विभिन्न धार्मिक स्थलहरू, थुप्रै पाटनहरू तथा चरन क्षेत्रहरू, पाटनलाई सुगन्धमय बनाउने विभिन्न किसिमका फूलहरू, चमर फूल, डोईलि फूल, चिमाल जस्ता थुप्रै फूलहरू र बुकि घास प्रशस्त मात्रामा पाइने गर्छ । साथै यस पालिकाको बिचमा कर्णाली नदि बगेको छ । यस पालिकामा पाइने विभिन्न किसिमका जडिबुटी तथा बुट्यानहरूको उत्पादनका आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ। यस गाउँपालिकामा पाइने विभिन्न किसिमका जडिबुटी तथा बुट्यानहरुको उत्पादनका आधारमा यस अनुसार वर्गिकरण गरिएको छ।

तालीका– २

चालझरना गाउँपालीकामा पाइिने प्रमुख जडिबुटी

| उचाई मीटर | मुख्य जडिबुटी |
|---|---|
| ४८०– १२८० | अमला, असुरो, क्यामो माईल फूल, कचुर, काकरसिंडि, घोडतापे, तुलसी, तेजपत्ता, पीपल, रीठ्ठा, हहातेजडी, मचाईनु, चुत्रो, कात्रो, गुर्जो, पुदीना |
| १२८०– २०८० | अमला, असुरो, ओखर, काउलो, काकरसिंडि, चिराईतो, च्याऊँ, टिमुर, टुकीफुल, तेजपत्ता, मजेठो |
| २०८० –२८८० | अओखर, चिराईतो, चुत्रो, झ्याऊँ, टिमुर, टुकीफुल, डालीचुक, पाखणवेद, पोरे बिस, भुतकेस, सतुवा, सुगन्दवाल, सजाईनु, बिसकात्रो, समयो |
| २८८०– ३६८० | वनलसुन, गुच्चे च्याऊ, जिम्मु, टुकीफुल, डालीचुक, धुपी, पदमचाल, गदान्नु,पाखण्डवेद, विस, पोरे, भुतकेस, लगुपत्र, लौठेसल्ला, सतुवा, सुगन्दवाल, नईर, घोडामर्चो, मिणीणो, चुकीडाल्खे |
| ३६८० –४४८० | वन लसुन, कटुको, जटामसी, जिम्वु, धुपी, पदमचाल, पोरे बिस भुतकेस (भुल्ते), बायाजडी, अत्तेसी, यार्सागुम्वा, रुघेसाग, चिमाल |

स्रोतः प्रत्यक्ष अवलोकन, सरोकारवाला निकायसँगको छलफल

### ४.१.४ भु–उपयोग तथा वातावरण

पचालझरना गाउपालिकाले १६६.६ वर्ग कि.मि. भु–भाग ओगटेको छ। यस गाउपालिकामा बन क्षेत्रले पनि ठुलो भु–भाग ओगटेको छ। यस गाउपालिकामा माटोको बनावट, खेतीयोग्य, जमिन, वस्तियोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगर बासिहरूको आर्थिक हैसियत वृद्ध गर्न र वाताबरणमा प्रतिकुल असर पर्न नदिन के कस्ता उत्पादन प्रणाली तथा नितिहरू अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरि योजना निर्माण पश्चात् कार्यान्वयन गर्नुपर्ने देखिन्छ (खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना, पचालझरना गापा. (२०८०)।

### ४.२. गाउपालिकाको जनसाङ्ख्यिक विवरण

२०७८ सालको जनगणना अनुसार पचालझरना गाउपालिकाको जम्मा घरधुरी, जनसंख्यालाई तालिका, स्तम्भ र वृत्तचित्रमा देखाउदा।


तालिका – ३

२०७८ अनुसार गाउँपालिकाको घरधुरी सर्वेक्षण विवरण.

| वडा न. | घरधुरी | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| १ | २६९ | ६७४ | ६९० | १३६४ |
| २ | २१६ | ५७४ | ५५९ | ११३३ |
| ३ | २९५ | ८३१ | ८८० | १७११ |
| ४ | १९७ | ४७५ | ५२३ | ९९८ |
| ५ | ३१५ | ८३४ | ८८३ | १७१७ |
| ६ | २७४ | ८७९ | ८४१ | १७२० |
| ७ | ३३० | ११३९ | १११८ | २२५७ |
| ८ | २९६ | ८२० | ८४५ | १६६५ |
| ९ | २०६ | ५७८ | ५८२ | ११६० |
| जम्मा | २३९८ | ६८०४ | ६९२१ | १३७२५ |


स्रोत राष्ट्रिय जनगणना २०७८

यसलाई तथ्यांकम वा स्तम्भचित्रमा देखाउदा




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| घरधुरी | २६९ | २१६ | २९५ | १९७ | ३१५ | २७४ | ३३० | २९६ | २०६ | २३९८ |
| महिला | ६७४ | ५७४ | ८३१ | ४७५ | ८३४ | ८७९ | ११३९ | ८२० | ५७८ | ६८०४ |
| पुरुष | १३६४ | ११३३ | १७११ | ९९८ | १७१७ | १७२० | २२५७ | १६६५ | ११६० | १३७२५ |

यसलाई वृतचित्रमा देखाउदा




माथिको तालिका, स्तम्भचित्र र वृत्तचित्र अनुसार २०७८ सालको जनसंख्या अनुसार पचालझरना गाउपालिकाको जम्मा घरधुरी २३९८ रहेकोमा जनसंख्यामा १३७२५ रहेको छ। जसमा पुरूष जनसंख्या ७८१४ र महिला जनसंख्या ७७०३ रहेको छ।

### ४.३. आर्थिक विकास

आर्थिक विकासको लागि यस गाउपालिका भित्र हुने कृषि गतिविधि, उत्पादन, खाद्यान्नको प्रयाप्तता, पशुपालन र त्यसबाट हुने उत्पादन, घरपरिवारको आर्थिक आम्दानी तथा बचत, गाउँपालिकामा भएका साना तथा मझौला उद्योग, होटेल, व्यवसाय, धार्मिक, साँस्कृतिक तथा पर्यटन विकाससँग जोडिएका प्राकृतिक पर्यटकीय स्थलहरू, गाउँपालिका भएको दक्ष जनशक्तिको अवस्था, रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा जाने व्यक्तिको विवरण, जानकारी, सहकारी, बैंकिङ्ग क्षेत्र र वीत्तिय संस्थासँग सम्वन्धित जानकारी समावेश गरिएको छ। आर्थिक विकासका यी क्षेत्रहरूले पचालझरना गाउपालिकाको आर्थिक विकासमा के कस्तो योगदान पुरयाएका छन, आर्थिक विकासमा यी क्षेत्रहरूलाई सरकारको तर्फबाट के कस्तो प्रयोग भइराखेको छ र यसको पुर्णरूपमा उपयोग /प्रयोगको लागि आवश्यक पहल के हुन सक्दछ ? भन्ने कुरा समावेश गरिएको छ।

#### ४.३.१. कृषि तथा जिविको पार्जनको अवस्था

पचालझरना गाउपालिकामा कृषि क्षेत्रको अवस्था कस्तो छ ? यहाको कृषि प्रणाली कसरी चलिराखेको छ ? कृषिलाई व्यावसायको रूपमा पयोग गर्दै आएका छन या ? जीविकोपार्जनको लागि मात्र प्रयोग गरेका छन् भन्ने कुराको अध्ययन गरिएको छ। साथै कृषिलाई परम्परागत खेतीबाट आधुनिकीकरण गरि व्यावसायिक खेतिको रूपमा रूपान्तरण गर्न के कस्तो प्रयास भइराखेको छ ? अझै के गर्नुपर्छ ? भन्ने कुराको अध्ययन गरिएको छ। यहाँ गाउपालिकाले गरेको

सर्वेक्षणलाई राखिएको छ । यसमा गाउँपालिकामा खाद्यान्न लगायत, तरकारी, फलफूल, मसला बाली, तेलबाली लगायतका वस्तुहरुको प्रसस्त मात्रामा उत्पादन हुने गरेको छ । यी उत्पादनका सम्पुर्ण क्षेत्रलाई तालिका स्वरुप यहाँ उल्लेख गर्न सम्भव नभएकोले केहिलाई वाहेक अन्यलाई शाब्दिक रुपमा उल्लेख गरिएको छ । समग्र घरधुरीहरुमा सर्वेक्षण गर्दा बार्षिकरुपमा कति उत्पादन हुन्छ भनेर छलफल गरिएको थियो र सोही आधारमा यहाँ विश्लेषण गरिएको छ।

**क) खाद्यान्न बाली उत्पादनको विवरण**

खाद्यान्न बाली उत्पादनमायस पचालझरना गाउपालिका जिविको पार्जनको अवस्थामा आत्मनिर्भर रहेको छ । यहाँ धान, गहुँ, मकै, कोदो, जौ, फापर, चिनो, कागुनु, जनालो लगायतका खाद्यवालि उत्पादन हुने गर्दछन् । यी वालिहरुको बजारिकरण र आधुनिक खेतिको अभावले गर्दा कृषि पेसालाई व्यवसायीक रुपमा सञ्चालन गर्न नसकेता पनि जीविकोपार्जनको लागि किसान यसमा एकदम आत्मनिर्भर छन् ।यसै विषयलाई अध्ययन गर्दायस गाउँपालिकामा जम्मा ३६२१ मे.ट. धान, ९९५१ मे.ट. मकै, ३०२६ मे.ट. गहुँ, २४६० मे.ट. कोदो, ८८६ मे.ट. जौ, ५० मे.ट. फापर, २० मे.ट. चिनो र ३८ मे.ट. कागुन र ५६ मे. ट. जनालो उत्पादन हुने देखिन्छ । तथापि यसले पुर्ण रुपमा परिवार धान्न सकिरहेको त छैन् तर पनि जिविकोपार्जको लागि प्रमुख आधारको रुपमा रहेको छ (स्रोतः  गापाको वस्तुगत विवरण, पचालझरना गापाको कार्यालय)।

**ख) फलफूल उत्पादनको विवरण**

पचालझरना गाउपालिका फलफूलको लागि पनि महत्वपुर्ण छ। यस गाउँपालिकामा स्याउ, सुन्तला, नास्पती, आँप, अम्बा, आरु, ओखर, कागति, अमिलो चुक, आरुवखडा, पुलम, अनार, मेवा जस्ता महत्वपुर्ण फलफूल उत्पादन हुने गर्दछन्। यहाँ स्याउ १९९ क्वीन्टल, आँप १२५ क्वीन्टल, सुन्तला ४३ क्वीन्टल, अम्बा ३४ क्वीन्टल, केरा ९३ क्वीन्टल, नास्पती ४९ क्वीन्टल, मेवा ४४ क्वीन्टल, कागती २६ क्वीन्टल,अमिलो ५२ क्वीन्टल, ओखर २४ क्वीन्टल, आरु ७२ क्वीन्टल र आरुवखडा ४० क्वीन्टल उत्पादन हुने देखिन्छ (स्रोतः घरधुरी सर्वेक्षण ,गापाको कार्यालय)।

यस गाउँपालिकालाई स्याउ तथा कागती र आरुबखडा जस्ता फलफुलका लागि पकेट क्षेत्र घोषणा गरि कृषक समूहलाई परिचालन गर्न सकेको खण्डमा गाउँपालिकाको आर्थिक विकासका लागि ठूलो योगदान पुऱ्याएको  सकिने देखिन्छ। एकातिर कर्णाली राजमार्ग पनि विस्तारै सुदृढ हुदै गएको अवस्था छ भने भर्खर मात्र हिल्सा सडक खण्ड विस्तार हुदै गएको छ जुन यस गाउँपालिकाको केन्द्र भएर जाने निश्चत छ। यस अवस्थामा यो फलफूल तथा कृषिलाई प्राथमिकतामा राखेर काम गर्न सकेको अवस्थामा यसले फलफूल उत्पादनमा उच्च स्थान लिने र युवा रोजगारीको मार्गलाई पनि अगाडि बढाउने देखिन्छ।

**४.३.२ खाद्यान्नमा आत्मनिर्भरताको अवस्था**

यस गाउँपालिकामा बसोवास गर्ने जनसंख्याको आफ्नो खेतीपातीबाट उत्पादित खाद्यान्न लगातको उपभोग्य वस्तुले वर्ष भरिमा खाना पुग्ने घर परिवारको बर्गिकरण यस प्रकार रहेको छ।

तालिका – ४


गाउँपालिकाको खाद्यान्नको आत्मनिर्भरताको विवरण

| वडा नं | तीन महिना सम्म | छ महिना सम्म | नौ महिना सम्म | बाह महिना सम्म | बढि भएको विक्रि |
|---|---|---|---|---|---|
| १ | १०६ | १३५ | १३ | १४ | १ |
| २ | १० | १९५ | ७ | ४ | १ |
| ३ | ११५ | १०० | ६२ | २० | ५ |
| ४ | ७२ | ७९ | १८ | २८ | ३ |
| ५ | १३३ | १७५ | ४ | ३ | २ |
| ६ | १६७ | ९८ | ५ | ३ | २ |
| ७ | १२३ | ११७ | ७४ | १४ | २ |
| ८ | १५६ | १२६ | १३ | १ | १ |
| ९ | १३८ | ५६ | ८ | २ | ३ |
| गा.पा. | १००८ | १०८० | २०४ | ८९ | २० |

स्रोतः गाउपालिकाको कार्यालयबाट उपलब्ध विवरण

यसलाई प्रतिशतमा देखाउदा निम्न वृत चित्र प्रयोग गरि यस अनुसार उल्लेख गरिएको छ।

**गाउँपालिकामा खाद्यान्नको प्रयाप्तताका आधारमा घरधुरी विश्लेषण**




चार्ट अनुसार गाउँपालिकामा आफ्नै खेतबारीमा भएको उत्पादनले खाना पुग्ने समयका आधारमा विश्लेषण गर्दा ४५ प्रतिसत घरधुरीले छ महिना सम्म खाना पुऱ्याएको देखिन्छ भने ४२ प्रतिसत घरधुरीले तीन महिना सम्म खाना पुर्याउने देखिन्छ। त्यसरी नै ८ प्रतिसत घरधुरीले नौ महिना सम्म आफ्नै घरको उत्पादनले खाना पुऱ्याएको देखिन्छ ४ प्रतिसत घरधुरीले वाह महिना सम्म खाना पुऱ्याएको देखिन्छ भने संख्याको आधारमा १ प्रतिसत घरपरिवारले खाद्यान्न विक्रि समेत गर्ने देखिन्छ।

### ४.३.३ पारिवारिक मासिक आम्दानीको विवरण

यस गाउँपालिकामा भएका घरपरिवारको मासिकरुपमा हुने बचत सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

तालिका – ५


मासिक आम्दानीको बिबरण

| वार्ड न. | आम्दानि हुदैन | ५ हजार भन्दा कम | १० हजार भन्दा कम | २० हजार भन्दा कम | २० हजार भन्दा माथि |
|---|---|---|---|---|---|
| १ | ५० | १०१ | ५५ | ३० | ३३ |
| २ | १५ | ६० | ४५ | ६८ | २८ |
| ३ | ९८ | ७० | ६२ | ३० | ३५ |
| ४ | ४५ | ६५ | २७ | ३१ | २९ |
| ५ | ७८ | ८९ | ९८ | ३० | २० |
| ६ | ५१ | ४३ | ८९ | ६० | ३१ |
| ७ | ५५ | ८० | १६० | १५ | २० |
| ८ | ५० | ५३ | ९३ | ६० | ४० |
| ९ | ५३ | ६३ | ५५ | २० | १५ |
| जम्मा | ४९५ | ६२४ | ६८४ | ३४४ | २५१ |

*स्रोत.गा.पाको कार्यालयबाट उपलब्ध विवरण*

माथिको तालिकालाई विश्लेषण गर्दा मासिकरुपमा कुनै पनि आम्दानी नहुने घरपरिवार यस गाउँपालिकामा जम्मा ४९५ रहेका छन् भने मासिक रु. ५००० भन्दा कम आम्दानी हुने घरपरिवार जम्मा ६२४. मासिक रु. १०,००० सम्म आम्दानी हुने घरपरिवार जम्मा ६८४, मासिक रु. २०,००० सम्म आम्दानी हुने घर परिवार ३४४ र मासिक रु. २०,००० भन्दा बढि आम्दानी हुने घरपरिवार जम्मा २५१ रहेका छन् । यसलाई चार्टमा तलका अनुसार देखाइएको छ ।

मासिक आम्दानीको आधारमा घरपरिवारको विवरण




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | गापा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आम्दानी हुदैन | ५० | १५ | ९८ | ४५ | ७८ | ५१ | ५५ | ५० | ५३ | ४९५ |
| ५ हजार भन्दा कम | १०१ | ६० | ७० | ६५ | ८९ | ४३ | ८० | ५३ | ६३ | ६२४ |
| १० हजार भन्दा कम | ५५ | ४५ | ६२ | २७ | ९८ | ८९ | १६० | ९३ | ५५ | ६८४ |
| २० हजार भन्दा कम | ३० | ६८ | ३० | ३१ | ३० | ६० | १५ | ६० | २० | ३४४ |
| २0 हजार भन्दा बढि | ३३ | २८ | ३५ | २९ | २० | ३१ | २० | ४० | १५ | २५१ |

### ४.३.४ गाउँपालिकाबाट निकासि हुन सक्ने स्रोतको विवरण

यस गाउँपालिकामा भएका विभिन्न निकासीजन्य प्राकृतिक तथा अन्य स्रोतहरुको विवरण यस प्रकार रहेको छ।

तालिका – ६

गाउँपालिकाबाट निकासी हुन सक्ने विभिन्न प्राकृतिक बस्तुको विवरण

| **प्राकृतिक स्रोतको नाम** | | **कृषि जन्म वस्तुहरूको नाम** | | | **पशु जन्य वस्तुहरुको नाम** | | | **उद्योग जन्य वस्तुको नाम** | |
|---|---|---|---|---|---|---|---|---|---|
| खानि, ढुंगा, गिटी, वालुवा | वन पैदावार | खाद्यान्न वाली | तरकारी | फलफूल | अन्य नगदे वाली | पशु जन्य | पंक्षिजन्य | घेरेलु उद्योग | ठुला उद्योग |
| बालुवा | दाउरा, काठ | मकै, धान, गहु, कोदो | साग | स्याउ, सुन्तला, पुलम, चिउरी, नास्पाति, आप, केरा | वेसार | भेडा, बाख्रा | कुखुरा, कालिज, तित्रा | सिलाइ कटाई, राडि, पाखि | |
| गिटी | बाबियो | फपर | प्याज, आलु, काउलि, बन्दा | आरु, आरुवखडा | | गाईभैसि | च्याखुरा | फर्निचर, फर्निचर मसला | |
| ढुंगा | फेरो, गोब्रे, सल्ला, धुपि, भोजपत्र | जौ | काख्रा, मुला | ओखर, चुक, माल्टा | | | | जडिबुटि, डालेचुक | |
| | | | | | | | | फलफूल प्रशोधन | |

*स्रोतः गाउँपालिका सरोकारवालासँग छलफल।*

यस तालिकामा देखाइए अनुसार गाउँपालिकाका विभिन्न वडाहरुबाट बालुवा, ढुङ्गा, माटो आदि खानीजन्य वस्तुहरुको सहज निर्यात अर्थात व्यवस्थित उत्खनन् तथा वितरण गर्न सकेको खण्डमा यसले आन्तरिक राजस्व वृद्धिमा ठूलो मद्दत गर्ने देखिन्छ भने वन पैदावारमा यहाँ रिठा, दालचिनि, अमला, साल सल्लो जस्ता बस्तुहरु रहेका छन्। वन जङ्गलमा अन्य जडिबुटीजन्य वस्तुहरुको संरक्षण गर्न सकेको खण्डमा यसले पनि गाउँपालिकाको आन्तरिक आय वृद्धिमा टेवा पुऱ्याउने देखिन्छ। त्यसरी नै घरमा उत्पादन हुने वस्तुहरुमा घिउ, मासु, दहि, दूध, तथा पशुहरुमा बाखा, भेडा, भैसी, गाई आदि पनि निस्काशन गर्न सकिन्छ।

### ४.३.५ पशुपन्छी पालनको अवस्था

#### ४.३.५.१ गाउँपालिकामा पालन गरिएका पशुपन्छीको विवरण

यस गाउँपालिकाका विभिन्न वडामा गरिएका पशुपालनका आधारमा स्थानीय तया उन्नत जातका पशुहरुको विवरण यस प्रकार रहेको छ।

तालिका –७

गाउँपालिकाका विभिन्न वार्डहरुमा पालिएका पशुपन्छीहरुको विवरण

| वडा न. | गाई | गोरु | बाख्रा | भेडा | भैसि | घोडा | खच्चर | सुगुर | कुखुरा | हास | खरायो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१७ | ३२९ | ९७० | २५१ | १९२ | १२ | १० | ४० | ६४३० | ० | २३ |
| २ | ३०८ | ३८९ | १४३९ | ६५० | १८० | १० | १४ | ३४ | ४४३० | २ | १५ |
| ३ | ५५८ | ५४१ | २१६१ | ५४० | ३६० | ३५ | २८ | २३ | १५२६ | ४० | ३१२ |
| ४ | ३३६ | ३०८ | ४९२ | १५० | ६८ | १० | २३ | १३ | ३६९० | ० | १७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ४३० | ४८९ | २०१ | १८२ | १० | ११ | ३२ | १४ | ४५२० | ६६ | ० |
| ६ | ३२२ | ४७० | ८२६ | २७२ | २२६ | २५ | ३४ | ३० | ५५६० | ० | ७५ |
| ७ | ३२५ | ५२३ | ५१३ | ९१० | २८७ | ८७ | ३८ | २३ | ६३२१ | ० | ९५ |
| ८ | ४३६ | ३६० | ६२३ | १८५ | १६६ | ४३ | २५ | ३२ | ५७८९ | १ | १३ |
| ९ | ३७१ | ३०३ | ५३५ | १६८ | ७९ | १६ | १९ | ३५ | ४९८० | ० | १८ |
| जम्मा | ३४०३ | ३७१२ | ७७६० | ३३०८ | १५६८ | २४९ | २२३ | २४४ | ४३२४६ | १०९ | ५६८ |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६ गापाको कार्यालय

यस गाउँपालिकामा पालिएका पशुपन्छीहरुमा गाई ३४०३, गोरु ३७१२, बाखा ७७६०, भेडा ३३०८, १५६८, घोडा २४९, खच्चर २२३, सुंगुर २४४, कुखुरा ४३२४६, हाँस १०९ र खरायो ५६८ वटा रहेका छन्।

### ४.३.५.२ गाउँपालिकामा पशुपंछी तथा बालीनालीमा लाग्ने रोगहरुको बिवरण

यस गाउँपालिकामा भएका पशुपन्छी तथा बालीनालीमा लाग्ने विभिन्न प्रकारको रोगहरुको विवरण यस प्रकार रहेको छ।

तालिका – ८

पशुपंछी तथा नालिबालिमा लाग्ने विभिन्न प्रकारका रोगहरूको विवरण

| पशुपंछी तथा बालिनालिको नाम | लाग्ने रोगहरु | मौसम |
|---|---|---|
| गाई, भेडा, बाख्रा | भ्यागुते (खुरेत) | चैत, वैसाख |
| भैसि, रागा | चरचरे,सापरे | भदौ, साउन |
| कुखुरा, खरायो, हास | सुनिने,पखाला लाग्ने | वर्सातको मौसममा |
| धान,मकै, जौ, कोदो, फपर, जनालो, चिनो, कागुनु, मास | खुम्ला खोमेरो, डढुवा, मिथेझार, गवारो | |
| बङ्गे, हाडे | साउन भदौ र असोज | |

स्रोतः गापामा सरोकारवाला र स्वास्थ अनुभवीहरूसँगको छलफल

### ४.३.६ उद्योग तथा वाणिज्य सम्बन्धि विवरण

### ४.३.६.१ साना तथा मझौला उद्योगहरूको विवरण

यस गाउपालिकाका विभिन्न वडामा भएका साना तथा मझौला उद्योगहरूको विवरण यसप्रकार रहेको छः

तालिका– ९

साना तथा मझौला उद्योगहरूको विवरण

| **वडा न.** | **उद्योगको नाम** | **दर्ता भएको निकाय** | **उत्पादन हुने वस्तुको विवरण** | **हालको अवस्था** |
|---|---|---|---|---|
| १ | कपडा उद्योग | घरेलु तथा साना उद्योग, कालिकोट | मखमल, सौल | बन्द |
| २ | फनिचर उद्योग | घरेलु तथा साना उद्योग, कालिकोट | फनिचर | चालु |
| ३ | पचाल झरना जडिबुटि | घरेलु तथा सानाउद्योग, कालिकोट | चिया | चालु |
| ४ | डाले चुक उद्योग | घरेलु तथा साना उद्योग, कालिकोट | जुस उत्पादन | चालु |
| ५ | फनिचर मसला उद्योग | घरेलु तथा साना उद्योग, कालिकोट | फनिचर,मसला | चालु |
| ६ | फर्निचर उद्योग | घरेलु तथा साना उद्योग, कालिकोट | फर्निचर | चालु |

स्रोतः स्थानीय उद्योगगिहरूसँगको छलफल २०८०

### ४.३.६.२. गाउपालिकामा भएका एग्रोभेट, पानी घट्ट, मिलको विवरण

गाउपालिकामा भएका एग्रोभेट पानिघट्ट, मिलको विवरण यस प्रकार रहेको छ।

तालिका – १०

गाउपालिकामा भएका एग्रोभेट पानिघट्ट,मिलको विवरण

| वडा नं. | घट्ट तथा मिल रहेको | पानि घट्ट सङ्ख्या | | | मिल सङ्ख्या | | | | कृषि फर्म र नर्सरी सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | टोलको नाम | परम्परागत | सुधारिएको | जम्मा | पानि मिल | डिजेल मिल | विद्युत मिल | चिरानि मिल | कृषि फर्म | एग्रो भेट | नर्सरी |
| १ | काडागाउ | ४ | | | | २ | | १ | | | १ |
| २ | धमालि खयरकोट | ७ | | ७ | | | | | १ | १ | २ |
| ३ | डुङग्री, कोटखोला, खोल | २८ | ५ | ३३ | | | १ | १ | २ | १ | |
| ४ | कवा खोला, लाफागढ | ९ | | ९ | १ | | | | १ | | १ |
| ५ | शाहि, दलित | १ | ५ | ६ | | | | | ३ | | १ |
| | वम, बाह्मण | | ४ | ४ | | | | | २ | | |
| | बाझकोट | | | | | | | | ४ | | |
| ६ | तोलि भिड | ५ | ८ | १३ | | | | | | | |
| | बोलुगाउ | १४ | २ | | | | | | | | १ |
| ७ | वयलछाडा | ९ | १ | १० | | १ | | | | | २ |
| ८ | सिम | २ | | | | | | | | | |
| ९ | घोडाबाडा | १ | १ | २ | | | | | | | |
| | परिगाउ | १ | १ | २ | | | | | | | |
| जम्मा | | ८२ | २७ | १०९ | १ | ३ | १ | २ | १३ | २ | ८ |

स्रोतः स्थानिय सरोकारवालासँगको छलफलबाट प्राप्त विवरण

### ४.३.६.३ गाउपालिकामा भएका बजार सम्बन्धि विवरण

यस गाउपालिकामा विभिन्न वडाहरूमा भएका बजारहरूमा वडा न. १, ८, ९ मा भएका बजारहरूको विवरण यहाँ उपलब्ध गराइएको छ। अन्य बजारहरू उपलब्ध नभएको हुदा यहाँ दिइएको छैन। यस गाउपालिकामा भएका साना ठुला बजार सम्बन्धि विवरण यस प्रकार रहेको छ।

तालिका – ११

गाउँपालिकामा भएका बजारहरूको विवरण

| वडा न. | वस्तिको नाम | बजारको नाम | वस्ति देखि दुरी |
|---|---|---|---|
| १ | सिकु | भात्तडि | २ कि.मि. |
| ८ | भुराबगर,मयकोट | भुराबगर | १ घण्टा |
| | मयकोट | चाटेबगर | १ घण्टा |
| | भैसेसैन,लाफा | भैसेसैन | २० मिनेट |
| ९ | फुगाड | फुगाड | ३ कि.मि. |
| | खोलिबजार | खोलिबजार | ४ कि.मि. |

स्रोतः प्रत्यक्ष अवलोकन तथा सरोकारवाला निकायसँगको छलफलबाट उपलब्ध बिवरण

## ४.३.७ गाउपालिकाको जनशक्ति, रोजगार तथा वैदेशिक रोजगार सम्बन्धि विवरण

### ४.३.७.१. रोजगारीमा संलग्न जनशक्तिको विवरण

यस गाउपालिकामा विभिन्न पेसामा आवद्ध जनशक्तिको विवरण यस प्रकार रहेको छ।

तालिका– १२

गाउपालिकामा विभिन्न रोजगारीमा संलग्न जनशक्तिको विवरण.

| वडा न. | शिक्षक स्थायी | शिक्षक अस्थायी | निजि बोर्डिङमा | अन्य निजिमा | सेना | जनपथ प्रहरी | सशस्त्र प्रहरी | स्वास्थ्य प्राविधिक | कृर्षि प्राविधिक | वन प्राविधिक | कम्प्युटर | इञ्जिनिर | अन्य प्राविधिक | अन्य सरकारि कार्याल | गैसस |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ११ | ३ | ५ | १ | १ | ० | ३ | ३ | १ | ० | १ | १ | २ | ८ |
| २ | ३ | ७ | ० | ७ | ० | ० | ० | ४ | १ | ० | ० | २ | १ | ३ | ४ |
| ३ | ३ | १२ | ५ | १ | ४ | २ | ० | ४ | ० | ० | २ | २ | १ | ५ | ४ |
| ४ | १४ | १२ | ३ | १ | २ | १ | ३ | १५ | ४ | १ | ३ | २ | ३ | २५ | ८ |
| ५ | ८ | १४ | २ | १ | १ | ६ | २ | १ | ० | ३ | ३ | ० | १ | ३६२ | ३ |
| ६ | ४ | ८ | ० | ० | १ | ० | ० | ८ | ३ | ० | ० | ० | २ | १ | ४ |
| ७ | २ | ८ | ० | ० | ० | ० | ० | १ | ८ | २ | ० | ० | १ | ५ | ५ |
| ८ | १ | १० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ९ | ३ | ७ | ० | १८ | ० | २ | ० | ३ | ० | ० | १ | ० | ० | ० | ४ |
| जम्मा | ४२ | ८९ | १३ | ३४ | १० | १२ | ५ | ३९ | १९ | ७ | ९ | ७ | १० | ४०६ | ४६ |

*स्रोतः प्रत्यक्ष अवलोकन घरधुरी सर्वेक्षण,गापाको कार्यालयबाट उपलब्ध*

### ४.३.७.२. वैदेशिक रोजगारीमा जाने व्यक्तिको विवरण

यस गाउँपालिकाबाट भारत लगायत विश्वका विभिन्न मुलुकहरुमा रोजगारीको सिलसिलामा जाने क्रम एकदमै वढि छ, नेपालका दुर्गम क्षेत्रबाट भारतमा गई काम गर्ने प्रचलन नयाँ होइन। भारतसँग खुला सिमाना भएको कारण पनि आम मानिसहरुको कतिबेला जान्छ र फर्कन्छ भन्ने कुराको पनि टुङ्गो हुदैन। तथापी पछिल्लो चरण भारत लगायत खाडि, कोरिया, जापान र अन्य विकसित देशमा जाने व्यक्तिको संख्या एकदमै बढ्दो छ। जसमायस गाउँपालिकाबाट रोजगारीका लागि भारतमा जाने वर्गमा २८२ जना रहेका छन भने खाडीमुलुकमा जाने १५० जना रहेका छन्। त्यसरी नै कोरियामा जाने २ जना रहेका छन्। जापान जाने ५ जना र अन्य विकसित देशमा जाने ४ जना रहेका छन् (घरधुरी सर्वेक्षण, गापाको कार्यालय र प्रत्यक्ष तथ्यांक संकलन)।

## ४.३.८पर्यटन विकास सम्वन्धी विवरण

सामान्यतया मानिसहरू विभिन्न उद्धेश्यले एक ठाउबाट अर्को ठाउँमा घुमफिर गर्ने कार्यलाई पर्यटन भनिन्छ। पर्यटन गर्नुका उद्देश्यहरूमा मनोरञ्जन तिर्थाटन, पर्वतारोहण, दृश्यावलोकन, व्यापार अध्ययन सभा सम्मेलन आदि हुन सक्छन्। यसरी विभिन्न उद्धेश्यले पर्यटन गर्ने मानिसलाई पर्यटन भनिन्छ। जसमा आन्तरिक र बाह्य पर्यटक गरि दुई किसिमका पर्यटक हुन्छन्। यसमा पचालझरना गाउपालिकामा भएका पर्यटकीय स्थलहरू वा पर्यटन क्षेत्रबाट गा.पा.को आर्थिक विकासमा के कस्तो योगदान रहेको छ ? आर्थिक विकासको लागि पर्यटन क्षेत्रलाई सरकारि स्तरबाट के कस्तो प्रयास भइराखेको छ ? भन्ने कुराको विवरण संकलन गरिएको छ भने उक्त विवरण अनुसार यसका सम्भावना र चुनौतिहरूको चर्चा गरिनेछ।

### ४.३.८.१ गाउँपालिकामा भएका ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको विवरण

यस गाउँपालिकाका विभिन्न वार्डहरुमा भएका विभिन्न देवीदेवताका मन्दिर, ताल तलैया, झरणा, पोखरी, छहरा आदिको विवरण यस प्रकार दिइएको छ।

तालिका – १३

गाउँपालिकामा भएका ऐतिहासिक तथा पर्यटकिय स्थलको विवरण

| वडा न. | स्थलको नाम | क्षेत्रफल | भौतिक संरचना/यातायात | स्थलको महत्व/विशेषता |
|---|---|---|---|---|
| १ | कुलिवाद झरना<br>कोट छहरा झरना | २०० कि.मि.<br>१०० कि.मि. | पैदल<br>पैदल मार्ग | पर्यटकिय क्षेत्र<br>पर्यटकिय क्षेत्र |
| | पहरपाटा झरना | १५० कि.मि. | पैदल मार्ग | पर्यटकिय क्षेत्र |
| २ | नौमुले पर्यटकिय स्थल | – | पैदल मार्ग | पर्यटकिट क्षेत्र |
| ३ | पचाल झरना | ३८१ मि.उचाई | पैदल मार्ग | प्रमुख पर्यटकिय स्थल |
| | उनिकोट दरबार | ५०० मिटर टाढा | पैदल मार्ग | कोटे राजाको दरबार रहेको स्थल |
| | भारपाटा,गरपाटा,कालामुणसेर,ठाम्र,किराझन,लोहोरि माणु | २ कि.मि. | पैदल मार्ग | लेक, वर्षको एकपटक मात्र पाक्ने गहु, आलु, सिमि, तारा चुक, घना जंगल, जडिबुटि |
| | सिम, मसिन, ढडार, लामासिंग, पुग, मसिन | ३५०० देखि ४८०० मिटर उचाई सम्म | पैदल मार्ग | वुकि पाटन, चरन क्षेत्र, भेडा पालन, यार्सागुम्बा, जडिबुटि, घनाजंगल, डाफे, कस्तुरि, रेडपाण्डालेकालि रुखहरु चिमाल, धुपि |
| | लुवासोरि, पचालो, मस्टो, कैलाश, नारायण, भुवानि, कुलदेव, महादेव, खोदाई, धलपुरो | गाउ आसपास | पैदल मर्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| ४ | दागा, कदाई, देवदार रुख, बगडा | – | पैदल मार्ग | सुन्दर तथा ऐतिहासिक पर्यटकिय स्थल |
| | खोदाई, गुरो, रम्मल मस्टो, बुड्का माडुामाडु, डाडामाडु | गाउ आसपास | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| ५ | डंसिले हिमाल, काफल डाडा | ५०० देखि ४५०० मि.उचाई | पैदल मार्ग | सुन्दर हिमाल, लेक, रमणिय ठाउ |
| | कालासिल्ला थान, देहेडु, कलिका, औलकोटि देवताका मन्दिरु | गाउ आसपास | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| ६ | जलकुण्ड मग्राह, रुमाल मस्टा थान, महादेव दोशासैनि, कोट, खाडखोला | १ कठ्ठा, १ विघाक/गाउ आसपास | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| ७ | पंगेलि पर्यटकिय क्षेत्र, गुफा नाउला, सिमाष्टा, मन्दिर, कालो मस्टो ढोडासैनि, बन्दमाला देवि, छसुतुवाल मन्दिर, कालिका देवि | गाउ आसपास | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| | बयाल झरना | १५० कि.मि. | पैदल मार्ग | झरना, पर्यटकिय स्थल |
| ८ | वयला, भिटा, मयकोट ठांटि, खठितोलि | – | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |
| | वयाल झरना, मयकोट | – | पैदल मार्ग | झरना, कोट दरबार |
| ९ | खोदाई, धलपुरा, महादेव, मदाना मन्दिर | गाउ आसपास | पैदल मार्ग | धार्मिक पर्यटकिय स्थल, विभिन्न देवि देवताका मठमन्दिरहरु |

स्रोतः प्रत्यक्ष अवलोकन तथा सरोकारवाला निकायसँगको छलफलबाट प्राप्त बिवरण

यस गाउपालिकामा पचालझरना बाहेकका अन्य पर्यटकीय स्थलको पहिचान गर्न बाकी रहेको छ । मठ मन्दिर, ताल तलैया, भरना छहरा, खोलानाला, वुकि पाटन, चरन क्षेत्र, घना जङ्गल, धुपि चिमाल क्षेत्र, जडिबुटी, कृषि उत्पादन, हिमालहरू सबैको पहिचान गरि पर्यटन विकासका लागि पचालझरनाको विकाससँग समन्वय गराउन सके समग्र पचालझरना गा.पाको विकासमा टेवा पुर्याउन सकिने देखिन्छ । गाउपालिकाको वार्ड न.३ मा भएका छिरिगाड झरना, धुलछहरा झरना, बासगाढ झरना, चुलि, पुग मालिक, डौसिले हिमाल, सिम, ढडार, लामासिंग, मसिन पाटन जस्ता चरन क्षेत्र आदिको विकासको लागि पर्यटन गुरूयोजना तयार पारि विकास मुलककार्य गर्न जरुरी छ । साथै यस गाउँपालिकाले नयाँ निति तथा कार्यक्रममा यस गापाको पहिचानको र शानको रूपमा रहेको पचालझरनालाई आधिकारिक निकायबाट नापि प्रमाणित, सुचिकरण र राष्ट्रिय राजपत्रमा प्रकासन गराउने/गर्ने कार्यलाई आ.व २०८०/८१ मा पूरा गरेको छ । पचालझरनाको प्रचारप्रसार र पर्यटन प्रवद्र्धधनको लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय, प्रदेश प्रवेशद्वार, जिल्ला प्रवेशद्वार, जिल्ला स्थित कार्यालय, गापा प्रवेश विन्दुमा पचालझरनाको जानकारी सहितको फोटो, पोस्टर, पम्पलेट निर्माण तथा वितरणको व्यवस्था मिलाईने लक्ष्य राखेकोछ । पचालझरना गाउँपालिका भित्र रहेका पर्यटकीय, धार्मिक, साँस्कृतिक महत्वका क्षेत्रको एकीकृत विकास र प्रवर्दधनको लागि एकीकृत पचालझरना पर्यटन गुरूयोजना निर्माणको लागि आवश्यक व्यवस्था मिलाउने लक्ष्य पनि राखेको देखिन्छ । गापाको आर्थिक विकासको लागि  पर्यटन क्षेत्र एकदमै महत्त्वपूर्ण र प्रमुख आधार हुने देखिन्छ । अन्य क्षेत्र भन्दा यसको सम्भावना अलि बढि देखिन्छ मात्र प्रयोग कसरी गर्ने त्यसमा भर पर्दछ । यसको लागि पनि पालिका सरकारले पर्यटन विकासलाई प्रथामिकता दिनु सकारात्मक कार्य हो । यसलाई यतिमा मात्र होइन अझै अगाडि अगाडि बढाउन दिर्घकालिन सोच्नुपर्ने हुन्छ ।

### ४.३.९ सहकारी तथा बैंक र वित्तीय संस्थाको विवरण

#### ४.३.९.१ विभिन्न सहकारी संस्थाको विवरण

यस गाउपालिकामा भएका जम्मा दर्ता भएका र सक्रिय रूपमा कार्य गरिरहेका सहकारीहरूमा बहुद्देश्य सहकारी संस्थाको संख्या ३, कृषि सहकारी सँस्थाको संख्या ४, बचत तथा ऋण सहकारी सँस्थाको संख्या २ रहेका छन भने गापामा जम्मा सहकारी सँस्थाको संख्या ९ रहेको छ । ( गापाको कार्यालयबाट उपलब्ध विवरण)

#### ४.३.९.२ गाउपालिकामा स्थापना भएका बैंकको विवरण

यस गाउँपालिकामा भर्खर मात्र नविल बैंकले गाउँपालिकाको केन्द्र रहेको राम्नाकोटमा आफ्नो गाउँपालिका स्तरिय शाखा खोलि सेवा प्रवाह गरिरहेको छ । अन्य कुनै पनि बैंकहरुले गाउँपालिकामा नै कार्यालय स्थापना गरि सेवा प्रवाह गरिरहेको अवस्था छैन । तर यस गाउँपालिकाका आम नागरिकहरुले अन्य विभिन्न बैंकहरुमा पनि खाता खोलि सेवा लिइरहेका छन् ।

#### ४.३.९.३ गाउँपालिकामा जनताको पहुँच भएका बैंकहरुको विवरण

यस गाउँपालिका भएका आम समुदायले कारोवार गर्ने बैंकहरुमा रा.बा.बैंक, सानिमा बैंक, टुरिजम बैंक, नेपाल बैंक लिमिटेड, नबिल बैंक, ग्लोबल बैंक, एन.आइ सि एसिया बैंक, लक्ष्मि सनराईज बैंक, मेघा बैंक, कुमारी बैंक, मुक्तिनाथ बैंक, लक्ष्मि सनराइज बैंक, मेगा बैंक, एनएमबि बैंक साथै यस गाउपालिकाले आर्थिक विकासको लागिकृषि पशु पंक्षि, सहकारी, व्यवसाय दर्ता र नविकरण, पर्यटन, रोजगार (प्र.म. रोजगार र मुख्य मन्त्री रोजगार) उद्यम विकास,

बहुक्षेत्रिय पोषण क्षेत्रमा विभिन्न गुरूयोजना तयार पारेको छ । हाल प्राप्त भएको तथ्यांकले गापामा पहुँच पुर्याउने काम मात्र गरेको छ भने आर्थिक विकासमा आवश्यकता पुर्याउन सकेको छैन ।

## ४.४ सामाजिक विकास

सामाजिक विकास भन्नाले समाजसँग जोडिएका अथवा सामाजिक राजनीतिक चेतनासँग जोडिएका सकारात्मक विकासहरू हुन भन्ने बुझिन्छ । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला बालबालिका तथा जेष्ठ नागरिकको सामाजिक स्थिति, नागरिक चेतना, जनताको राजनीतिक सहभागिता, सभ्य राजनीतिक संस्कार जस्ता कुराहरू पर्दछ् । यसले जनताको सामाजिक र राजनीतिक चेतनालाई माथि उकास्ने काम गर्दछ । जनताको सामाजिक तथा राजनीतिक चेतना साथै आर्थिक अवस्थालाई माथि उकास्नको लागि आधारभूत वा निर्धारक तत्वहरू नै गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, खानेपानी तथा सरसफाइ, राजनीतिक सहभागिता सहभागिता, नागरिक चेतना जस्ता कुराछन यिनलाई सुधार गर्नु आजको मुख्य चुनौति रहेको छ ।

यहाँ समग्र पालिकाको सामाजिक अवस्था के कस्तो रहेछ भन्ने कुराको विवरण सहित प्रस्तुत गरिएको छ । सुरूमा वर्तमानमा भइरहेको अवस्थाबारे विवरण प्रस्तुत गरिएको छ भने त्यसलाई यसको सुधारको लागि के कस्तो प्रयास भइरहेको छ ? र यसको विकल्प के हुन सक्दछ भन्ने कुरालाई देखाएको छ । यसै सन्दर्भमा यस पचालझरना गाउपालिकाको ३ न. वडाको शैक्षिक अवस्था, यहाको साक्षरता दर, शैक्षिक तह के कति छ भन्ने कुराको प्रत्यक्ष अध्ययन गरि यहा प्रस्तुत गरिएको छ । यसलाई पालिकाको तथ्यांकमा पनि प्रस्तुत गरिएको छ ।

### ४.४.१ शिक्षा

#### ४.४.१.१ वार्ड न.३ को जनसङ्ख्याल र शैशिक अवस्थ

पचालझरना गाउपालिका वार्ड न.३ को शैक्षिक अवस्थाबारे प्रत्यक्ष अध्ययन गरि विवरण यहाँ प्रस्तुत गरिएको छ ।

तालिका – १४


पचालझरना गापा वार्ड न ३ को जनसङ्ख्या र शैक्षिक अवस्थाको विवरण

| **क्र.स.** | **घरधुरी सङ्ख्या** | **जनसङख्या** | | | **साक्षरता सङ्ख्या** | | | | | | | | | **निरक्षरता सङ्ख्या** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा सङ्ख्या | महिला | पुरुष | SEE पास | १२ पास सङख्या | स्नात तह पास | स्नाकत्तरतक तह पास | SEE भन्दामाथि | SEE भन्दा तल | जम्मा | महिला | पुरुष | जम्मा निरक्षर सङख्या |
| १ | २९५ | ८३१ | ८७८ | १७१२ | ५५८ | ६६५ | २८० | १५८ | १३ | २ | ४५४ | ७६८ | १२२३ | २७३ | २१८ | ४९१ |


स्रोतः प्रत्यक्ष अध्ययन, विद्यालयमा विद्यार्थिहरु संग छलफलवाट प्राप्त विवरण

यस साक्षरता सङख्यालाई वृत्तचित्रको आधारमा देखाएको छ।

वृत्तचित्र




निरक्षरता संख्या




यो तथ्यांक २०८०/११/२२ सम्मको हो। यहाँ वृद्ध देखि भरखरै जन्मेको नवजात शिशु सम्पुर्णलाई समेटिएको छ। वाड न. ३ मा रहेका प्रत्येक टोलको अलगअलग विवरण निकालि समग्रलाई एउटै विवरणमा प्रस्तुत गरिएको हो।

माथिको तालिका र वृत्तचित्र अनुसार यस पचालझरना गाउपालिका ३ मा जम्मा जनसंख्या १७१२ रहेको छ। जसमा पुरूस संख्या ८७८ र महिला सङ्ख्या ८३१ जना रहेको छ। यहाँको साक्षरता सङ्ख्या जम्मा १२२३ जसमा जना मध्ये एसएलसि\एसइई भन्दा माथिको सङ्ख्या ४५४रहेको छ भने त्यो भन्दा तलको सङ्ख्या ७६८ जनारहेको छ। एसएलसि/एसइई मात्र पास गरेको सङख्या २८०जना, १२ पास गरेको सङ्ख्या १५८ जना र स्नातक तह पास गरेको सङख्या १३ जना र स्नातकोत्तर तह पास गरेको सङख्या २ रहेका छन्। यहा जम्मा जनसङ्ख्या मध्ये निरक्षर संख्या ४९१ रहेको छ भने यसमा महिला निरक्षर सख्या २७३ र पुरूष निरक्षर सङ्ख्या २१८ रहेको छ। वाड न. ३ को यो तथ्यांक हालसम्म भएको शैक्षिक स्तरको हो।

यो विवरण नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनुभन्दा पहिलाको भन्दा धैरै परिवर्तन भएर आएको छ। त्यतिबेलाको १२ सम्मको सङख्या अहिले स्नातकोत्तर तहसम्म पुगेको छ। यसो हुनु भनेको यहाँको शैक्षिक स्तर माथि उठ्नुका साथैहिजो भन्दा आज सुधार हुनु हो। पालिकाका अन्य वडाको भन्दा यहा शिक्षा क्षेत्रमा केही प्रगति भएको देखिन्छ। तर यतिले मात्र हुदैन। यो त हिजोको तुलनामा परिवर्तन हो तर उल्लेखनीय भने होइन। यसलाई उल्लेखनीय र प्रभावकारी बनाउन गुणस्तरीय शिक्षाको आवश्यकता छ,यसमा सुधार गर्नुपर्छ। यहाँको शैक्षिक रोजगारीको सङख्या एकदमै कम रहेको छ, जसलाई पनि बढाउनुपर्ने देखिन्छ। यहाँ निरक्षर सङख्या ४९१ रहेको छ। जसमा अधिकांश कक्षा १ देखि तल भर्खर जन्मेको स ङख्या रहेको छ भने बाकी ठुलो उमेर समुहको सङख्या रहेको छ। जुन आफ्नो नाम समेत लेख्न सक्दैनन्। अब यो सङख्यालाई कसरी घटाउने ? पुर्ण साक्षर बनाउने ? भन्ने बारे सोच्न यसबारे योजना बनाउन र कार्यान्वयन गर्न आवश्यक छ।

यहाँको साक्षरता दरलाई बढाउन निरक्षरता दर घटाउन,शैक्षिक गुणस्तर वृद्धि गर्न, उच्च शिक्षा सङख्यामा बृद्वि गरि शैक्षिक रोजगार सङख्या बढाउनमा सरकारले खासै भुमिका खेलेको देखिदैन। पछिल्लो चरण सरकारको तर्फबाट केहि नयाँ गतिविधि गरेजस्तो देखिएता पनि त्यो खासै प्रभावकारी हुन सकिरहेको छ। साथै पहिलेदेखि केही गैरसरकारी संस्थाहरूले पनि विभिन्न कार्यक्रमहरू गर्ने गरेका भएपनि ती कार्यक्रमले सामुदायिक शिक्षा क्षेत्रमा सुधार भन्दा झन खोक्रो र परनिर्भर बनाइरहेका देखिन्छन्। त्यसैले संघीयता कार्यान्वयन पछि देखिएको यो परिवर्तन साथै यसलाई पुर्ण रूपमा परिवर्तन गर्न सरकारले उल्लेखनीय भुमिका खेल्नुपर्ने देखिन्छ। यसको लागि दिर्घकालिन गुरूयोजना रणनीति बनाउने र नियमपुर्वक कार्यान्वयन गर्नुपर्ने।

**४.४.१.२ समग्र पालिकाको अवस्था**

समग्र गाउपालिकाको शैक्षिक अवस्थावारे अध्ययन गर्दा यहाँ सम्पूर्ण साक्षरता बारे उल्लेख गर्न सम्भव नहुदा यहाँ पालिकाको माध्यामिक शिक्षा भन्दा माथिको अवस्थालाई प्रस्तुत गरिएको छ।

**४.४.१.३ गाउँपालिकामा उच्च शिक्षामा संलग्न जनशक्ति**

यस गाउँपालिकाका विभिन्न वार्डमा उच्च शिक्षा अर्थात हालको शैक्षिक संरचना अनुसार उच्च शिक्षाका विभिन्न तहहरु पास गरेका वा सो तहमा अध्ययन गरिरहेका महिला पुरुषको जनसंख्याको विवरण यस प्रकार दिइएको छ।

तालिका – १५

गाउँपालिकाको उच्च शिक्षा प्राप्त जनशक्तिको विवरण

| वडा न. | ममाध्यामिक तह पास | | स्नातक तह पास | | स्नातकोत्तर तह पास | | प्राविधिक तह | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | १४ | १६ | ६ | ६ | ० | १ | ० | २ |
| २ | ७६ | ९२ | ० | ४ | १ | ३ | ४ | ६ |
| ३ | ६८ | ९० | ३ | ६ | | २ | २ | ४ |
| ४ | २९ | ३८ | ४ | ८ | ३ | ५ | ० | २ |
| ५ | ५६ | ६५ | १ | ४ | २ | ३ | ४ | ६ |
| ६ | ७० | ९० | ० | ० | ० | ० | २ | २ |
| ७ | ७३ | ९५ | ५ | ७ | १ | ३ | ४ | ९ |
| ८ | ८० | ९२ | १ | २ | ० | १ | ० | १ |
| ९ | २९ | ५० | १ | ३ | ० | २ | २ | ३ |
| जम्मा | ४९५ | ६२८ | २१ | ४० | ७ | २० | १८ | ३५ |

सोतः घरधुरी सर्वेक्षण.(२०७६) गाउपालिकाको कार्यालयबाट उपलब्ध विवरण


उपरोक्त तालिकालाई विश्लेषण गर्दा यस गाउँपालिकामा हालको संरचना अनुसार माध्यामिक तह सम्मको शिक्षा हासिल गरेको जनशक्तिको विवरणमा महिला ४५७ जना र पुरुष ५६५ जना रहेका छन् । हालको संरचनामा माध्यामिक तह भन्नाले कक्षा ८–१२ भएता पनि यहाँ एसइइ (साविकको एस एल सी) तथा कक्षा १२ सम्मको अध्ययन गरि बसेको जनसंख्यालाई जनाउदछ । त्यसरी नै स्नातक तहमा महिला २१ जना पुरुष ४० जना रहेका छन् । त्यसरी नै स्नातकोत्तर तहमा महिला ७ जना र पुरुष २० जना रहेका छन् । प्राविधिक क्षेत्रमा महिला १८ जना र पुरुष २९ जना रहेका छन् ।

### ४.४.१.४ गाउँपालिका तथा विभिन्न वार्ड अनुसारको साक्षरता दर

यस सर्वेक्षणमा ५ वर्ष भन्दा माथिका महिला पुरुषको वस्तुस्थितीलाई आधारमा मानेर गणना गरिएको हुँदा गाउँपालिकाको साक्षरता दर यस प्रकार देखाईएको छ । गाउँपालिकाको साक्षरता संख्याको आधारमा महिला साक्षरता दर ६८.६९% रहेको छ भने पुरुष साक्षरता दर ७०.८८% रहेको छ । समग्र गाउँपालिकाको साक्षरता दर ६९.७९% रहेको

छ । यो साक्षरता पाँच वर्ष भन्दा माथिको जनसंख्यामा विश्लेषण गरिएको छ ।

**वृत्तचित्र**




(स्रोतः घरधुरी सर्वेक्षण, गापाको कार्यालयबाट उपलब्ध विवरण.(२०७६)

यो विवरण २०७६ सम्मको विवरण हो भने यो भन्दा पछिल्लो अवस्था यहाको साक्षरता सङ्ख्या माध्यमिक तहको शिक्षा देखि उच्च शिक्षा, प्राविधिक शिक्षा प्राप्त गर्नेको सङ्ख्या पनि बढ्दो स»ख्यामा छ । साथै पालिकामा यतिले मात्र पुग्ने देखिदैन यसको लागि पालिका सरकारले विशेष भुमिका खेल्नुपर्ने देखिन्छ । यो विवरण अनुसार त्यति प्रयाप्त मात्रामा सुधार भएको छैन, यसलाई अझै गुणस्तरीय र प्रभावकारी बनाउनुपर्ने देखिन्छ । जम्मा जनसंख्याको आधारमा यो साक्षरता सङख्या र उच्चशिक्षा प्राप्त गर्ने सङख्या एकदमै कम रहेको छ ।

### ४.४.१.५ बालबिकास केन्द्रहरूको विवरण

यस गाउपालिकामा शैक्षिक स्तर वृद्धि गर्न तथा निरक्षरता दर घटाउनको लागि विभिन्न वार्डहरूमा बालबिकास केन्द्रहरूको स्थापना भएको गरिएको छ, जुन निम्नानुसार रहेको छ। यस गाउपालिकामा लगभग १६ भन्दा बढिको सङ्ख्यामा बालविकासकेन्द्र ECD हरू स्थापना भइसकेका छन् । यसले बालबालिकाहरूलाई साक्षरता बनाउन सहयोग गर्ने देखिन्छ । गाउका ठुला विद्यालयमा जान नसक्ने खालका र विद्यालयमा पढ्ने उमेर भइसकेका बालबालिकाहरूलाई साक्षर बनाउन ठुलो भुमिका खेल्ने गरेका देखिन्छन ।

### ४.४.१.६ आधारभुत तथा माध्यमिक विद्यालयको जानकारी

यस गाउपालिकामा भएका विभिन्न आधारभूत, माध्यमिक र निजि बोर्डिङ स्कुलहरूको नाम स्थापना मिति, स्रोत केन्द्रको नाम, प्रधानाध्यापकको नाम, कक्षा १ मा भर्ना हुदा बाल शिक्षाको अध्ययनको अनुभव सहितको जानकारी यस अनुसार दिइएको छ ।

तालिका – १६

आधारभूत तथा माध्यमिक विद्यालयको आधारभूत जानकारी

| **वडा न.** | **क्र.सं.** | **विद्यालयको नाम** | **ठेगाना** | **स्थापना मिति** | **स्रोत केन्द्रको नाम** |
|---|---|---|---|---|---|
| १ | १ | श्री ललिगुराँस आ.वि. | पचालझरना १,चौलि | वि.स.२०६४ | राम्नाकोट जारकोट |
| | २ | श्री सरस्वति मा.वि. | पचालझरना १, सिकु | वि.स.२०२९ | राम्नाकोट जारकोट |
| | ३ | श्री मस्टादेव आ.वि. | पचालझरना १, काडागाँउ | वि.स.२०७१ | राम्नाकोट जारकोट |
| २ | १ | श्री कालिका मा.वि. | पचालझरना २, खयरकोट | वि.स.२०४५ | पचालझरना २ जारकोट |
| | २ | श्री नौमुले आ.वि. | पचालझरना २, खयरकोट | वि.स.२०६४ | पचालझरना २ जारकोट |
| ३ | १ | श्री शिसु कल्याण आ.वि. | पचालझरना ३, भंक | वि.स.२०४९ | पचालझरना –४ राम्नाकोट |
| | २ | श्री जनज्वति आ.वि. | पचालझरना ३, खार्दु | वि.स.२०६३ | पचालझरना –४ राम्नाकोट |
| | ३ | श्री जनता मा.वि. | पचालझरना ३, खार्दु | वि.स.२०२८ | पचालझरना –४ राम्नाकोट |
| | ४ | श्री हिमाल आ.वि. | पचालझरना ३, थानकोट | वि.स.२०६२ | पचालझरना ४ जारकोट |
| ४ | १ | श्री ज्ञानोदय मा.वि. | पचालझरना ४, राम्नाकोट | वि.स.२०२४ | पचालझना |
| ५ | १ | श्री पञ्चकालिका मा.वि. | पचालझरना ५, बाझकोट | वि.स.२०३९ | पचालझरना –४ राम्नाकोट |
| | २ | श्री नवकिसण आ.वि. | पचालझरना ५, बाझकोट | वि.स.२०५० | पचालझरना –४ राम्नाकोट |
| | ३ | श्री चमत्कार आ.वि. | पचालझरना ५, बाझकोट | वि.स.२०६७ | पचालझरना –४ राम्नाकोट |
| | ४ | श्री कालाशिल्ला आ.वि. | पचालझरना ५, बाझकोट | वि.स.२०५३ | पचालझरना –४ राम्नाकोट |
| ६ | १ | श्री जनप्रिय आ.वि. | पचालझरना ६, बोलुगाउ | वि.स.२०४५ | पचालझरना |
| | २ | श्री कालिकादेवि आ.वि. | पचालझरना ६, बोलुगाउ | वि.स.२०४५ | जारकोट |
| ७ | १ | श्री पंगेलि देवि मा.वि. | पचालझरना ७, नुवाघर | वि.स.२०२९ | थिर्पु |
| | २ | श्री कालिका देवि मा.वि. | पचालझरना ७, नानिकोट | वि.स.२०४२ | थिर्पु |
| ८ | १ | श्री सरस्वति मा.वि. | पचालझरना ८, मिहा | वि.स.२०१७ | |
| | २ | श्री कर्णाली आ.वि. | पचालझरना ८, विस्खेत | वि.स.२०६४ | |
| | ३ | श्री विद्यादेवि मा.वि. | पचालझरना ८, मयकोट | वि.स.२०५२ | |
| | ४ | श्री थामढेङ्गा इ.मि. स्कुल | पचालझरना ८, खडिज्युला | वि.स.२०६४ | जारकोट |
| | ५ | श्री विद्यादे मन्दिर आ.वि. | पचालझरना ८, गोठि | वि.स.२०४८ | पचालझरना |
| ९ | १ | श्री कर्णाली आ.वि. | पचालझरना ९, तिखार्ति | वि.स.२०४५ | |
| | २ | श्री कालिका आ.वि. | पचालझरना ९, कोटिला | वि.स.२०३० | |

स्रोतःसम्बन्धित विद्यालयहरूबाट उपलब्ध जानकारी

यो तथ्यांक विभिन्न विद्यालयहरूबाट लिइएको जानकारीका आधारमा राखिएको हो । यहाँ विभिन्न विद्यालयको अवस्था र स्थापना काललाई हेर्दा पालिकाका ६ वटा विद्यालयको स्थापना वि.स.२०३० साल भन्दा अगाडि भएको देखिन्छ भने अन्य ३० साल भन्दा पछि गरेर १३ वटा विद्यालयको स्थापना पञ्चायतकामा भएको देखिन्छ । त्यसैगरी ५ वटा विद्यालयको स्थापना बहुदल आएपछि भएको देखिन्छ भने बाकी विद्यालयहरू लोकतन्त्र र गणतन्त्र स्थापना भएपछि स्थापना भएका हुन् । स्थापनाकालको अवस्थालाई हेर्दा पञ्चाय कालमै स्थापना भएपनि सिमित मात्रामा भएका र त्यसले सिमित सङ्ख्यामा साक्षरता कायम गरेको बाँकिको अवस्था निरक्षर भएको देखिन्छ । यो पालिकाबाट ५५ जना स्नातक तह र २८ जना जतिले स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । यो पालिकामा हालसम्म एम.फिल र विद्यावारिधि PHD गर्नेको सङख्या छैन भने उच्च शिक्षामा त्यति फड्को मार्नसकेको देखिदैन ।

### ४.४.१.७ आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत जम्मा विद्यार्थीको विवरण

यो पालिकाका विभिन्न विद्यालयहरूमा रहेको विद्यार्थी सङ्ख्यालाई विद्यालयबाट प्राप्त जानकारीका आधारमा राखिएको हो। यहाँ समग्र पालिकाको जनसंख्याको तुलनामा विद्यालयमा भर्ना भएको विद्यार्थीको सङ्ख्या कमै देखिन्छ। जसमा पालिकाको दलित छात्र सङख्् या ८८४ र छात्रा सङख्या ७६३ जना रहेको छ। यसैगरी अन्य जातिहरू (क्षेत्री , बाहुन, ठकुरी, इत्यादि ) मा छात्र सङख्या १७२२ जना र छात्रा  सङख्या १७७८ जना रहेको छ। समग्रमा छात्र  सङख्या २६०७ जना रहेको छ भने छात्रा  सङख्या २५४१ जना रहेका छन्। जम्मा विद्यालय जाने/भर्ना भएका विद्यार्थी सङख्या ५१४७ जना रहेका छन् । साथै विभिन्न विद्यालयहरूमा भर्ना पश्चात् कक्षा छोड्ने विद्यार्थीहरूको बारे पनि विवरण संकलन गर्ने र यसलाई रोक्ने उपायबारे पालिकाले ध्यान दिन खोजेको छ। (विभिन्न विद्यालय र पालिकाबाट उपलब्ध विवरण, २०७६) ।  विभिन्न विद्यालयहरूमा विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यार्थीको टिकाउ दर रोक्ने उपायबारे पनि विवरण संकलन गरि समाधान गर्न प्रयास गरिएको देखिन्छ।आधारभूत,माध्यमिक र निजी विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण सहित शिक्षकहरूको तालिम सम्बन्धि विवरणको रेकर्ड पनि राखिएको देखिन्छ। यसले शिक्षा प्रणालीमा सुधार गर्न खोजेको देखिन्छ तर पनि यो व्यवस्थित र वैज्ञानिक छैन् जसले शिक्षा प्रणालिमा प्रभावकारी भुमिका खेलोस्।

### ४.४.१.८ विद्यालयमा भएका भौतिक संरचनाको विवरण

यस गाउपालिकामा भएका भौतिक संरचनाहरूको विवरण

तालिका – १७

विद्यालयमा भएका भौतिक संरचनाको विवरण

| वार्ड न. | विद्यालयको नाम | भवन | | कक्षकोठा | | | | शौचालय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | कच्ची | पक्की | पुस्तकालय | प्रयोगशाला | छात्र | छात्रा | शिक्षक |
| १ | श्री ललिगुराँस आ.वि. | १ | | ५ | | | | | १ | ० |
| | श्री सरस्वति मा.वि. | | | | | | | | | |
| | श्री मस्टादेव आ.वि. | १ | | ५ | | | | | | |
| २ | श्री कालिका मा.वि. | १ | | १० | | | | १ | | १ |
| | श्री नौमुले आ.वि. | १ | | ५ | | | | | | |
| ३ | श्री शिसु कल्याण आ.वि. | | २ | | ४ | | | १ | १ | |
| | श्री जनता मा.वि. | ३ | | १० | | | | | | |
| | श्री जन ज्वति आ.वि. | | | ९ | | | | १ | १ | १ |
| | श्री हिमाल आ.वि. | १ | | ३ | | | | १ | १ | १ |
| ४ | श्री ज्ञानोदय मा.वि. | २ | ३ | ३ | १२ | | | १ | | १ |
| ५ | श्री पञ्चकालिका मा.वि. | २ | १ | ५ | ६ | १ | १ | १ | १ | १ |
| | श्री नवकिसण आ.वि. | २ | | ९ | | १ | १ | १ | १ | |
| | श्री चमत्कार आ.वि. | १ | | २ | | | | १ | १ | १ |
| | श्री कालाशिल्ला आ.वि. | १ | | १ | | | | | | |
| ६ | श्री जनप्रिय आ.वि. | २ | | १० | | | | १ | १ | १ |
| | श्री कालिकादेवि आ.वि. | १ | | ५ | | | | १ | १ | |
| ७ | श्री पंगेलि देवि मा.वि. | १ | | १० | | १ | | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्री कालिका देवि मा.वि. | २ | | ९ | | | | १ | १ | १ |
| ८ | श्री सरस्वति मा.वि. | १ | २ | १० | ६ | १ | | १ | १ | १ |
| | श्री कर्णाली आ.वि. | १ | | ५ | | | | १ | १ | १ |
| | श्री विद्यादेवि मा.वि. | २ | | ११ | | | | १ | १ | १ |
| | श्री थामढेङगा इ.मि. स्कुल | १ | | ५ | | | | | | |
| | श्री विद्यादेवि मन्दिर आ.वि. | २ | | ६ | | | | | | |
| ९ | श्री कर्णाली आ.वि. | १ | | ५ | १ | १ | १ | | | |
| | श्री कालिका आ.वि. | २ | | ९ | १ | १ | | | | |

स्रोतःविद्यालयहरूबाट उपलब्ध विवरण

माथिको तालिकामा विभिन्न विद्यालयहरूको भौतिक संरचनाहरू ( भवन, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, शौचालय, डेस्क बेन्च, जग्गाको क्षेत्रफल, खेलमैदान, खानेपानीको अवस्था ) को विवरण उल्लेख गरिएको छ । जसमा भौतिक संरचनाहरूको के कस्तो उपलब्धता छ ? कच्ची छ या पक्की ? विद्यालयभवन भित्रका संरचनाहरू डेस्क बेन्चको अवस्था के कस्तो छ ? ह्वाइट बोर्ड, शैक्षिक सामाग्रीहरू, पुस्तकालय, खेलकुद र मनोरञ्जनका, संगितका साधानहरूको उपलब्धता के कस्तो छ ? सबै कुराको विवरण प्रस्तुत गरिएको छ । यहाँ उल्लेखित विवरण अनुसार सबै विद्यालयहरूमा यस भौतिक संरचनाहरूको प्रयाप्तता छैन जसको न्युनतम आवश्यकता छ । अधिकांश विद्यालयहरूमा भौतिकसंरचना लगायत आवश्यक न्युनतम शैक्षिक सामाग्रीहरूको समस्या देखिन्छ । खानेपानी, शौचालय (शिक्षक, छात्र, छात्रा) को अभाव रहेको देखिन्छ र अपांगतामैत्रि भौतिक संरचनाहरू कतै बनेका छैनन् यसको अभाव छ ।

### ४.४.१.९ समग्र पालिकाको अवस्था र शैक्षिक सुधारका विषयहरु

यस पचालझरना गाउपालिकाको शैक्षिक क्षेत्रको अवस्थालाई हेर्दा पञ्चायतकाल देखि नै शैक्षिक संस्थाहरूको स्थापना भएपनि त्यसबाट सिमित सङख्याले मात्र शिक्षा प्राप्त गर्न सकेको र भौतिक संरचना, शैक्षिक सामाग्रीको अवस्थामा पनि विकास नभएको देखिन्छ । बहुदल आएपछि यी संस्थाहरूको सङख्यामा केही थप बाहेक खासै वृद्धि नभएको तर साक्षरता सङख्यामा भने विकास भएको देखिन्छ । त्यसपछि लोकतान्त्र, गणतन्त्र स्थापना भइसकेपछि नयाँ शैक्षिक संस्थाहरूको सङख्या ह्वात्तै बढेको र विभिन्न विद्यालयहरूले धमाधम निमावि, मावि र उच्च माविको अनुमानि प्राप्त गरेको देखिन्छ । त्यसपछि विद्यालयमा जाने विद्यार्थीहरूको सङख्या पनि अत्याधिक बढ्न थाल्यो र साक्षरता सङख्या पनि बढेको देखिन्छ । हिजो परिवेशमा माथिल्लो तहका विद्यालयहरू गाउदेखि टाढा भएको र राज्य द्वारा राजनीतिक प्रतिबन्ध, युवाहरूमा चेतना अभिवृद्धि हुन नसकेका कारण पनि साक्षरता सङख्या बढ्न सकेन भने आज राजनीतिक स्वतन्त्रता, युवामा राजनीतिक चेतना सहित निशुल्क शिक्षा, शैक्षिक संस्थाहरूको प्रयाप्तता हुदा साक्षरता सङख्या ह्वात्तै बढेको हो । गणतन्त्र स्थापना पछि विद्यालयको विभिन्न तहहरूको विकास र भौतिक संरचनामा पनि विकास भएता पनि शैक्षिक गुणस्तरमा भने खासै परिवर्तन भएको थिएन।संघीयता स्थापना पश्चात् पनि थुप्रै विद्यालयहरूको भौतिक संरचनामा पुरानो भन्दा बढि परिवर्तन भएको देखिन्छ तर आज विद्यालयको विभिन्न तहहरूको नयाँ अनुमती र विकास भएको देखिन्छ भने गुणस्तरीय शिक्षामा भने उहीँ पुरानै अवस्था दोहोरिन पुगेको छ । यसले झन खस्किएको छ ।

पछिल्लो चरणमा सामुदायिक विद्यालयको भन्दा निजी विद्यालयहरू फस्टाउदा सामुदायिक विद्यालयहरू एकदम खस्कदो अवस्थामा देखिएका छन् । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदा यसको ठाउँमा निजि विद्यालय र

अतिरिक्त कक्षाहरूले लिएको देखिन्छ । साथै गुणस्तरीय शिक्षा प्राप्तिको लागि हजारौको सङख्यामा विद्यार्थीहरू देशको राजधानी काठमाडौ लगायत, पोखरा, नेपालगन्ज, सुर्खेत जस्ता महत्त्वपूर्ण शहरहरूमा जाने क्रम बढेको देखिन्छ ( रोकाया, २०८०) । यसले गर्दा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरता माथि प्रश्न चिन्ह खडा गरेको छ । आजको चुनौति भनेको सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउनु र गुणस्तरीय शिक्षा प्राप्तिको लागि वाहिरीएको सङख्यालाई रोक्नु हो । परिक्षाको लागि वाहिरी टिउसन कक्षामा भरपर्नुपर्ने अवस्थाको अन्त्यगरि स्कुलबाटै प्राप्त गर्ने व्यवस्था गरिनुपर्ने र कक्षाकोठामा नै भरपर्दो वातावरण तयार पार्नुपर्छ ।

❖ यसको लागि निम्न कुराहरू आवश्यक छन्

- स्थानिय सरकारले प्रत्येक विद्यालयहरूको शैक्षिक गुणस्तर मापन गर्नुपर्ने ।
- प्रत्येक विद्यालयले हरेक महिनाको अन्तरमा आन्तरिक परिक्षाको व्यवस्था गर्नुपर्ने ।
- स्थानीय सरकारले (वडा, पालिका सरकार) बेलाबेलामा विद्यालयको रेखदेख गर्नुपर्ने साथै मुल्यांकन, चेकजाँच गर्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूमा शैक्षिक सामाग्री, पाठ्यपुस्तक, खेलकुद, संगित र मनोरञ्जनका साधनहरू उपलब्ध गर्नुपर्ने ।
- स्थानीय सरकारले आधारभूत तह र अधिकार प्राप्त माध्यमिक तहहरूमा बेलाबेलामा नियन्त्रण र परिक्षण चेक एण्ड व्यालेन्सको व्यवस्था गर्नुपर्ने ।
- पालिकाका सबै विद्यालयहरूमा योग्य र भरपर्दो शैक्षिक संस्थाहरूबाट उच्च शिक्षा प्राप्त डिग्री (स्नातक र स्नातकोत्तर तहको) प्राप्त, अध्यापन अनुमती प्राप्त व्यक्तिलाई मात्र शिक्षण अनुमति दिने व्यवस्था गर्नुपर्ने ।
- पालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि योग्यता, लागत र मापदण्डका आधारमा छात्रवृत्ति Scholarship को व्यवस्था गर्नुपर्ने ।
- पालिकाले स्थानिय पाठ्यक्रमलाई विशेष जोड दिनुपर्ने, साथै प्रत्येक शुक्रवार स्थानिय पाठ्यक्रममा आधारित बुक फ्रि डे सिपमुलक कार्यक्रम चलाउनु पर्ने ।
- गाउपालिकामा एउटा भरपर्दो गुणस्तरीय ( स्नातकोत्तर तह सञ्चान गर्ने लक्ष्य सहित) तत्काललाई स्नातक तहसम्मको क्याम्पस स्थापना गर्नुपर्ने ।

हालसम्म पालिकाले विद्यालयको शैक्षिक गुणस्तरको लागि खासै ठुलो भुमिका खेलेको देखिदैन पालिकाबाट जनप्रतिनिधिले प्रत्येक विद्यालयमा गएर शैक्षिक गतिविधिहरूमा निरिक्षण गर्ने विद्यार्थीको मुल्यांकनसँगै विद्यार्थीहरू बिच पाठ्यक्रम सम्बन्धि छलफल गर्नुपर्ने कुरामा कमि रहेको छ । कक्षाकोठा भित्रको भौतिक संरचनाहरू, डेस्क बेन्च, पार्टि, पाठ्यक्रम, खेलकुद, संगित र मनोरञ्जनका सामाग्रीहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै विद्यालयमा शैक्षिक गुणस्तर बढाउनको लागि र विद्यार्थीमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अभिभावकले पनि ठुलो भुमिका खेल्नुपर्ने देखिन्छ जुन अभिभावकहरूले बिल्कुल बेवास्ता गरेको देखिन्छ । यस खालको अवस्था परिवर्तन गरि शिक्षा प्रति सबैले चासो राख्नुपर्ने देखिन्छ । स्थानीय सरकारको निग्रानि र नियन्त्रण नहुदा वा वास्ता नगर्दा नियमित कक्षा र परिक्षा प्रणाली पनि फितलो हुन पुगेको छ । परिक्षा विद्यार्थीले स्वअध्ययनमा भन्दा पनि चिटको भर पर्नुपर्ने र विद्यालयको उद्येश्य पनि विद्यार्थीलाई क्षमता, आत्मविश्वासित बनाउने भन्दा पनि चिट चोराएर पास गराउने परम्पराले गर्दा नै शिक्षाको गुणस्तर एकदम खस्कनुका साथै शिक्षा क्षेत्र एकदम फितलो र गुणस्तरहिन बन्न पुगेको पृष्टि हुन्छ ।

साथै पछिल्ला केही वर्ष खासगरी २०८० को ८ कक्षाको परीक्षा पालिकाले लिएको थियो यसमा एकदम मर्यादित ढंगले सञ्चालन भयो नतिजा पनि त्यसै अनुरूप आएको थियो। एसइई पनि कडाइका साथ सञ्चालन गरेको थियो, यसमा परिक्षाको परम्परागत प्रणालीमा ब्रेक लागेको छ। यो शिक्षा प्रालिमा सुधारको लागि सकारात्मक पक्ष हो भने चिटिङको नया तरिका मोबाइल फोन प्रयोग हुने गरेको देखियो यसले फेरि पुरानै पद्धति निम्त्याएको छ। यसको पनि अन्त्य हुन जरुरी छ। मुख्यगरि आज पालिकामा एउटा भरपर्दो गुणस्तरीय स्नातक तह सम्मको डिग्री क्याम्पस स्थापनाको आवश्यकता छ। जसले उच्च शिक्षा प्राप्त गर्नकै लागि बाहिरिएको  विद्यार्थीलाई रोक्न सकोस् र आर्थिक अभावले बाहिर जान नसकेका विद्यार्थीलाई उच्च शिक्षा प्राप्तिमा ब्रेक नलागोस्।

### ४.४.२ स्वास्थ्य

#### ४.४.२.१ स्वास्थ्य सम्बन्धि जानकारी

स्वस्थ्य क्षेत्रको कुरा गर्दा यस पचालझरना गाउपालिकामा एकदम दयनीय अवस्था छ। हिजो स्वास्थ्यचौकीको रूपमा केहि स्वास्थ्य चौकिको स्थापना भएता पनि नाम मात्रका भए यिनले कुनै प्रभाव पार्न सकेनन्। त्यसको तुलनामा आज थुप्रै स्वास्थ्य चौकि स्थापना भएका छन तर यी अझै प्रभावकारी हुन सकिरहेका छैनन्। सामान्य उपचारको लागि पनि डिटोल,सिटामोल,जिवनजल नपाइने खालका छन्। हाल यस गाउपालिकामा कुनै पनि ठुला अस्पतालहरू नभएको हुदा ग्रामीण भेगमा बसोबास गर्ने आम नागरिकको स्वास्थ्य सम्बन्धि ठुलाठुला समस्याहरू आइपरेको अवस्थामा कालिकोट सदरमुकाम, जुम्ला, सुर्खेत, नेपालगन्ज लगायतका ठाउँ सम्म पुग्नुपर्ने अवस्था छ। यस पालिका भन्दा नजिक रहेका अस्पतालहरू जिल्ला अस्पताल, कर्णाली प्रतिस्ठान जुम्ला र सुर्खेतमा पुग्नुपर्ने हुन्छ। यहापनि गुणस्तरीय उपचार पाउन मुस्किल पर्छ।यहाँ उपचारको अभावका कारणले थुप्रै मानिसले ज्यान गुमाउनुपरेको पिडा प्रशस्तै छ्। त्यहिपनि हालसम्म स्थापना भएका गाउपालिका स्तरीय र वडाहरुमा भएका स्वास्थ्य कार्यालयहरूले जनताका साना समस्याहरू सम्बोधन गर्ने कार्य गरिरहेका छन्। यी स्वास्थ्य चौकिले गरेका कार्यहरूको विवरण उल्लेख गरिरहेका छन्।

#### ४.४.२.२ गाउपालिकामा भएको परिवार नियोजन सम्बन्धि विवरण

यस गाउपालिकामा आम सर्वसाधारणले अपनाउने गरेको परिवार नियोजनका उपायहरूको विवरण यसप्रकार रहेको छ।

तालिका– १८

परिवार नियोजन सम्बन्धि विवरण

| वडा न. | स्थायी परिवार नियोजन गर्ने सङ्ख्या | | | अस्थायी साधनको प्रयोग गर्ने सङ्ख्या | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ० | ० | ० | ११२ | ० | ११२ |
| २ | ० | ० | ० | ८० | २० | १०० |
| ३ | २५ | १२ | २५ | १२० | ९० | २१० |
| ४ | ० | ० | ० | ८० | ६० | १४० |
| ५ | ० | ० | ० | १३० | ५५ | १८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ० | ९ | ९ | ६२ | १२ | ७४ |
| ७ | ० | ० | ० | २६१ | २१ | २८२ |
| ८ | ० | ० | ० | ११२ | ६० | १७२ |
| ९ | ० | ० | ० | ३३ | ४ | ३७ |
| जम्मा | २५ | २१ | ३४ | ९९० | ३२२ | १३१२ |

स्रोतः गापाको स्वास्थ्य कार्यालय बाट प्राप्त विवरण

### ४.४.२.३ सुरक्षित मातृ शिशु सेवाको विवरण

यस गाउपालिकाका विभिन्न स्वास्थ्य संस्थामा राखिएको रेकर्ड अनुसार सुरक्षित मातृत्व सम्बन्धि विवरण यसप्रकार रहेको छ।

तालिका– १९

सुरक्षित मातृ शिशु सेवा सम्बन्धि विवरण

| वडा न. | स्वास्थ्य परिक्षण गर्ने गर्भवति | | | | घर र स्वास्थ्य संस्थामा प्रसुति हुने गर्भवति | | | आइरन चक्की प्रयोप गर्ने | | प्रसुति पछि स्वास्थ्य जाँच गराएका | | मातृ तथा नवजात शिशु मृत्यु | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | चौथो पटक | स्वास्थ्य संस्थामा | स्वास्थ्य कर्मिको सहयोगमा घरमा | स्वास्थ्य कर्मिको अनुपस्थितिमा घरमा | २२५ वटै प्रयोग गर्ने | केहि प्रयोग गर्ने | गर्भवति | नवजात शिशु | प्रजनन् समस्याले मृत्यु हुने | २८ दिनभित्र मृत्यु हुने नवजात शिशु | मृत जन्म नवजात शिशु सङ्ख्या |
| १ | ० | ५५ | ५२ | ४६ | २९ | ३६ | ७ | ३६ | ७ | ३६ | ३६ | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ८ | ० | ८ | ० | ० | ० | ० |
| ३ | १५ | ८ | ६ | १ | ० | ० | ०.८ | ० | ० | ० | ० | ० | ० | २ |
| ४ | १४६ | ७७ | ७७ | ७७ | ६६ | ० | ० | ७७ | ७७ | ६६ | ६६ | २ | ० | ६६ |
| ५ | १ | ३ | ३ | १ | ० | ० | ० | ० | ० | २ | २ | ० | ० | ० |
| ६ | ६० | ५५ | ५५ | ५० | ३० | २० | १० | ३० | २० | २० | २० | ० | ० | ० |
| ७ | ३७ | ४२ | ३४ | २४ | ३० | ० | ० | ३० | ० | ३० | ३० | १ | १ | ० |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ३ | ० | ० | १ | ० | ० | ३ | १ | ४ | ० | ० | ० | ० | ० |
| जम्मा | २६२ | २४० | २२७ | २०० | १५५ | ५६ | २०.८ | १८२ | १०८ | १६२ | १५४ | ३ | १ | ६८ |

स्रोतः गापा स्वास्थ्य संस्थाबाट उपलब्ध जानकारी,गापाको कार्यालयबाट

### ४.४.२.४ खोपको विवरण

यस गाउपालिकामा खोप लगाउने व्यक्तिको विवरण देहाय बमोजिम रहेको छ।

तालिका– २०

पालिकामा खोप लगाउने ब्यक्तिको विवरण

| वडा न. | बी.सी.जी (१महिना भित्र). | पेम्पा भ्यालेण्ट (डी.पी.टी.)३ हेप.बी र हिव(HIB) | | | पोयियो १ | | | दादुरा | | जे.ई. | टी.टी.खोप पाएका गर्भवति महिला | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | पहिलो | दोस्रो | तेस्रो | ९–१२ महिना | १२–२३ महिना | (जापानिज) इन्सलाइटिस | टी.टी.खोप १ | टी.टी.खोप २ | |
| १ | ४७ | ५५ | ५२ | ६८ | ५५ | ५२ | ६८ | ५९ | ५४ | ५८ | ३२ | १७ | २३ |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | १५ | २६ | १३ | १६ | २५ | १३ | १६ | २२ | २ | ७ | २१ | ५ | २० |
| ४ | ८३ | ६६ | ५९ | ५६ | ६६ | ५९ | ५६ | ६२ | ४८ | ४७ | १८ | ४६ | ० |
| ५ | २१ | २३ | १५ | १४ | २३ | १५ | १४ | २२ | १४ | १५ | ११ | १३ | ० |
| ६ | ४५ | ४३ | ४० | ३६ | ४३ | ४० | ३७ | ३५ | २२ | ३३ | ६० | ६० | ० |
| ७ | १४५ | १४१ | १३५ | १२३ | १५१ | १३५ | १२३ | ११५ | ११५ | १३३ | ६२ | १०३ | ० |
| ८ | ३५ | १० | १७ | १० | ३ | ७ | २ | १८ | २५ | ० | १७८ | १८० | ० |
| ९ | २२ | १७ | १७ | १५ | १६ | १७ | १५ | ५ | ० | १ | १ | १ | ० |
| जम्मा | ४१३ | ३८१ | ३४८ | ३३८ | ३८२ | ३३८ | ३३१ | ३३८ | २८० | २९४ | ३८३ | ४२५ | ४३ |

स्रोतः स्वास्थ्य साखा, गापाको कार्यालय

### ४.४.२.५ पाँच वर्ष मुनिका बालबालिकाहरूको पोषणको स्थिति

यस गाउपालिकामा रहेका पाँच वर्ष मुनिका बालबालिकामा भएको पोषणको अवस्थालाई ध्यानमा राखेको छ, बालबालिकाहरुको लागि विभिन्न खोप, भिटामिन र पोषणको ब्यवस्था गर्ने गरेको कुरा उल्लेख गरेको छ।

### ४.४.२.६ गाउपालिकामा विगत एक वर्षमा देखिएका रोगहरूको विवरण

यस गाउपालिकामा विगत एक वर्षमा देखिएका विभिन्न प्रकारका रोगहरू तिनको उपचार सम्बन्धि विवरण यसप्रकार रहेको छ।

तालिका – २१

गाउपालिकामा विगत एक वर्षमा देखिएका रोगहरूको विवरण

| क्र.श. | रोगको नाम | विरामि सङ्ख्या | उपचार भएको सङख्या | फलोअप गरिएको सङख्या | रेफर गरिएको सङख्या | मृत्यु भएको सङख्या |
|---|---|---|---|---|---|---|
| १ | निमोनिया | ३४० | ३२६ | १०० | २७ | ० |
| २ | झाडापखाला | ९०३ | ९०३ | ५८९ | ५ | ० |
| ३ | मलेरिया | ० | ० | ० | ० | ० |
| ४ | कालाजार | १५ | १० | ५ | १५ | ० |
| ५ | क्षयरोग | ३ | ३ | १ | ० | ० |
| ६ | कुष्ठ रोग | २ | २ | २ | ० | ० |
| ७ | रक्तचाप | ११ | ५ | ० | ५ | ० |
| ८ | मुटु रोग | ३३ | ३२ | ० | १ | ० |
| ९ | ग्यास्ट्रीक | ५३३ | ५३२ | १२५ | ८ | ० |
| १० | पक्षघात | ० | ० | ० | ० | ० |
| ११ | एचआइभि एड्स | ० | ० | ० | ० | ० |
| १२ | सुत्केरी हुने | १०७ | २ | ० | ० | १ |
| १३ | अन्य | ४४७१ | ४४७१ | १४१ | ७५ | ० |
| | जम्मा | ६४१८ | ६२८६ | ९६३ | १३६ | १ |

स्रोतः गापाको कार्यालयबाट उपलब्ध विवरण

माथि उल्लेखित विवरण अनुसार यस पचालझरना गाउपालिकामा स्वास्थ्य क्षेत्रमा खासै विकास भएको देखिदैन। सामान्य उपचार, खोपहरू बाहेक अन्य ठुला उपचार, स्वास्थ्य चेकजाँच लगायत एक्स–रे, आँखा चेक जस्ता महत्त्वपूर्ण चेकजाँचको लागि सेवा सुविधा नभएको, दक्ष चिकित्सकहरूको उपलब्धता नभएको र सानातिना सिएमए, अनमि  लगायतले हेर्ने गरेको देखिन्छ। यिनिहरूबाट सामान्य सिटामोल र मलमपट्टी बाहेक  ठूलो उपचारको आशा हुदैन। यसको सुधारको लागि स्थानिय सरकारले उल्लेखनीय भुमिका नखेलेको देखिन्छ।

### ४.४.२.७ पालिकाको अवस्था र स्वास्थ्यमा सुधारका विषयहरु

यस पालिकाको स्वास्थ्यमा सुधार गर्न र क्रान्तिकारी परिवर्तन गर्न पालिका सरकारले केहि महत्त्वपूर्ण भुमिका खेल्नुपर्ने देखिन्छ जुन निम्नानुसार छन।

❖ स्वास्थ्यको क्षेत्रमा पालिका सरकारले व्यवस्थापन गर्नुपर्ने विषयहरु

- पालिकामा एउटा भरपर्दो र गुणस्तरीय  हस्पिटलको व्यवस्था गर्नुपर्ने।
- कम्तिमा एउटा MD डक्टरको व्यवस्था गर्नुपर्ने।
- सम्पुर्ण रोगहरूको उपचार, चेकजाँच साथै  सल्यक्रियाको व्यवस्था हुनुपर्ने।
- ल्यापहरूको व्यवस्था गरिनुपर्ने।
- कम्तिमा २ महिनाको अन्तरमा प्रत्येक वडामा विभिन्न रोगहरूको सिबिर सञ्चालन गरिनुपर्ने।

- बेलाबेलामा हरेक नागरिकको स्वास्थ्य परिक्षण,चेकजाँच गरिनुपर्ने ।
- हरेक बच्चाहरूको पोषणयुक्त खाना, खोप लगायत वृद्धि बिकासको लागि आवश्यक सेवा सुविधाहरू उपलब्ध गर्नुपर्ने ।
- बच्चा जन्मेको १४ वर्ष सम्म पोषण खाना र स्वास्थ्य उपचार निशुल्क र अनिवार्य गर्नुपर्ने ।
- प्रत्येक वडामा कम्तिमा सामान्य उपचार र भरपर्दो सुत्केरी प्रस्तुति गृह सम्मको व्यवस्था गर्नुपर्ने ।
- सम्पूर्ण नागरिकको स्वास्थ्य विमाको ग्यारेन्टी गर्नुपर्ने ।

पचालझरना गाउपालिकाको स्वास्थ्य सुधारको लागि यिन कुराको आवश्यकता छ जसले उपचार नपाई नागरिकलाई ज्यान गुमाउनु नपरोस् । अप्ठ्यारो, पहाडी भुगोल हुनाले पनि बाटोघाटोको समस्या एकदमै छ यसले गर्दापनि समयमा उपचार गर्न पाउदैनन् । वडाबाट पालिका जान पनि निकै टाढा पर्छ जसकारण बिरामीको  बाटोमै मृत्यु हुने सम्भावना बढि हुन्छ । यहिसमस्याले गर्दा पालिकामा कम्तिमा एउटा विशेषज्ञ डक्टर रहने गरि भरपर्दो र गुणस्तरीय अस्पताल र हरेक वडामा गुणस्तरीय स्वास्थ्य चौकिको आवश्यकता छ ।

### ४.४.३ खानेपानी तथा सरसफाइ

यस गाउँपालिकामा भएका खानेपानी तथा सरसफाइको विवरण हेर्दा खानेपानीका आयोजनाहरु, शौचालयको विवरण, शौचालय प्रयोग गर्ने र नगर्ने आधारमा घरधुरी संख्याको विवरण तथा सार्वजनिक स्थलमा निर्माण गरिएका शौचालय, खानेपानीका धारा लगायतको विवरण यहाँ उल्लेख गरिएको छ ।

#### ४.४.३.१  पिउने पानीको स्रोत रहेको ठाउको आधारमा घरपरिवारको वर्गीकरण

यस गाउँपालिकामा धारा वा पाइपको पानी पिउने घरधुरीहरुमा २१९७ रहेका छन् भने मूल वा कुवाको पानी पिउने घरधुरीमा १३९ रहेका छन् । नदी वा खोलाको पानी पिउने ६२ घरधुरी रहेका छन् ।

#### ४.४.३.२ पिउने पानीको स्रोत रहेको ठाउँको आधारमा घरपरिवारको विवरण

यस गाउँपालिका वसोवास गर्ने घरधुरीले पानी लिन जाने ठाउँका आधारमा घरधुरीको विवरण यस प्रकार रहकोछ । यस गाउँपालिकामा वसोवास गर्ने घरधुरीहरुमा १३० घरपरिवारले आफ्नै नीजि घरको पानी पिउछन् भने सामुदियक स्रोतबाट पानी पिउने घरपरिवार २२४३ रहेका छन् भने अरुको नीजि घरबाट पानी पिउने घरपरिवारहरु २५ रहेकाछन् ।

#### ४.४.३.३ फोहर व्यवस्थापनको आधारमा घरधुरी विवरण

यस गाउँपालिकामा वसोवास गर्ने घरघुरीहरुले फोहर व्यवस्थापन गर्ने तरिकाका आधारमा विवरण यस प्रकार दिइएको छ ।

तालिका–२२

फोहर व्यवस्थापन गर्ने तरिकाका आधारमा घरधुरीको विवरण

| वडा न. | जलाउने | खोलामा फाल्ने | बाटोमा फाल्ने |
|---|---|---|---|
| १ | १६१ | १०८ | ० |
| २ | ३८ | १७८ | ० |
| ३ | १५० | १३६ | ९ |
| ४ | ८६ | १०१ | १० |
| ५ | १५६ | १२७ | ३२ |
| ६ | १९१ | ८० | ३ |
| ७ | २२० | ११० | ० |
| ८ | १९६ | १०० | ० |
| ९ | ८६ | ११४ | ४ |
| जम्मा | १२८४ | १०५४ | ५८ |

स्रोतः घरधुरी सर्वेक्षण गापाको कार्यालयबाट

यस तालिकालाई हेर्दा घरबाट निस्कने फोहरलाई व्यवस्थापन गर्दा जलाउनेमा १२८४ घरपरिवार रहेका छन् भने नजिककैको खोलामा फाल्ने घरपरिवार १०५४ रहेका छन्। बाटोघाटोमा फाल्ने घरपरिवार ५८ मात्र रहेका छन्। यसबाट गाउँपालिकामा फोहर व्यवस्थापन सम्वन्धी सचेतनामा वृद्धि भएको देखिन्छ भने यसलाइ अझ व्यवस्थापन गर्न फोहर व्यवस्थापन सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। यहाँ खानेपानी तथा सरसफाइको उपलब्धता र यसको प्रयोग के कस्तो छ ? त्यसको विवरण उल्लेख गरिएको छ।

### ४.४.३.४ खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको विश्लेषण

यस खण्डले गउपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) को मौजुदा अवस्था र चुनौतिहरूको विस्तृत लेखाजोखा गर्दछ। यसले विषयगत क्षेत्रहरू, खानेपानी सेवा सरसफाइ तथा स्वच्छता सामुदायिक सरसफाइ सेवा विद्यालयमा खानेपानी सरसफाइ तथा स्वच्छता सुविधा र स्वास्थ्य संस्थाको वर्तमान स्थिति स्पष्ट देखाउदछ र लक्षित अवस्था र वर्तमान अवस्था बिचको अन्तर पनि स्पष्ट देखाउदछ। यसबाट वर्तमान अवस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता, सुशासन वित्तीय व्यवस्था र अन्तर पहिचान, यी सवालसँग सम्बन्धित चुनौतिहरू र निष्कर्षको सारांश प्रष्ट हुन्छ। पचालझरना गाउपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माणका क्रममा गरिएको सर्वेक्षण अनुसार गाउपालिका भित्र पाईप प्रणालीको खानेपानी सेवाले १००% ओगटेको छ, ०% सुरक्षित खानेपानीको सेवा र ४८%आधारभूत स्तरको खानेपानी सेवा पुगेको देखिन्छ। त्यसैगरी ट्यूबवेल प्रणालिले जम्मा खानेपानी सेवाको ०%ओगटेको छ, यहाँ ट्यूबवेल प्रणालीको खानेपानीको सुविधा छैन। कुल ४८% जनसंख्यामा खानेपानीमा पहुँच पुगेको छैन भने बाकी सबै जनसंख्यामा सिमित तथा असुरक्षित खानेपानी सेवा लिएको भित्र पर्दछन् (खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व), २०८०)।

### क) मौजुदा खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व ) प्रणालीको अवस्था

गाउपालिकामा मौजुदा खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व ) प्रणालीको अध्ययन गर्दा निम्न अवस्था रहेको छ। गाउपालिकामा मौजुदा संचालित, अर्ध सञ्चालित वा आंशिक सञ्चालित खानेपानी आयोजनाहरू

वडागत रूपमा हेर्दा १००% घरधुरीले पाइप प्रणालीबाट खानेपानी प्राप्त गरेको देखिन्छ भने ०% घरधुरीले अन्य स्रोतबाट खानेपानी सेवा प्राप्त गरेको देखिन्छ । यसको विस्तृत विवरण तलको तालिका अनुसार रहेको छ । जसमा वडागत वस्तिहरू र खानेपानीको विवरण दिइएको छ ।

**खानेपानी तथा सरसफाइ पहुँच र सेवा स्तरलाई तालिका र वृत्तचित्रमा देखाउदा**

तालिका– २३

घरायसी स्तरमा पहुँच र सेवा स्तर

| क्र.शं. | लमभान्वित जनसङ्ख्या | पाइप प्रर्णाली खानेपानी | | ट्र्युवेल | | सरसफाइ घरधुरी | | PSM | | ढल सहितको फोहोरपानि प्रशोधन केन्द्र | | ठोस फोहोर व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % | जनस. | % |
| १ | सुरक्षित व्यवस्थापन गरिएको सेवा | ० | ० | ० | ० | ८०३४ | ४५.५६ | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभुत सेवाहरु | ७६५६ | ४८ | ० | ० | ८३६० | ४७.४१ | ० | ० | ० | ० | ० | ० |
| | जम्मा लाभान्वित | ७६५६ | ४८ | ० | ० | १६३९४ | ९२.९७ | ० | ० | ० | ० | ० | ० |
| ३ | सिमित सेवाहरु | ७४४ | ४८ | ० | ० | १७३ | ०.९८ | ० | ० | ० | ० | ० | ० |
| ४ | सुधार नभएको | | | | | | | | | | | | |
| सेवाहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | सेवा नपुगेको | ७६९५ | ४८ | ० | ० | १०६८ | ६.०६ | १६०९५ | १०० | १७६३५ | १०० | १६०९५ | १०० |
| ६ | जम्मा जनसङ्ख्या | १६०९५ | १०० | ० | ० | १७६३५ | १००.०९ | १६०९५ | १०० | १७६३५ | १००.०९ | १६०९५ | १०० |

स्रोतः खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) २०८०, गापाको कार्यालयबाट उपलब्ध

**ख) सरसफाइ तथा स्वच्छता**

तलको तालिकाले गापा भित्रको सरसफाइ र स्वच्छताको सेवा स्तरलाई देखाउदछ । कुल ६५.६३% (१४४४/२१९७) घरधुरीमा हात धुने सुविधा रहेको छ ।

तालिका- २४

गाउपालिका भित्रको सरसफाइ र स्वच्छताको स्तर

| क्र.शं. | सेवा स्तर | घरधुरी | जनसङख्या | निजि चर्पिको सङख्या | हात धुने सुविधा भएका घरधुरी सङ्ख्या | साबुन सहित हातधुने सुविधा भएका घरधुरी सङ्ख्या | अपाङ–मैत्री चर्पीको सङ्ख्या | पानी सहितको चर्पी भएका घरधुरी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षित | ९३६ | ८०३४ | ९३६ | ९३६ | ९३६ | २२४ | ९३६ |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन गरिएको सेवा | | | | | | | |
| २ | आधारभुत सेवाहरु | ११९९ | ८३६० | ११९९ | ४९८ | २२४ | २०३ | ६४१ |
| ४ | सिमित सेवाहरु | २० | १७३ | ० | १० | २० | १० | २० |
| ५ | सुधार नभएको | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | चर्पी नभएको | १२२ | १०६८ | ० | ० | ० | ० | ० |
| ७ | जम्मा | २१९७ | १७६३५ | २०५५ | १४४४ | ११८० | ४३७ | १५९७ |

स्रोतः खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) २०८०, गापाको कार्यालयबाट उपलब्ध

माथिको तालिकाले गा.पा.भित्रको सरसफाइ र स्वच्छताको सेवास्तरलाई देखाउदछ । कुल ६५.७३% (१४४४/२१९७) घरधुरीमा हातधुने सुबिधाहरू रहेका छन् । यी सबै घरधुरीहरूमा हातधुने सुविधाको नजिकै सावुन राख्ने व्यवस्था पनि रहेको पाइन्छ । सर्वेक्षणले गाउपालिका भित्र ३४१ घरधुरीमा चर्पी नभएको देखाइएको छ तर ती घरहरूमा पनि हातधुने सुबिधाहरू निर्माण भएको पाइन्छ ।

यसलाई वृत्तचित्रमा देखाउदा

**वृत्तचित्र**




**ग) घरायसी स्तरमा पहुँच र सेवा स्तर**

घरायसी स्तरमा खानेपानी सेवाको पहुँच र कभरेजको अवस्था माथि प्रस्तुत गरिएको छ । त्यस मध्य सुरक्षित सरसफाइको सेवा ४५.५६% र आधारभूत सरसफाइको सेवा  ४५ .४१ % जनसंख्याले प्राप्त गरेको देखिन्छ । हालसम्म गाउपालिकाको मानव मलमुत्र जन्य फोहोर व्यवस्थापनमा सेवा र सुविधाको उपलब्धता नरहेको देखिन्छ भने ढल सहित फोहोर पानी प्रशोधन केन्द्रको सञ्जाल सेवा पनि हालसम्म यो गाउपालिकामा उपलब्ध रहेको छैन ।

**घ) ठोस फोहोर व्यवस्थापन**

हालसम्म यो गाउपालिकामा ठोस फोहोर व्यवस्थापन सेवा र सुविधाको उपलब्धता नरहेको देखिन्छ । खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) आम मानिसको आधारभूत आवश्यकता हो । यसलाई नेपालको संविधान २०७२ को धारा ३५ (४) ले मौलिक अधिकारको रूपमा व्याख्या गरेको छ । संविधानको यस प्रावधानद्वारा नै सबै देशबासिलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच हुनुपर्ने निश्चितता प्रदान गरेको छ । सोही अनुरूप नेपाल सरकारले हरदम सबैलाई र सबै ठाउमा प्राप्त हुन सक्ने सुरक्षित, प्रयाप्त, सुलभ, स्विकार्य र गच्छे अनुसारको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जिवनस्तर सुधार गर्ने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्तिमा योगदान दिन नेपाल सरकारद्वारा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रगत विकास योजना तयार गरिएको छ । यसै अनुरूप स्थानीय तहहरूमा आ–आफ्नो क्षेत्रमा स्थानीय खासस्व योजना तर्जुमा गर्न थालिएको छ ।

सोही सन्दर्भमा पचालझरना गाउपालिका कालिकोटले आफ्नो पालिका क्षेत्रभित्रको सम्पूर्ण खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) अवस्थाको तथ्यांकहरू संकलन गरि सोको लेखाजोखा सहित सन् २०३३ सम्ममा राष्ट्रले लक्षित गरेको खासस्व लक्ष्य पूरा गर्न के कस्ता आयोजना,क्रियाकलाप र गतिविधिहरू आवश्यक पर्दछन् सोको पहिचान सहित यो खासस्व योजना तयार गरेको छ । यसमा पचालझरना गाउपालिकाका जनताको स्वास्थ्य तथा जिवनस्तर सुधारको लागि सुरक्षित, प्रयाप्त, पहुँच योग्य स्विकार्य र सस्तो खानेपानी, सरसफाइ स्वच्छ सेवाहरू,हरेकलाई नियमित रूपमा उपलब्ध गराउने परिकल्पना गरिएको छ । साथै यसमा खानेपानी सरसफाइ र स्वच्छताको घरायसी स्तरमा के कति पहुँच पुगेको छ कति घरधुरी र कति जनसंख्या लाभान्वित छ भन्ने कुरा देखाइएको छ । विद्यालय स्तरमा पहुँच, स्वास्थ्य क्षेत्रको स्तरमा पनि सेवासुविधा तथा पहुँच के कति छ भन्ने कुरा देखाउदछ ।

**४.४.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

लैङ्गिक समानता र सामाजिक समावेशीकरण आजको प्रमुख चुनौतिको रूपमा रहेको छ । समाज पृतिसत्तात्मक व्यवस्थामा रहेको छ भने दुनियाँ विज्ञान र प्रविधिको युगमा अगाडि बढिरहेको छ । हाम्रो समाज भने अझै लैङ्गिक विभेद र असामाजिक अवस्थामा रहेको छ । हिजोको तुलनामा आज समाज अगाडि भएतापनि अझै सामाजिक विभेद भने मेटिएको छैन, त्यसलाई अन्त्य गर्न जरुरी छ । हिजो भन्दा आज महिलाले आफ्नो अधिकार प्राप्त गरेका छन् र  सरकारका महत्वपूर्ण र प्रमुख पदमा पुग्न सफल भएका छन् साथै विभिन्न पार्टीको नेतृत्वमा पुग्न सफल भएका छन् साथै नागरिकता बनाउदा पनि आमाको नामबाट छोराछोरीलाई नागरिकको प्रमाणपत्र दिन सक्ने अधिकार प्राप्त गरेका छन् । यो लैङ्गिक समानताको लागि महत्वपूर्ण छलाङ हो तर पनि अझै पुर्णरूपमा अन्त्य भएको छैन समाजमा विभेद कायम छ । यो आजको चुनौतिको रूपमा रहेको छ ।

**४.४.४.१ महिलाको नाममा भएको सम्पत्ति विवरण**

आजको परिवेशमा महिला हिंसा अत्यन्तै बढिरहेको र यसको मुख्य कारण आर्थिक सशक्तीकरणमा महिलाको अधिकार नभएको कुरालाइ प्रमुख रुपमा हेरिएको छ । यस गाउँपालिकामा वसोवास गर्ने घरधुरीहरु मध्ये महिलाको नाममा सम्पत्ति हुने र नहुने आधारमा घरधुरीहरुको विवरण यस प्रकार दिइएको छ ।

तालिका– २५

महिलाको नाममा रहेको सम्पत्ति विवरण

| **वडा न.** | **घर जग्गा दुवै** | | | |
|---|---|---|---|---|
| | जग्गा मात्र | केहि छैन | भन्न चाहन्न | |
| १ | ६ | ० | २६३० | ० |
| २ | ५ | ४ | २०७ | ० |
| ३ | २९ | ७ | १०८ | १५१ |
| ४ | १३ | ४ | ६ | १७४ |
| ५ | १८ | ४ | २७६ | १७ |
| ६ | १० | १ | २५० | १३ |
| ७ | ० | १० | ३२० | ० |
| ८ | १२ | २ | २७९ | ३ |
| ९ | ८ | ५ | १८५ | ८ |
| जम्मा | १०१ | ३७ | १८१४ | ८ |

स्रोतः घरधुरी सर्वेक्षण गापाको कार्यालयबाट उपलब्ध

### ४.४.४.२ महिनावारी हुदा वस्ने ठाउँको विवरण

यस गाउँपालिकामा वसोवास गर्ने महिलाहरुमा महिनावारीको समयमा वस्ने स्थानका आधारमा घरधुरीसँग गरिएको छलफलका आधारमा घरधुरीहरुको विवरण यस प्रकार रहेको छ ।

तालिका– २६

महिनावारीको समयमा वस्ने स्थानका आधारमा घरघुरीहरुको विवरण

| **वडा न.** | **छाउगोठमा** | | | |
|---|---|---|---|---|
| | अन्य झुपडिमा | घर भित्र छुट्टै | आफ्नै कोठामा | |
| १ | ३२ | ९ | १७९ | ४९ |
| २ | २१० | ० | ३ | ३ |
| ३ | १५० | २३ | ८२ | ४० |
| ४ | १५ | २ | १६९ | ११ |
| ५ | ७२ | ८ | २३१ | ४ |
| ६ | १६१ | १४ | ९२ | ७ |
| ७ | ३०८ | १४ | ६ | २ |
| ८ | १०१ | १० | १८५ | ० |
| ९ | ६१ | २६ | ६६ | ५३ |
| जम्मा | १११० | १०६ | १,०१३ | १६९ |

स्रोतः घरधुरी सर्वेक्षण, गापाको कार्यालय बाट उपलब्ध विवरण

### ४.४.५ महिला बालबालिका तथा जेष्ठ नागरिकको सामाजिक स्थिति

यस अध्ययनमा हिला हिंसा सम्बन्धि छलफल गर्दा नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना हुन भन्दा पहिला एकदमै चरम अवस्थामा थियो भने २०५२ सालको जनयुद्धले उभार ल्यायो,यसमा परिवर्तन गर्यो जसकारण आज महिला, बालबालिका तथा जेष्ठ नागरिकहरूको सामाजिक स्थितिमा धेरै परिवर्तन भएको छ साथै महिला तथा घरेलु हिंसाको स्थितिमा परिवर्तन भएको छ । देशका थुप्रै स्थानमा घरेलु हिंसा आजपनि जिवितै भएपनि यो पालिकामा भने

देखिदैन । यस अध्ययनमा पनि महिला हिंसा सम्बन्धि तथा घरेलु हिंसा सम्बन्धि समस्या प्राप्त भएको छैन भन्ने जानकारी प्राप्त भयो ।

**४.४.५.१ सामाजिक विभेदको अवस्था**

सामाजिक विभेद एक प्रकारको गम्भीर रोग हो जसले समाजलाई सँधै रोगी बनाइराख्छ, कहिल्यै स्वास्थ्य बन्न दिदैन । जसकारण समाजमा द्वन्द्व सृजना हुने गर्दछ । आव विश्वभरि जतिपनि सामाजिक द्वन्द्वहरू भइराखेका छन् ती सबै सामाजिक विभेद र असमानताको उपज भएका हुन । यसै समाजिक विभेदमा महिला हिंसा/लैङ्गिक विभेद, छुवाछूत, दाइजो प्रथा, जातीय भेदभाव, भाषिक विभेद, क्षेत्रीय उत्पिडन, धार्मिक सांस्कृतिक विभेद, अल्पसंख्यक समस्या आदिहुन । यी विषयहरूमा समानता हुन सकेन भने समाज द्वन्द्वमा फस्ने सम्भावना बढि हुन्छ ।

आज नेपालमा पनि यही समस्या जिवित रहेको छ, किनभने नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र क्षेत्रिय विविधता भएको मुलुक हुनाले यहाँ सबैलाई सम्बोधन गर्न र एकसुत्रमा बाध्न गाह्रो छ । यहि कुरा मिलाउन नसक्दा लामो समय द्वन्द्वरत अवस्थामा रहयो र आज सिंगो व्यवस्था नै परिवर्तन भएको छ । नेपालमा सामाजिक विभेदको अवस्था हिजो भन्दा आज धेरै परिवर्तन भएको छ तर पनि क्षेत्रीय विविधताको कारण राज्य स्तरबाट एकसमान हुन नसक्दा सामाजिक, आर्थिक र राजनीतिक अधिकारबाट बञ्चित रहेका दुरदराजका क्षेत्रहरूमा विभेद अझै कायमै छ । यस पचालझरना गाउपालिकामा भने राज्यको पहुँचबाट एकदमै टाढा र विकासको सवालमा, सुचना सञ्चार, यातायातको हिसाबले पछाडि भएतापनि समाजिक विभेद भने खासै देखिदैन यसमा उल्लेखनीय परिवर्तन भएको छ ।

**४.५. पुर्वाधार विकास**

**४.५.१ भवन तथा सहरी विकास**

**४.५.१.१ घरको स्वामित्वको आधारमा घरधुरीको विवरण**

यस पालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने घरको स्वामित्वको आधारमा घरधुरीको विवरण यस प्रकार रहेको छ । यस पचालझरना गाउँपालिकामा वसोवास गर्ने जम्मा घरधुरीहरु मध्ये आफ्नै नीजि घरमा वस्ने घरपरिवार सङ्ख्या २२९६ रहेको छ भने भाडामा वस्ने घरपरिवारको मानव मलमुत्र जन्य फोहोर व्यवस्थापन सङख्या २४ र सुकुम्वासी अवस्थामा वस्ने घरपरिवारको संख्या ८ रहेको छ । यसलाई स्पष्ट पार्नका लागि तलको चार्ट प्रस्तुत गरिएको छ (घरधुरी सर्वेक्षण.(२०७६) गापाबाट उपलब्ध विवरण) ।


**४.५.१.२ घरको प्रकारको आधारमा घरधुरीको विवरण**

यस गाउँपालिकामा पक्की घर भएका ३४ घरपरिवार, अर्थ पक्की घर भएका ५१ घरपरिवार र सबै भन्दा बढि अर्थात २२७२ घरपरिवार वसोवास गर्ने घरहरु कच्ची रहेका छन् । बाँकी ४१ घरपरिवारको वसाइ झुप्रामा रहेको देखिन्छ । यसमा पक्की भन्नाले पूर्णरुपमा सिमेन्टको प्रयोग भएकोलाई बुझिएको छ भने अर्थ पक्की भन्नाले भित्ता वा छानोमा सिमेन्ट प्रयोग भएकोलाई बुझिएको छ । कच्ची भन्नाले टिन वा ढुङ्गा वा खरले छाएको तर पर्खाल ढुङ्गा र माटोले बनेकोलाई बुझिएको छ । झुप्रा भन्नाले खर वा परालले छाएको अस्थायी प्रकृतिका घरलाइ बुझिएको छ । यसर्थ १.४२ प्रतिशत घरधुरीहरु पक्की रहेका छन, २.१३ प्रतिशत घरधुरीहरु अर्थ पक्की, ९४.७५ प्रतिशत घरधुरीहरु कच्ची र १.७१ प्रतिशत घरधुरीहरु झुपडि रहेका छन् ।

### ४.५.१.३ घरको तलाको आधारमा घरधुरी विवरण

यस गाउँपालिकामा वसोवास गर्ने घरधुरीहरुमा भएका घरहरुको तलाको आधारमा भएको वर्गिकरण गर्दा १३४३ घरहरु एक तले रहेका छन् भने७१९ घरहरु दुई तले र ३३६ घरहरु तीन तले रहेका छन् । यसलाई चार्टमा/वृत्तचित्रमा यस अनुसार देखाइएको छ ।

**तल्लाको आधारमा घरधुरीको वर्गिकरण**




### ४.५.१.४ घरको छानाको प्रकारको आधारमा घरधुरीको विवरण

यस गाउपालिकामा वसोवास गर्ने घरधुरीहरुको घरको छानाका प्रकाका आधारमा वर्गिकरण यस प्रकार रहेको छ ।

तालिका– २७

घरको छानाको प्रकारका आधारमा वर्गिकरण

| वडा न. | खर | | | | |
|---|---|---|---|---|---|
| | ढुङ्गाको | टिनको | सिमेन्टको | माटोको | |
| १ | १४६ | ११ | १०७ | ३ | २ |
| २ | १२५ | ४ | ८३ | ० | ४ |
| ३ | १२ | ६० | ९६ | १५ | ११२ |
| ४ | १०४ | ९ | ३८ | १ | ४५ |
| ५ | ६ | ५ | ६६ | ४ | २८४ |
| ६ | १११ | ६८ | ८३ | २ | १० |
| ७ | १७५ | ७८ | ७३ | १ | ३ |
| ८ | १२० | ११४ | ४५ | ११ | ६ |
| ९ | ७९ | ५७ | ५८ | ९ | ३ |
| जम्मा | ८७८ | ४०६ | ६४९ | ४६ | ४६९ |

स्रोत:गापाको कार्यालयबाट उपलब्ध विवरण

माथिको तालिकालाई विश्लेषण गर्दा यस गाउपालिकामा खरको छाना भएका घरधुरीहरु ८७८ रहेका छन् भने ढुंगाको छाना भएका ४०६ घरधुरीहरु रहेका छन् । टिनको छाना भएका घरपरीवार संख्या ६४९ छन्, भने सिमेन्टको छाना भएका घरपरीवार ४६ र माटोले बनेका घरधुरीहरु ४६९ रहेका छन् ।

### ४.५.२ विद्युत तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत )

विद्युत तथा उर्जा क्षेत्र एकदमै पछाडि रहेको गाउपालिका अहिले परिवतन भएको देखिन्छ । हिजो एक समय थियो उज्यालोको लागि निगाला, सल्लाको झरो, मट्टीतेलबाट प्रयोग हुने टुकी बत्तीको प्रयोग हुदै यसमा आधुनिकिकरण हुदा टर्चलाईट, टिवलाई, टुकिमारा, सोलार प्यानलबाट विकास भएर सानोतिनो जलविद्युतको विकास भएको छ । साथै पालिमा राष्ट्रिय प्रसारण लाइन पनि जोडिदै छ । यो पचालझरनामा विद्युत क्षेत्रमा भएको क्रान्तिकारी फड्को हो । तर पनि यो प्रयाप्त मात्रामा छैन यसलाई थप विकास गर्न जरुरी छ । यो जलविद्युतले पालिकाका प्रत्येक वडामा पहुँच पुर्याउने कार्य मात्र गरेको छ र सम्पुर्ण जनसंख्यालाई धान्ने अवस्थामा छैन । पहाडी इलाकामा प्रायजसो एउटै घरमा स्थिर बसाइँ हुदैन, एउटै व्यक्तिको ३/४ वटा सम्म घर हुने गर्दछन् जसमा हरेक सिजन अनुसार बसोबास गर्ने सिजनल घरहरू (हिउद, बर्खा ऋतु अनुसारमा बसोबास गर्ने) हुन्छन् त्यहापनि उज्यालोको आवश्यकता पर्दछ । साथै पालिकामा विद्युतिय उपकरणहरूको प्रयोग र साना तथा घरेलु उद्योग सञ्चालन गर्दा विद्युत प्रयाप्त छैन । यसको लागि पनि थप विद्युतको आवश्यकता छ । यसको लागि राष्ट्रिय प्रसारण लाइनमा मात्र भर पर्नु भन्दा स्थानीय जलविद्युत व्यवस्थापनको आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

#### ४.५.२.१ घरमा उज्यालोको लागि प्रयोग हुने उर्जाको विवरण


यस गाउपालिकाका विभिन्न घरधुरीहरूले रातिमा उज्यालो तथा मोबाइल रेडियो, टिभी जस्ता वस्तुहरू चार्ज गर्न वा चलाउनका लागि प्रयोग गर्ने उर्जाको विवरण यस प्रकार दिइएको छ ।

तालिका– २८

उर्जाको रूपमा प्रयोग गर्ने वस्तुका आधारमा घरधुरी विवरण

| वडा न. | सोलार | विजुली जल विद्युत | मट्टितेल | ब्याट्रि |
|---|---|---|---|---|
| १ | १९५ | २६९ | २२ | २५ |
| २ | १२९ | २१६ | ६ | ८१ |
| ३ | २४५ | २९५ | १५ | ० |
| ४ | १७९ | १९७ | १५ | ० |
| ५ | २९१ | ३१५ | १५ | ४ |
| ६ | १७९ | २७४ | ८ | ८५ |
| ७ | ३२६ | ३३० | ४ | ० |
| ८ | २५० | २९६ | ३० | १६ |
| ९ | १६५ | २०६ | ५ | २३ |
| जम्मा | १९५९ | २३९८ | १२० | २५७ |

स्रोतः पालिकाबाट उपलब्ध विवरण र प्रत्यक्ष अध्ययन




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सोलार | १९५ | १२९ | २४५ | १७९ | २९१ | १७९ | ३२६ | २५० | १६५ | १९५९ |
| बिजुलि | २६९ | २१६ | २९५ | १९७ | ३१५ | २७४ | ३३० | २९६ | २०६ | २३९८ |
| मट्टितेल | २२ | ६ | १५ | १५ | १५ | ८ | ४ | ३० | ५ | १२० |
| ब्याट्रि | २५ | ८१ | २३ | ० | ४ | ८५ | ० | १६ | २३ | २५७ |

माथिको तालिकालाई चार्टमा पनि देखाएको छ

यस गा.पामा बिजुली सबै घरपरिवारलृ बाल्न पाएका छन् भने पालिकामा राष्ट्रिय प्रसारण लाइन पनि जोडिएको छ तर प्रयोग एउटा वडा बाहेक अन्यत्र भएको छैन भर्खर जोडिदैछ । यहाँ सोलार प्यानलको प्रयोग हुने घरधुरी पनि थुप्रै छन्, विद्यालय, स्वास्थ्य चौकि र वडा कार्यालय जस्ता महत्वपूर्ण सार्वजनिक संस्थाहरूमा विद्युतले धान्न नसक्दा सोलार प्यानल आवश्यक परेको देखिन्छ ।

### ४.५.३ सञ्चार तथा यातायात

यस गाउपालिकामा सञ्चार तथा यातायातको विकासमा हिजोको भन्दा परिवर्तन भएको छ । यहाँ सञ्चारको क्षेत्रमा भन्दा यातायातको क्षेत्रमा भने बढि परिवर्तन भएको भएको देखिन्छ । हिजो हाटबजार जान पैदल हिडि महिनौ लाग्ने समय आज घरघरमा गाडि रोड, सवारीसाधन पुगेका छन् भने हाटबजार घर नजिकै बढिमा २ घण्टा लाग्ने ठाउँमा आइपुगेको छ ।

एक समय कालिकोट कै दुर्गम ठाउँ मानिने यो पालिका आज गाडी रोडमा अगाडि फड्को मारेको छ । यसको तुलनामा सञ्चार क्षेत्रमा भने खासै उल्लेख्य प्रगति भएको देखिदैन । हालसम्म रेडियो एफएमको स्थापना पालिकामा भएको छैन, अन्तभएका रेडियो, टेलिभिजनलाई मात्र कामचलाउ रूपमा प्रयोग गरेको त्यहपनि सबैठाउमा टिप्दैनन, मोवायल फोन टावरहरू प्रयाप्त छैनन भएकाले खासै काम गर्दैनन । इन्टरनेट राम्रोसँग चल्दैन । यसको कारण पालिकामा उपयुक्त स्थानमा फोन टावरको व्यवस्था नहुनु, अन्य स्थानमा भएका टावरले जतासम्म काम गर्यो त्यतिकैमा भरपर्नुपर्ने अवस्था छ । यो सुचना तथा सञ्चारको समस्या पालिकामा एकदमै बढि भएको हुदा यसकोसमाधान गर्नुपर्ने चुनौति पालिकालाई छ । समस्या तमाम भएतापनि केही उपलब्ध सञ्चार, सुचना तथा यातायात सेवा सुविधाको पहुँच के कति छ भन्ने कुराको विवरण उल्लेख गरिएको छ ।

### ४.५.३.१ यातायात तथा सञ्चार सेवाको पहुँचको आधारमा घरपरिवारको विवरण

यस गाउँपालिकाका घरधुरीहरुमा भएका सञ्चार तथा यातायातका साधनहरुको विवरणका आधारमा रेडियो ५७१ घरपरिवार, मोवाइलफोन लगभग सबै घरपरिवारसँग भएको र मोटरसाइकल ५० जना भन्दा बढिसँग भएको, जिप ५ जनासँग र ट्र्याक्टर ६ जनासँग भएको अवस्था छ। अन्य थप हुने क्रममा रहेको छ।

### ४.५.३.२ उपलब्ध यातायात तथा सञ्चार सेवाको विवरण

यस गाउँपालिकामा दैनिकरुपमा आउने यातायातका सवारी साधन तथा अन्य सञ्चार सम्वन्धी विवरण यस प्रकार रहेको छ।

तालिका– २९

गाउँपालिकामा दैनिक आउने यातायातका साधन तथा अन्य सञ्चार सम्बन्धी विवरण

| दैनिक आवतजावत गर्ने सवारी साधनको विवरण | गाउपालिकामा विभिन्न वार्ड र पालिका केन्द्रमा समेत(औसत संख्या) |
|---|---|
| भाडामा जीप | १० |
| ट्र्याक्टर | ३० |
| ट्रक | १० |

स्रोतः गापाको कार्यालयबाट उपलब्ध विवरण

यस गाउँपालिकामा वार्ड न ८ स्थिति चाटेबगर र भैसेसैनमा बसपार्क रहेको छ भने अन्य ठाउँमा त्यस प्रकारको वसपार्क नै व्यवस्थान भैसकेको अवस्था छैन। शौचालयकसार्वजनिको सम्बन्धमा यस गाउँपालिकामा सार्वजनिक शौचालयहरु कुनै पनि ठाउँमा व्यवस्थितरुपमा निर्माण गरेको पाइएन। यस गाउँपालिकामा ढल निकासको अवस्थामा गाउँपालिकामा सडक तथा बाटोघाटो निर्माणका क्रममा कुनै पनि स्थानमा यस निकासको राम्रो व्यवस्थापन भैसकेको अवस्था छैन। सडक तथा पुलको विवरणको सवालमा गाउपालिकाका विभिन्न वार्डमा भएका सडक सञ्जाल तथा पुल हरूको अध्ययन गर्दा यस पालिकामा झोलुङ्गे पुलको सङ्ख्या–११ काठेपुलको सङ्ख्या –४, पक्की पुलको सङ्ख्यां – ० निर्माणाधीन, बाटो कच्ची सडक – ७, ग्राभेल सडक छैन, गोरेटो बाटो – १६ रहेका छन् (प्रत्यक्ष अवलोकन र गापाको कार्यालयबाट उपलब्ध विवरण)।

## ४.६ वातावरण तथा विपत व्यवस्थापन

### ४.६.१ सामुदायिक तथा अन्य वन सम्बन्धि विवरण

यस गाउपालिकामा भएका सबै प्रकारका वन सम्बन्धि विवरण यश प्रकार रहेका छन्।

तालिका– ३०

गाउपालिकामा भएका सबै प्रकारका वन सम्बन्धि विवरण

| वडा न. | वनको नाम | वनको प्रकार | क्षेत्रफल (हे) | समेटेको घरपरीवार | पाइने वोटविरुवा | जम्मा वचत |
|---|---|---|---|---|---|---|
| १ | रमणीय सामुदायिक वन | सामुदायिक वन | ९८.९ | २८ | सल्लो, सानन, चिउरी, बाज, जाम्नु, बाफ, गुरास, अयर | रु ३०००० |
|  | कालापानि | सामुदायिक वन | १४४ |  | कोइरालो, रुइन, टुनि, चिमालो, कटुस, | रु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामुदायिक वन | | | | रफलाट | २५००० |
| २ | मैरापाताल सामुदायिक वन | सामुदायिक वन | ८४.४० | १२५० | सल्ला र बाँझ | रु ६२००० |
| ३ | डिम्रेनि सामुदायिक वन | सामुदायिक वन | ३००० | ५०० | सल्ला, बाँझ, ठिन्के, काउलो, खर्सु, गोब्रे, निगालो, ठिगो, लालिगुराँस, भोजपत्र | रु ३००००० |
| | बाँस सामुदायिक वन | सामुदायिक वन | ५००० | ५०० | सल्ला, बाँझ, ठिन्के, काउलो, खर्सु, गोब्रे निगाला, ठिगो, लालिगुराँस, धुपि, भोजपत्र | रु १००००० |
| ४ | भवानि सामुदायिक वन | सामुदायिक वन | २५०० | पुरै | देवदार, सल्लो, बाँझ, ठिन्के, काउलो, खर्सु, गोब्रे, निगालो, लालिगुराँस, अम्दाजि | रु ३५० |
| ५ | देउरालि सामुदायिक वन | सामुदायिक वन | ४९७.१६ | ३१४ | बाझ,रयज सल्लो, ठिगुरे, लालीगुराँस | रु १०००० |
| | वडापातल सामुदायिक वन | सामुदायिक वन | | २०० | बाझ, रयज सल्लो, ठिगुरे, लालीगुराँस | |
| | पानि नाउला वन | सामुदायिक वन | ३० रोपनि | ३१४ | चिउरी सिसौ, खयर, लौठो, टिमुर | |
| | कालाशिल्ला | धार्मिक सामुदायिक वन | २२ रोपनि | | बाझ गुरास, टिमुर | |
| ६ | मदाल डाडा सामुदायिक वन | सामुदायिक वन | | १४० | सल्लो | |
| | सल्लेरी सामुदायिक वन | | | | सल्लो | |
| | कैलाश सामुदायिक | | | | बाँस | |
| | जाडेपानि वन | कवुलियत वन | ७ विघाहा | | बाँझ, सल्लो गुराँस, ओखर | |
| ७ | सल्लेरी सामुदायिक वन | सामुदायिक वन | ४५ | २८० | बाँझ, सल्लो,  गुराँस, ओखर | |
| | कैलाश सामुदायिक वन | सामुदायिक वन | ८६ | १८१ | बाँझ, सल्लो, गुराँस, ओखर | |
| | नवज्वति सामुदायिक वन | सामुदायिक वन | १५ | २२४ | बाँझ, सल्लो, गुराँस, ओखर | |
| ८ | कालिका सामुदायिक वन | सामुदायिक वन | | | बाँझ, सल्लो, गुराँस, ओखर | |
| | कर्णाली सामुदायिक वन | सामुदायिक वन | | | खयर , सिरिस, टाटे, सिसिड | |
| | कवुलियति वन | कवुलियति वन | | | | |
| ९ | जुखेना सामुदायिक वन | सामुदायिक वन | | | सिसर, खैर | |

स्रोतः गापाको कार्यालयबाट उपलब्ध विवरण

### ४.६.२ नदि तथा जलाधारको विवरण

यस गाउपालिकाका विभिन्न वार्डका समुदायमा भएका नदि, खोला, ताल तलैयाहरूको विवरण यसप्रकार रहेको छ।

तालिका – ३१

गापामा भएका नदि, ताल आदिको विवरण

| वडा न. | नदिर/खोला | ताल/तलाउ | अन्य सिमसार क्षेत्र |
|---|---|---|---|
| १ | कर्णाली नदि, निगालि खोला, उजागाड खोला, वाल्ली गाड खोला | घाटा ज्युला, माध लगाउ वुट्टेगाना, मिल डारा रुच्का र काडागाउ | दाहागाड |
| २ | कर्णाली नदि, घट्टेगाड खोला | लुवास्वरी रातामाडा | |
| ३ | लाफा गाड, छिरीगाड, बासगाड, गुइयागाड | मजिराखना, आरुबगर | सिम, डाडा, पैराठ, सिम्ली |
| ४ | कर्णाली नदि, वाम गाड खोला | | |
| ५ | वाम गाड खोला | | |
| ६ | घट्टेगाड खोला, मिसेला खोला | | मुग्रह |
| ७ | वयलछडा, खुम्ला गाड, दोगाड खोला | | सिमसेला, सिमाने |
| ८ | मयगाड खोला | | विसखटो सिम |
| ९ | गाल्लु गाड खोला | | |

स्रोतः प्रत्यक्ष अवलोकन,वडाका सरोकारवालाहरूसँगको छलफल

### ४.६.३ दैवि प्रकोप सम्बन्धी विवरण

यस गाउँपालिकामा विभिन्न प्रकारका दैविप्रकोप सम्वन्धी विवरणमा खडेरी, आगलागी, पैहो, जङ्गली जनावरबाट हुने वालीनालीमा क्षति, ऑधि, हुरी, चट्याङ तथा असिना जस्ता प्रकोपको खतरा रहेको भएता पनि गाउँपालिका भर्खर मात्र स्थापना भएको हुँदा त्यस प्रकारका दैवीप्रकोपको वैज्ञानिक तथ्याङ्क राखेको पाइएन।

### ४.६.४ गाउँपालिकामा भएका विभिन्न खानी, खनिज तथा अन्य प्राकृतिक स्रोतको विवरण

यस गाउँपालिकामा भएका विभिन्न खानी, खनिज तथा अन्य प्राकृतिक स्रोतको विवरण यस प्रकार रहेको

तालिका– ३२

गाउँपालिकामा भएका विभिन्न प्रकारका खानी तथा खनिजको विवरण

| खानी तथा खनिजको नाम | पाइने स्थान वा टोलको नाम |
|---|---|
| चुन ढुङ्गा | बागे |
| चाहेमाटा | डौठे |
| रातोमाटा | खानेतोलि |
| वालुवा | तलिबगडा |
| सिलेट | कार्की वाडा |
| बालुवा | जडेदह, मजिराखना, आरुवगर, धुलछहरा, बाङगेछहरा |
| माटो चुनढुंगा,रातोमाटो | डुंग्री, आरुखाडा, भाटेभिड, भारपाटा, किराझरन |
| सिलाजित | गोरुख भंक |
| कमेरा | चौक |
| मार्वल | लौठेनि खार्दु |

स्रोतः प्रत्येक अवलोकन र सरोकारवालासँगको छलफलबाट उपलब्ध विवरण

### ४.६.५ गाउँपालिकामा सुधारिएको चुलो प्रयोग गर्ने घरपरिवारको विवरण

यस गाउँपालिकाका विभिन्न वार्डमा भएका घरधुरीहरु मध्ये सुधारिएको चुल्हो प्रयोग गर्ने घरधुरीहरुको विवरण यस प्रकार रहेको छ।

तालिका- ३३

सुधारिएको चुलो भएका र नभएका घरधुरीको विवरण

| वडा नं. | सुधारिएको चुलो भएका | सुधारिएको चुलो नभएका |
|---|---|---|
| १ | २५ | २४४ |
| २ | १० | २०६ |
| ३ | १३० | १६५ |
| ४ | ४५ | १५२ |
| ५ | ९७ | २१८ |
| ६ | १५ | २५९ |
| ७ | ७ | ३२४ |
| ८ | ११ | २८५ |
| ९ | ६० | १४६ |
| जम्मा | ४०० | १९९८ |

स्रोतः घरधुरी सर्वेक्षण.(२०७६) गाउपालिकाको कार्यालयबाट उपलब्ध विवरण

यस गाउँपालिकाका जम्मा घरधुरीहरु मध्ये ३७६ घरधुरीहरुमा सुधारिएको चूलो बनाइएको छ भने बाँकी २०२२ घरधुरीहरुमा सुधारिएको चुलो बनाइएको छैन। यसलाइ चार्टमा यस अनुसार देखाइएको छ। साथै यि तमाम समस्याको बाबजुद पनि सरकारले संघीयतालाई सफल बनाउन केहि प्रयास नगरेको भने होइन। सरकारले संघीयतालाई सफल बनाउन बनाएका निति तथा कार्यक्रमहरू के कस्ता छन् निम्नानुसार दिइएका छन्।

### ४.७ संघीयताको वर्तमान अवस्था, प्रभाव र भावि योजनाहरु

यस पचालझरना गाउपालिकामा आर्थिक विकास, सामाजिक विकासका क्षेत्रहरू जस्तै कृषि, पशुपालन, उद्योग तथा वाणिज्य सम्बन्धि विवरण रोजगारीको अवस्था, पर्यटन विकास क्षेत्रमा सहकारी विकास, वीत्तीय संस्थाहरू लगायत आर्थिक विकासका क्षेत्रहरूमा, त्यसैगरी सामाजिक विकासका क्षेत्रहरू शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, महिला बालबालिका तथा जेष्ठ नागरिकको समाजिक स्थितिको क्षेत्रमा, पुर्वाधार विकासका क्षेत्रमा जे जति सुविधा प्राप्त भएको देखिन्छ। त्यो विगतको तुलनामा धेरै हो। नेपालमा गणतन्त्र स्थापना हुनुभन्दा पहिले यी क्षेत्रहरूमा खासै प्रगति थिएन, कहिकतै पहुँच पुरयाउने काम भएता पनि एकदमै पछाडि नै थियो भने गणतन्त्र स्थापना पछि परिवर्तन भएको र संघीयता स्थापना पछि त झनै विकासको प्रारम्भिक चरणमा प्रवेश गरेको देखिन्छ।

विकासका यी क्षेत्रहरूको आज पालिकाहरूका प्रत्येक वडाहरूमा सेवासुविधाको पहुँच पुगेको छ। यसले प्रत्येक वडालाई पालिकासँग र पालिकाले जिल्लासँग र जिल्लाले प्रदेश,प्रदेशले संघीय सकारसँग जोड्ने काम भइरहेको छ। तर यतिलाई मात्र प्रत्याप्त मान्न सकिदैन। यो खालको सुविधा सुरूवाति चरणमा पहुँच पुर्याउने र विकाससँग जोड्ने काम मात्र हो। वास्तविक पहुँच र विकास भनेको त जनताको जनजिवनमा सकारात्मक परिवर्तन र सामाजिक

सहभागिता, जनताले सेवासुविधा उपभोग र गर्न पाउनु हो । यसमा पनि जनताले सेवासुबिधा के कति उपभोग गर्न पाएका छन् र कति जनता यसबाट लाभान्वित भए भन्ने कुराले निर्धारण गर्दछ । हालको विकास यो खालको विकास हुन सकिरहेको छैन तर यसको लागि गुरु योजना पालिकाको निति तथा कार्यक्रमको आवश्यकता छ ।

विकासका पुर्वाधारहरूको विकासका लागि थुप्रै चुनौति र समस्याका बाबजुद यस पालिकाले थप विकास गर्न र जनतामा पहुँच पुर्याउनको लागि नीति तथा कार्यक्रममा योजना प्रस्तुत गरेको छ । जसमा पालिकाको प्रशासनिक क्षेत्र अन्तर्गत सुशासन तथा सार्वजनिक सेवा प्रवाह तर्फ गाउपालिकाको कार्यालय व्यवस्थापनमा प्रविधियुक्त बनाउन प्रशासनिक भवन निर्माण गरेको छ साथै अन्य सेवा सुबिधाको लागि र सुशासनको लागि अल्पकालीन र दिर्घकालिन नीति तय गरेको देखिन्छ । त्यसैगरी आर्थिक विकास तर्फ कृषि, सेवा, पशु पक्षीको क्षेत्र, सहरी विकास तर्फ व्यवसाय दर्ता र नविकरण तर्फ, पर्यटन विकास र रोजगार तर्फ, उद्यम विकास तर्फ बहुक्षेत्रीय पोषण तर्फ र विपत व्यवस्थापन लगायतका महत्त्वपूर्ण क्षेत्रको लागि आगामी नीति तथा कार्यक्रम तय गरेको देखिन्छ । यी नीति तथा कार्यक्रमहरूले पछि के कति प्रभाव पार्छन् त्यो हेर्न बाँकी छ अहिले भने केही लक्ष्य राखेको देखिन्छ ।

जसमा सामाजिक विकासको क्षेत्रमा, शिक्षा युवा तथा खेलकुदको तर्फ पनि सबैको पहुँच सुनिश्चित गर्न विभिन्न अभियान सञ्चालन गर्न, बालमैत्रि विद्यालय स्थापना गर्रे अभियान सञ्चालन गर्ने साथै स्थानीय स्तरमै प्राविधिक जनशक्ति उत्पादन गर्न, प्राविधिक शिक्षालाई व्यवस्थित गर्रे योजना तय गर्ने लक्ष्य राखेको देखिन्छ । शिक्षक तालिम गुणस्तरीय शिक्षामा जोड दिने, पालिका भरि उत्कृष्ट नम्बर ल्याउने, एसइई मा उत्कृष्ट नम्बर ल्याउने विद्यालयलाई पुरस्कृत गर्ने जस्ता प्रोत्साहन गर्ने खालका कार्यक्रम तय गरेको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा पनि स्वास्थ्य क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पताल निर्माण गर्ने कार्यलाई अगाडि बढाउन जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाउनुका साथै ५ सैयाको अस्पताल निर्माणको लागि तत्काल डिपियार गरि डिपिआर तथा डिजाइन स्वीकृतिको लागि स्वास्थ्य मन्त्रालय मार्फत प्रक्रिया बढाउने, नियमित आकस्मिक सेवालाई प्रभावकारी बनाउने हाल सञ्चालनमा रहेका स्वास्थ्य चौकिलाई नियमित रूपमा सञ्चालन गरिनुका साथै प्रभावकारी रूपमा सेवा प्रदान गर्ने, तोकिए बमोजिम नियमित रूपमा स्वास्थ्य चौकि चेकजाँच गराउने, स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरूलाई प्रोत्साहन गर्न " माइतीको नासो " कार्यक्रमलाई निरन्तरता दिइनुका साथै स्वास्थ्य संस्था बाहिर हुने सुत्केरी सङ्ख्यालाई रोक्न " मेरो आमालाई निम्तो " कार्यक्रम लागु गर्ने लक्ष्य राखेको छ । यी लगायत अन्य कार्यक्रमहरू संचालन गर्ने नितिहरू तय गरेको छ । महिला तथा बालबालिका जेष्ठ नागरिक इकाई क्षेत्रमा पनि निति तय गरेको छ । समाजिक सुरक्षा तथा पञ्जिकरण शाखा तर्फ सुशासनको ग्यारेन्टी गर्ने लक्ष्य राखेको छ । बन बाताबरण तथा विपत व्यवस्थापन तर्फ पनि बन क्षेत्रको वृद्धि गर्न र वन संरक्षणको लागि वृक्षरोपण देखि वन संरक्षणमा कडाइ गरिने जस्ता नितिहरूको निर्माण गरेको देखिन्छ ( पचालझरना गापाको नीति तथा कार्यक्रम २०८०) ।

यस पालिकाले बनाएका नीति तथा कार्यक्रमहरू पछि लागुहुने तथा कार्यान्वयन हुने नीति हुन तर वर्तमान अवस्थामा पालिकाले के कस्तो प्रयोग र कार्यान्वयन गरेको छ भन्ने कुरा पहिलो हो र यसैका आधारमा नै विभिन्न नीति योजनाहरू बनाउने गर्नुपर्दछ । पचालझरना गाउपालिका लगाएत आसपासका छिमेकी गाउपालिका, नगरपालिका लगाएत समग्र कालिकोट जिल्लको वर्तमान अवस्था पनि यहि प्रकारको छ । आर्थिक विकासको क्षेत्रमा पुर्णरुपमा आत्मनिर्भर हुने अवस्था देखिदैन, यसकोलागि पशुपालन र खेतीयोग्य भुमि प्रयाप्त भएतापनि, प्रतिस्पर्धात्मक बजार, बढ्दो पुँजिवादी व्यवस्थामा उपयुक्त बजार व्यवस्थापनको अभाव देखिनुका साथै यो कृषि पेसा परम्परागत खेतीपाती र

पशुपालन अवस्थावाट आधुनिकीकरणको अवस्थामा रुपान्तरण नहुदा कृषि पेसा पहिले भन्दा अहिले बढि आत्मनिर्भरको क्षेत्र रहन सकेन । त्यस्तै पर्यटन विकार र जलविधुत अहिलेका महत्वपुर्ण क्षेत्रहरु हुन तर यि क्षेत्रहरु व्यवस्थित भइसकेका छैनन र हुने प्रयासमा छन् । सामाजिक विकासको क्षेत्र मध्ये सामाजिक विभेद, छुवाछुत, लैङ्गिक विभेद, राजनीतिक सहभागिता लगायतका क्षेत्रमा समग्र जिल्लाकै अवस्थामा धैरै परिवर्तन भएको छ, पुर्णरुपमा भने परिवर्तन भइसकेको छैन् । शिक्षा क्षेत्रमा जिल्लामा एउटा जिल्ला अस्पताल छ सानातिना उपचार, सल्यक्रिया हुने गरेतापनि ठुला र गम्भिर प्रकारका बिरामि उपचार गर्न सुर्खेत, नेपालगञ्ज, काठमाडौ र भारतको लखनउ सम्म जानुपर्ने अवस्था छ, पहिले भन्दा भिन्नता आएको छ तर प्रयाप्त छैन् । शिक्षा क्षेत्रमा पनि पचालझरना लगायत सम्पुर्ण पालिका र जिल्लाको अवस्था बिगतको तुलनामा आज थुप्रै परिवर्तन भएको छ तर यो व्यवस्थित र प्रयाप्त छैन । भौतिक पुर्वाधार, यातायात, विद्युत, खानेपानी र आमसञ्चारका क्षेत्रमा पनि जति पहुँच पुर्याउनु पर्ने थियो त्यो देखिदैन् अथवा यसलाई प्रयाप्त मान्न सकिदैन् ।

समग्रमा यस गाउपालिकाको उपलब्ध तथ्यांक अनुसार हिजोको तुलनामा आज जनता र दुर्गम क्षेत्रहरूमा पहुँच विस्तार मात्र भएको देखिन्छ तर यसको प्रभावकारी रूपमा कार्यान्वयन, सेवाप्रदान, सुविधाको उपभोग जस्ता सामाजिक विकास हुन सकेको छैन । यो खालको पहुँचले सामान्य आवश्यकता मात्र धान्न सक्दछ बाँकी आवश्यकताको लागि संघर्ष गर्नुपर्ने हुन्छ । यसको लागि बनाइएका निति तथा कार्यक्रमहरुको नियमपुर्वक कार्यान्वयन गर्न जरुरी छ ।

## अध्याय – पाँच

## संघीय शासन प्रणालिका औचित्य, चुनौति तथा अवसरहरु

एकथरि मानिस भन्ने गर्छन् शासन सञ्चालनको लागि कुनैपनि व्यवस्था खराव हुदैन त्यसको उपयोग गर्ने पात्र खराब हुन्छ त्यहि भएर व्यवस्था होइन पात्र बदलौ तर त्यो हरेक समय अनुकुल उपयुक्त हुने गर्दछ । एक समय युरोप लगायत सारा विश्वमा निरंकुशतन्त्र, कुलिनतन्त्र ठिक थियो, त्यसैगरि समयको विकास क्रमसँगै यसको ठाउमा राजतन्त्र ठिक लाग्यो, पछि राजाको ठाउमा धर्मगुरु उपयुक्त थियो, र धर्मगुरु हट्यो फेरि राजा सत्तामा आए त्यसपछि बद्लिएको समयसँगै राजतन्त्रको स्थानमा लोकतन्त्र, गणतन्त्र, समाजवाद साम्यवादको अवधारणा अगाडि आयो । आज नेपालमा पनि पुरानो राजतन्त्र र राजतन्त्रले सञ्चलन गरेको एकात्मक शासन व्यवस्थाको ठाउमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो आजको समयको माग हो, यो समयमा करोडौ जनताको प्रतिनिधित्व एकात्मक व्यवस्था र राजतन्त्रले गर्न नसकेको हुनाले जनताले लामो संघर्ष गरेर यो व्यवस्था ल्याएका हुन । त्यसैले शासन सञ्चालनमा व्यवस्था सफल बनाउने वा असफल बनाउने त्यसमा पात्रको भुमिका त हुन्छ तर व्यवस्था सँधै युगौयुगसम्म रहिरहने अमर हुदैन त्यसको पनि आयु हुन्छ, आफ्नो आयुसम्म जनतालाई जिउन सहज बनाउने हो । आजको २१ औ सताब्दिमा विज्ञान प्रविधिको युगमा पनि राजतन्त्र ठिक छ यो संघीय लोकतान्त्रिक गणतन्त्र आवश्यक होइन भन्ने तर्क विल्कुल उचित होइन । यसमा पात्र होइन पात्रको प्रवृति बदल्न जरुरी हुन्छ त्यो समयको माग अनुसार बद्लिएको शासन व्यवस्थाले गर्दछ । सोहि अनुरुप आजको संघीय शासन प्रणालिको औचित्य, चुनौति तथा अवसरहरुबारे यहाँ पृष्टि गर्न खोजिएको हो ।

> शर्मा, पिताम्बर.(मिति नखलेको, पृ.६ ) ले संघीय राज्यको नयाँ संरचनामा उल्लेख गरे अनुसार नेपाल संघीय राज्यमा जानु हुन्छ या हुन्न, जाने भए किन जानुपर्छ भन्ने कुरामा भिन्न–भिन्न मत हुन सक्छन् । दुई विशाल छिमेकी राज्यका बीचको सानो देशमा एकात्मक राज्यव्यवस्था नै उपयुक्त हुन्छ भन्ने सोचाइको पुनर्मूल्याङ्कन गर्न मलाई पनि निक्कै समय लाग्यो । सारपूर्ण विकेन्द्रीकरण र स्वायत्त शासनको इमान्दारिपूर्ण अभ्यास भएको खण्डमा समानुपातिक राजनीतिक प्रतिनिधित्वका माध्यमबाट एकात्मक व्यवस्था नै लोकतन्त्र र विकासको बलियो खाँबो हुनसक्छ भन्ने सोचाइ पूर्णतः गलत हो भन्न सकिंदैन । तर प्रशासनिक विकेन्द्रीकरणको नेपालको सर्वाङ्गीण अनुभव, केन्द्रीय राज्यको तानाशाही प्रवृत्ति र त्यसमा वर्चस्व राख्ने पुरानै जाति र वर्गको हालीमुहालीको इतिहासले एकात्मक व्यवस्थाबाट पहिलेकै अनुभवहरूको पुनरावृत्तिसिवाय नयाँ नेपालको मार्गचित्र कोर्न सकिने स्थिति देखिन्न । राज्यमा सबै नागरिकको स्वामित्व र सहभागिता सुनिश्चित गरेर सामेली विकासको धारणालाई व्यवहारमा उतार्ने कामले एकात्मक व्यवस्थामा प्राथमिकता पाउने खण्ड नै बनेन् । एकात्मक राज्य व्यवस्थाका झण्डै दुईसय सैंतीस वर्षसम्म उपेक्षित क्षेत्र, प्रदेश र जातिहरू उत्पीडित नै रहे । क्षेत्र विशेषका साझा भाषा, जाती, मनोभाव र पहिचानको ऐतिहासिक निरन्तरतालाई जोगाउनु र सम्बोधन गर्नुको साटो राज्यको भूमिका त्यसको ठीक विपरीत रह्यो । क्षेत्रीय र प्रादेशिक सामाजिक, आर्थिक र राजनीतिक विभेदको रूप समयसँगसँगै किञ्चित फरक भए पनि सार उस्तै नै रह्यो । शाह र राणाहरूको राज्य सञ्चालनको केन्द्रीकृत परम्परालाई, अरू त कुरै छाडौं, २०४६ पछिका प्रजातान्त्रिक सरकारहरूले पनि खास अर्थमा तोड्न सकेनन् वा भनौँ वर्गीय र जातीय कारणले गर्दा त्यो तोड्ने आवश्यकता नै देखेनन् । स्मरणीय कुरा के हो भने माओवादी विद्रोहको चुरो बुझेपछि मात्र दलहरू समावेशी लोकतन्त्रका कुरामा लागिपरेका हुन् । राज्यको स्वामित्व ३५ प्रतिशत मै रहिरहने पारम्परिक स्थितिको निरन्तरता एकात्मक व्यवस्थाको सबैभन्दा दुर्बल पक्ष रह्यो । यसले गर्दा लोकतान्त्रिक मान्यताको जग सतही मात्रै रह्यो, बलियो हुनै सकेन । अनेकतामा एकताको पञ्चायतकालीन नारा कति मिथ्या रहेछ भन्ने कुरा २०४६ सालपछि खासगरी माओवादी विद्रोहयता उठेका जनजाती, दलित र मधेसी आन्दोलनले छर्लङ्ग पारेका छन् । राजतन्त्रको मिथकले  नेपाललाई राष्ट्र–राज्यका रूपमा हुर्कनै दिएन । गहिरिएर हेर्दा एकात्मक व्यवस्थाको मिथक पनि राजतन्त्रको मिथककै अर्को पाटो मात्र हो । नेपालमा लोकतन्त्र, जनताको सार्वभौमिकता र विकासलाई एक अर्काका परिपूरक

हुने परिपाटी संस्थागत गर्नका लागि इतिहासको भारी नबिसाई हुन्न । र यो इतिहासको बोझ केन्द्रीकृत सामन्ती राज्यव्यवस्था हो । जनताको सार्वभौमिकतालाई व्यवहारमा उतारेर राष्ट्र–राज्यको रूपमा नेपाललाई सबल तुल्याउने उद्देश्य प्राप्तिका लागि नेपाल अब संघीय व्यवस्थामा जानुपर्छ । नेपालमा संघीय राज्यको परिकल्पना यिनै आधारमा गरिनुपर्छ भन्ने मलाई लाग्छ ।

## ५.१ संघीयताको औचित्य

नेपाल एकीकरण पश्चात् सुरू भएको एकात्मक राज्य व्यवस्थाले झण्डै २३५ (दुइसय पैतिस) वर्षसम्म नेपालमा शासन गर्यो । उक्त २३५ वर्षे शासन कालमा उपेक्षित क्षेत्र,प्रदेश र जातिसहरू उत्पिडित नै रहे । यी क्षेत्र,जाति,भाषाहरू माथि उठ्न सकेनन् । नेपाल एकिकर पश्चात् एकातिर राज्य विस्तारको क्रम तिव्र गतिमा अगाडि बढिरहेको थियो भने अर्कोतिर सत्ता प्राप्तिको लागि राज परिवार भित्रै आन्तरिक शक्ति संघर्ष हावि थियो। राज्य विस्तार पछि सिमानामा विदेशी हस्तक्षेप संगै दरबारमा देखिएको (राणा, थापा,बस्नेत र पाण्डे बिचको) सत्ता संघर्ष कारण राणाशासनको उदय भयो । त्यस पश्चात् स्थापना भएको प्रजातन्त्र र प्रजातन्त्र पछि फेरि सुरूवात भएको शाह वंशिय पंचायत शासन व्यवस्था हावि भयो । नेपालमा यसरी शासन गरेका विभिन्न कालमा विकासका कामहरू त्यति प्रभावकारी भएको देखिदैन, पञ्चायतकालिन शासनमा राजा महेन्द्रले देशमा ५ विकास क्षेत्र, १४ अञ्चल, ७४ जिल्ला र विभिन्न ग्राम पञ्चायत स्थानिय निकायको रूपमा विकासको मोडेलहरू तयार पारेका थिए । साथै विकासको लागि र विभिन्न राजनितीक दलहरूको प्रतिनिधित्व सँगै लोकतन्त्रको विकल्पका रूपमा पञ्चायतलाई स्थापित गराउन भुमिसुधार ऐन लगायत थुप्रै ऐनहरू ल्याइयो ।

तर विकासका यी अवधारणाहरूले सिमित ठाउको लागि मात्र उन्नति गरेतापनि उपेक्षित क्षेत्र जाती, भाषा, धर्म र कला साँस्कृतिलाई माथि उठाउने काम गरेनन् झन दवाएर राखियो । नेपाल एकीकरण भन्दा अगाडि आर्थिक, सामाजिक, साँस्कृतिक हिसाबले थुप्रै सभ्य जाती, भाषिक समुदायहरू र क्षेत्रको जीवन एकीकरण भन्दा पछाडि अझ राम्रो बन्नुको साटो एकदम दयनीय र रक्षात्मक अवस्थामा पुग्यो । नेपाल एकीकरण भन्दा अगाडिको अर्थतन्त्र हेर्ने हो भने भारत र चिनले मात्र ४५ प्रतिसत विश्वको अर्थतन्त्र धानेका थिए भने त्यतिबेला उता युरोप अमेरिकी देश बेलायत, फ्रान्स, जर्मनी र अमेरिककाको अर्थतन्त्र २ प्रतिसत भन्दा माथि थिएन, ठिक त्यसै समयमा नेपालको पश्चिमी क्षेत्रमा खस साम्राज्य शक्तिशाली थियो जुन तिब्बत, चिन र भारतसँग सुन, चादि जस्ता बहुमुल्य बस्तुको व्यापार हुने गर्दथ्यो यो चिन, भारतको ४५ प्रतिसत को हिस्सामा नेपाल पनि पर्दछ । त्यतिबेला उत्तर चिन, तिब्बतसँग सुनचाँदी, तामा, कासो जस्ता बहुमुल्य धातुजन्य बस्तु, छाला र देबदार, साल जस्ता काठ, जडिबुटी जन्य बस्तुको व्यापार थियो भने दक्षिणी छिमेकी भारतसँग पनि त्यसै किसिमको व्यापार हुने गर्दथ्यो । उसो त चिन र तिब्बतको लागि पनि छालाको मुद्रा छपाई समेत नेपालले गर्दथ्यो । यतिमात्र होइन हालको कर्णाली (त्यतिबेलाको खस साम्राज्य) शासन सत्ता देखि अर्थतन्त्रमा पनि एकदमै मजबुत र समृद्ध थियो ।

अर्थतन्त्र र जन जीविकाको सवालमा खस साम्राज्य एकदम आत्मनिर्भर थियो । साथै त्यो समय खस राज्य हालको कर्णालीको उन्नतिको लागि गोल्डेन युग थियो । उसँग व्यापार गर्ने साझेदार चिन र भारत फेरि विश्व महाशक्तिको रूपमा उदाउदै गरेको समयमा त्यतिबेलाको खस आजको कर्णाली र समग्र नेपालको अवस्थाको कुरा गरिसाध्य छैन । आज विश्व सामन्ती युगबाट पुँजीवादी युगमा प्रवेश गरेसँगै विज्ञान प्रविधिको विकासले आधुनिक उत्पादनका साधनहरूको विकास पनि नगन्य भएको छ । यो समय हिजोको समय भन्दा सरल र सहज हो । यसैकारण आज उत्पादनको सवालमा नगन्य फड्को मार्न सक्थ्यो तर त्यो देखिदैन । त्यसैगरी विभिन्न उत्पिडित जातीय, भाषिक,

लैङगिक र साँस्कृतिक समुदयहरूको जन जीवन हिजोको तुलनामा सामाजिक राजनीतिक हिसाबले रक्षात्मक देखिन्छ, त्यसको सम्पूर्ण जड भनेको आर्थिक र राजनीतिक अधिकार हो । जब राज्यसत्ताबाट आर्थिक र राजनीतिक अधिकार प्राप्त हुदैन तबसम्म कुनैपनि मानव समुदायको उन्नति र कल्याण हुन सक्दैन । भौगोलिक क्षेत्रफलको आधारमा नेपाल सानो भएता पनि यहाँ एकात्मक व्यवस्थाले पुगाउनु पर्ने ठाउँमा विकासको पहुँच पुगाउन सकेन, यसले सिमित ठाउँमा, विशेष केन्द्रहरूमा मात्र विकास गर्न सक्यो ।

मुलुकका दुर दराजमा यसको छिटासमेत पर्न सकेन । विकासका पुर्वाधारहरूमा स्वास्थ्य, शिक्षा, यातायात, खानेपानी, बिजुली सञ्चार लगायत जतिपनि आधारभुत साधनहरू थिए ती पनि जहा केन्द्रको पहुँच थियो त्यहाँ मात्र पुर्याउन सक्यो अन्य ठाउमा पुगेन । मुलुकमा जतिपनि उत्पिडित समुदायहरू छन् ती सबै हिजोको केन्द्रीकृत शासन व्यवस्थाले न्याय नगरेका, पछाडि पारिएका र राज्य सत्ताको रक्षामा नपरेका वा विकासका लागि उत्पिडनमा परेका हुन् । आज त्यसैको सिकार भएर उत्पिडन खेप्न बाध्य भएका छन् । त्यसैकारण नेपालमा पटकपटक लामो समय केन्द्रीकृत शासन व्यवस्थाको विरूद्धमा जनताले बलिदानिपुर्ण संघर्ष गरे । २००६ सालमा प्रजातन्त्रको लागि राणा विरूद्धमा लडे, २०२२–३७ र २०४६/४७ सालतिर बहुदलको लागि लडे, २०५२–६२/६३ सालमा लोकतन्त्र गणतन्त्रको लागि लडे यसै लडाइँ र संघर्षले आजको संघीय लोकतान्त्रिक गणतन्त्रको जन्म भयो । मुलुक अहिले यसै संघीय लोकतान्त्रिक गणतन्त्रमा अगाडि बढिरहेको छ ।

### ५.२ संघीयता सम्बन्धि बहस

आजसंघीयता सम्बन्धिसमाजमा दुई थरिको बहस हुनेगरेको छ । एकथरी पक्षले नेपाल जस्तो सानो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था उपयुक्त होइन यसले देश टुक्रयाउछ, देशको आर्थिक अवस्थाले धान्न सक्दैन साथै यसले जातीय राजनीतिमा देश फसायो अब जातिय बिभाजन हुन्छ भन्ने तर्क गरेका छन् भने अर्को थरि पक्षले नेपालको सन्दर्भमा लोकतान्त्रिक व्यवस्था नै ठिक छ, लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो एकात्मक सामन्ती व्यवस्था होइन भन्ने बहस गर्ने गरेको छ । लोकतान्त्रिक पक्ष भित्र पनि संघीयता चाहने र नचाहने लोकतान्त्रिक पक्षहरू रहेका छन् यसबारे पनि छुट्टै बहस छ । मुख्य कुरा नेपालमा संघीयता सम्बन्धमा दुई खालको धारणा प्रकट भयो एउटा राजनीतिक स्तरमा धारणा र अर्को जनस्तरमा धारणा । हुनत राजनीति स्तर र जनस्तर दुवै राजनीतिकै पाटा हुन तर सरकारको नेतृत्व गर्ने वा शक्ति र सत्ताको राजनीति र सत्ता बाहिर रहि भोटरको रूपमा रहने र मुलुकको लागि सोच्ने खालको राजनीति वर्ग भनेर राजनीति स्तर र जनस्तर भनेर छुट्याइएको हो ।

#### ५.२ .१ राजनीतिक स्तरमा धारणा

संघीयता सम्बन्धि राजनीतिक स्तरमा धारणाको सन्दर्भमा विभिन्न राजनीतिक दलहरूको सत्ता स्थापित गर्ने राजनीतिक स्वार्थका आधारमा उनिहरूको विचार सिद्धान्त लक्ष्य अनुसार संघीयताको औचित्य सम्बन्धि धारणा बनाएका छन् । दलका उद्देश्यसँग कुन शासन व्यवस्था उपयुक्त हुन्छ त्यसैका आधारमा समर्थन र विरोध गर्ने गरेका छन् । जस्तै एकात्मक शासन व्यवस्था र राजसंस्था चाहने विचार भएकाहरूको लागि संघीयता उपयुक्त व्यवस्था होइन । तल स्थानीय तहमा, समुदायमा, जनतामा के चाहिएको छ त्यसको अध्ययन गर्नु भन्दा पनि आफ्नो राजनीतिक आदर्शका आधारमा नै धारणा बनाइ यति सानो भुगोलमा संघीयता उपयुक्त व्यवस्था होइन, यो खर्चिलो र देशको आर्थिक अवस्थाले धान्न सक्दैन र यसले जातिय द्वन्द भड्काउन खोज्यो, देश टुक्रयाउन खोज्यो भन्ने खालका तर्क प्रस्तुत गर्ने

गरेका छन् । यो तर्क अनुसार आर्थिक सवालमा जे भनिएको छ खर्चालु र धान्न नसक्ने त्यसबारे छलफल गर्न सकिन्छ भने बाकी बिना तथ्यको छ ।

यसैगरी लोकतान्त्र, समाजवाद, साम्यवाद चाहाने पार्टीहरूको लागि संघीयता लोकतन्त्रलाई जीवित राख्न, यसलाई सबल बनाउन र लोकतन्त्र लोककल्याणकारी राज्य हुदै समाजवाद सम्मको यात्रा सफल बनाउदै समाजवाद सहितको लोकतन्त्रिक व्यवस्था स्थापित गर्न संघीयता आवश्यक रहेको भन्ने तर्क प्रस्तुत गर्ने गरेका छन् । यसभित्र पनि राष्ट्रियता लोकतन्त्र मात्र चाहने र लोकतन्त्र समाजवाद, साम्यवाद चाहनेहरूको तर्क बिच भिन्नता देखिन्छ । उनीहरू संघीयता आवश्यक ठान्छन् र यो उपयुक्त व्यवस्था रहेको मान्ने गर्दछन तर यसमा आ–आफ्नो स्वार्थ र धारणा अनुसार संघीयताको संरचना र मोडेल तयार पारेका छन्, जसमा कसैले प्रदेश विनाको दुई तहको संघीयता र कसैले प्रदेश सहितको तिन तहको संघीयता हुनुपर्ने आ–आफ्नो दावि गर्ने गरेका छन् । यसले वास्तविक आवश्यकता के हो ? पहिचान गर्दैन र यसको औचित्य के छ भन्ने पनि छुट्टाउदैन र तमाम समस्या समाधान गर्न पनि सक्दैन ।

**५.२ .२ नागरिक स्तरमा धारणा**

अर्कोतिर नागरिक स्तरको धारणा छ त्यो भनेको जनताको वास्तविकता के हो ? उनिहरूको अवस्था कस्तो छ ? उनीहरूलाई संघीयता आवश्यक छ या छैन ? भन्ने विषयमा आधारित छ । विश्वका कुनैपनि मुलुकमा होस या शासन व्यवस्थामा त्यहाको सत्ताको केन्द्रबिन्दु जहा छ त्यसको वरिपरिका क्षेत्रहरू र केन्द्रीय सत्ताको छत्रछायामा रहेका जनताको उन्नति हुने गर्दछ । सँधै सत्ताको नजिक र त्यसको छत्रछायामा भएका हुनाले उनिहरूलाई कुनै कुराको अभाव रहेको हुदैन । सँधै सत्ता भोगि हुनाले पनि उनीहरूलाई संघीयता, स्वायत्त अधिकारको आवश्यकता हुदैन । खासमा आफ्नो अधिकार अरूलाई हस्तान्तरण गर्दा खुसि हुदैनन् । र जुन क्षेत्र र समुदाय राजधानी वा केन्द्रीय सत्ता भन्दा टाढा रहेको हुन्छ त्यो सँधै राजनीतिक आर्थिक हिसाबले उत्पिडनमा रहेको हुन्छ, सधै अधिकारको प्यासि हुने गर्दछ यसैकारण उक्त क्षेत्र र समुदायहरूको लागि संघीयता, स्वायत्त अधिकार अथवा केन्द्रीय राज्यसत्तामा भएको अधिकार आवश्यक पर्दछ ।

आज नेपालमा पनि जनस्तरमा हेर्दा यसै दुई कुराले प्रभाव पारेको देखिन्छ । हिजोको केन्द्रीकृत एकात्मक शासन व्यवस्थामा राजधानी र सत्ता वरिपरि रहेका क्षेत्रहरू, समुदायहरू, राजनीतिक नागरिकहरूको लागि संघीय शासन व्यवस्था उचित देखिदैन भन्ने आवाज उठ्ने गरेको छ भने हिजो केन्द्रीकृत शासन व्यवस्थाको छत्र–छायामा नपरेका र सँधै उत्पिडनमा परेका जाती, भाषिक, साँस्कृतिक क्षेत्रहरूको लागि संघीयता अति आवश्यक रहेको देखिन्छ । नेपाल भौगोलिक संरचनाको हिसाबले पुर्व पश्चिम भाग ज्यादै लामो आकारको छ यसले राजधानीबाट पुर्वि–पश्चिमी भाग अत्याधिक टाढा रहन जान्छ भने उत्तर–दक्षिण भाग पनि हिमाल पहाड र तराई क्षेत्रमा विभाजित छ । यसले पनि स्वास्थ्य, शिक्षा रोजगार, खानेपानी, विद्युत, सञ्चार र यातायात लगायत विकासका पुर्वाधारहरूमा समानता कायम हुन सकेन । साथै यसमा एउटा राजनीतिक पहुँचका आधारमा पनि समानता हुन सकेन भने अर्को भौगोलिक असमानताका आधारमा समान हुन सकेन ।

**५.३ राजनीतिक विकटता र भौगोलिक विकटता**

राजनीतिक बिकटता र भौगोलिक बिकटताका सवालमा दुई तरिकाले हेर्न र व्याख्या गर्न सकिन्छ । यसलाई राजनीतिक असमानता र भौगोलिक असमानता भनेर पनि बुझ्न सकिन्छ ।

### ५.३ .१ राजनितिक विकटता

यो राजनीतिक रूपमा हुने विकटता हो । साथै राजनीतिक विकटता कृतिम विषय पनि हो । यसमा अधिकार दिने नदिने भन्ने कुरा शासकको हातमा रहन्छ, यो शासकको रूचिको अन्तर्गतको कुरा हो । कसलाई बढि अधिकार दिने र कसलाई कम अधिकार दिने, कसलाई अधिकार दिने कसलाई नदिने, यो सबै सत्ताको रुचिको क्षेत्रभित्र पर्दछ । पछाडि परेका क्षेत्र आफै अगाडि आउने हुदैन संघर्ष गर्नुपर्छ या अगाडि ल्याउनुपर्छ । संषर्ष र सत्ताको रुचि अनुसार कसलाई अगाडि ल्याउने र को पछाडि धकेलिने भन्ने हुन्छ । यसमा तान्ने र धकेल्ने (पुल र पुस) को नियम लागू हुन्छ । राजनीतिमा पुल र पुस वा तान्ने र धकेल्ने भन्ने हुन्छ । यो भनेको सत्तामा तान्ने र सत्ता बाहिर धकेल्ने हो, यहि आधारमा राजनीतिक अधिकार कायम हुने गर्दछ, यसबाट कोहि सत्ता नजिक हुन्छन भने कोहि सत्ताबाट टाढा हुन्छन् यसैलाई नै राजनीतिम विकटता भनिएको हो ।

### ५.३ .२ भौगोलिक विकटता

भौगोलिक विकटता भनेको प्राकृतिक असमानता हो, जुन तराई क्षेत्रको तुलनामा पहाडी र हिमालि क्षेत्र यातायात र उब्जाउको हिसाबले असहज हुने गर्दछ । यसै कारणले पनि तराई क्षेत्रमा छिटो, बढी विकास र पहाडी क्षेत्रमा कम विकास त्योभन्दा उच्च हिमाली क्षेत्रमा अझै कम र ज्यादै ढिलो बिकास हुने गर्दछ । यो किसिमको असमानता प्राकृतिक रूपमै भएको हुनाले यसलाई बदल्न सकिदैन । त्यसैले यसलाई प्राकृतिक असमानता सम्झेर उत्पिडनमा पार्नु हुदैन राजनीतिक रूपले समाधान गर्नुपर्दछ । यसलाई भौगोलिक विविधताको रूपमा लिनुपर्दछ । भौगोलिक रूपले विविधता हुनुपनि एक विशेषता हो । एक सुन्दर देश हुनको लागि एउटै खालको भौगोलिक संरचनाले मात्र सम्भव हुदैन त्यहा हिमाल पहाड र तराई सहितको मिश्रित भौगोलिक बनावटले नै देश भौतिक रूपले सुन्दर बन्ने देखिन्छ र विकासको लागि पनि सबै विशेषतालाई मिलाउदा सम्भव हुनेगर्दछ । खेतीपातीको लागि बढी उब्जाउ, उर्वर भुमि आवश्यक पर्दछ भने जलविद्युतको लागि नदिनाला, खोलानाला आवश्यक पर्दछ ।

त्यसैगरी अर्को महत्त्वपूर्ण आर्थिक विकासको आधार पर्यटन हो । पर्यटनको लागि पनि हिमाली पहाडी भौगोलिक संरचना, नदिनाला, तालतलैया, झरनाहरू, बनजंगल, अग्ला–अग्ला हिमाल, हिम श्रृङखलाहरूको आवश्यकता पर्दछ । वनजंगल जडिबुटी जस्ता थुप्रै विषयहरू आर्थिक विकासका आधारस्तम्भ हुन यी कुराले भरिपूर्ण देश एक सुन्दर शान्त र विकसित हुन सम्भाव हुन्छ । नेपालको विशेषता पनि यहि भौगोलिक विविधता हो । यसलाई कमजोरी नठानि यसैको आधारमा राजनीतिक प्रशासनिक अधिकार दिइनु उपयुक्त हुन्छ । वर्तमान अवस्थामा नेपालमा यसै भौगोलिक विविधतालाई समेटेर राजनीतिक अधिकार दिइएको देखिदैन । भौगोलिक विविधतालाई भौगोलिक विशेषताको रूपमा लिनुपर्ने ठाउँमा भौगोलिक विकटताको रूपमा राखेर सधै केन्द्रिय शासन सत्ताबाट टाढा उपेक्षित राखियो, अधिकारको लागि दयाको रूपमा हेरियो ।

> रोकाया (२०८०) ले कर्णालीको मर्ममा उल्लेख गरे अनुसार कर्णालीलाई केन्द्रीय सत्ताले नुन र भातको भोको बनाइदियो । अहिले कर्णालीमा भाते राजनीति हावि भएको छ । यी बाहेक कर्णालीको आर्थिक, राजनीतिक अधिकारको बाटो सबै बन्द भएको र एउटा सिमित क्षेत्रमा समेटिन पुग्यो र कर्नालीको उँधोगति सुरूभयो । प्राचीनकालदेखि मध्यकालसम्म पूर्वी एसियादेखि मध्य एसिया हुँदै भू–मध्ये सागरसम्म चीनले व्यापार गर्ने रेशम मार्गमा कर्नाली नदीले बाटो जोडी दिएको छ । विगतमा कर्नालीको किनारै किनार दक्षिणको दिल्लीदेखि उत्तरको मानसरोवर कैलाशसम्म पुग्ने गरिन्थ्यो । त्यस समयमा कर्नालीको किनारै किनार उत्तर–दक्षिणको व्यापार मार्ग हुनुले कर्नाली प्रदेशमा जे खोज्यो, त्यो पाइन्छ भन्ने गरिन्थ्यो । अझ भन्ने हो भने नुन

बाहेक अरु कुरामा आत्मनिर्भर थियो । सुर्खेतदेखि जुम्लासम्म हात्ती हिड्ने बाटो बनाइएको थियो । राज्यका कतिपय नीतिले फाइदा गरेको हुन्छ भने कतिपय ठाउँमा हानी पुर्याएको हुन्छ । जुन दिन पृथ्वीनारायण शाहले भारतका व्यापारीहरूलाई नेपालमा पस्न नदिनू भन्ने दिव्य–उपदेश दिए । यस नीतिबाट नेपालको व्यापारमा हानी भएको थियो । पृथ्वीनारायण शाहले तिब्बतमा पठाएको एउटा चिठीमा नेपालबाट कुनै महङ्गा सामान जान नदिनु र तिब्बतले पनि त्यस्ता महङ्गा सामानको आयात नगर्नू । यसैगरी भारतसँग कुनै सम्बन्ध नराख्नु भन्नुले नेपाल विशेष गरी कर्नाली प्रदेशलाई व्यापारमा बढी नै घाटा भयो । त्यसपछि व्यापारीको स्वतन्त्रता र सुरक्षाको अभावले व्यापार दिन प्रतिदिन घट्दै गयो । त्यसकारण तिब्बतले नेपालको राजा प्रतापसिंह शाहलाई चिठी लेखी तपाईंहरूले व्यापारलाई विशेष ध्यान दिन र भारतका हिन्दू र मुसलमानलाई नेपालको मार्ग प्रयोग गरी तिब्बतसँग व्यापार गर्न दिनू भन्ने अनुरोधलाई समेत नेपालका राजाहरूले ध्यान नदिएका कारण कर्नाली क्षेत्रमा व्यापार घाटा हुन गई कर्नाली क्षेत्रको अर्थतन्त्र तहसनहस भयो ।

अङग्रेज–नेपाल युद्धको समयमा तराईबाट हुने व्यापारमा ठूलो हानी भयो । सुगौली सन्धिपछि नेपाललाई भारतले पूर्व, पश्चिम र दक्षिणतिरबाट घेर्यो । त्यसपछि नेपालका शासकहरूले अङ्ग्रेजहरूबाट नेपाललाई बचाउनका लागि तराईमा चारकोशे जङ्गल बढाउनुको साथै भीमसेन थापाले भारतबाट नेपाल आउने व्यापारीहरूलाई काठमाडौंबाट अनुमति लिनुपर्ने प्रावधान राखे । कर्णालीका व्यापारीहरूलाई 'आफ्नो गाउँ नजिकको निश्चित ठाउँमा मात्र व्यापार गर्नु र अरु ठाउँमा नजानू' भन्ने राज्यको निर्देशनले कर्नालीको व्यापारमा ठूलो घाटा लाग्यो । त्यसपछि कर्नालीबासी परम्परागत कृषिमा निर्भर हुन बाध्य भए । हिमाली जिल्लाबासीको बचेखुचेको वस्तु विनिमय गर्ने परम्परागत व्यापार सामुदायिक वन नीति कार्यान्वयन लागू हुँदा समाप्त भयो । यसले गर्दा 'भोट–माल' (उत्तरको तिब्बत र दक्षिण भारतको सीमासम्म) जाग्ना लिएर भग्र (भेडाबाख्रालाई भारी बोकाएर) जाने परम्परा समाप्त भयो । सडक निर्माण कार्य विस्तार हुनुले भोट र मधेशको हाट छोटिदै गयो । आफ्नो उत्पादन बिक्री हुन छोड्यो, बाहिरको उत्पादन राम्रो लाग्न थाल्यो । एकातिर क्रय क्षमता क्षय भयो । अर्कातिर काठमाडौंबाट कर्नालीलाई नीति निर्माण तथा शासन गर्ने संयन्त्रबाट बाहिर राख्नाले कर्नाली रोग, भोक, शोक, पिछडिएको र अभावग्रस्त क्षेत्रको रूपमा चिनिन थाल्यो । (रोकाया. २०८०,पृ.९९)

यो भयो कर्णालीको मर्म भौगोलिक हिसाबले राजधानिबाट टाढा रहदा र राज्य सत्ताले मुलुकको भौगोलिक विशेषतालाई नबुझी दिदा बनाएको केन्द्रको नीतिले गर्दा आज कर्णाली केन्द्रीय सत्ताको नुन र भातको प्यासि भएको छ । कर्णाली बाहेक नेपालका पुर्व–मेचिदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजाति, भाषा, साँस्कृतिको आधारमा उत्पिडनमा परेको प्रसस्तै छ । हिजोको केन्द्रीकृत एकात्मक शासन व्यवस्थाले भौगोलिक क्षेत्रिय हिसाबले कर्णाली उत्पिडनमा परे जस्तै जातीय, भाषिक र साँस्कृतिक हिसाबले पनि अन्य समुदायहरू उत्पिडनमा परे र हरेक हिसाबले राज्यको मुल नेतृत्वसम्म रहेका वर्गहरूसँग समान हुन सकेनन्, सधै यी दुई वर्गमा असमानताले ठुलो खाडल रहि रह्यो । यस्ता थुप्रै राज्यको मुल नेतृत्वसँग भएको जाती, वर्ग, भाषा र साँस्कृतिक क्षेत्रसँग अन्य उत्पिडित वर्ग, जाती, भाषिक, साँस्कृतिक र क्षेत्रीय समुदायहरू समान हुन नसक्दा लोकतान्त्रिक शासन व्यवस्थामा यो उपयुक्त हुन सक्दैन । यहि भएर समानताको लागि पनि नेपालमा संघीय शासन व्यवस्था आवश्यक परेको देखिन्छ ।

नेपालको सन्दर्भमा वास्तविक लोकतन्त्र भनेको गणतन्त्रसहितको लोकतन्त्र हो । गणतन्त्रविनाको लोकतन्त्रको कुरा गर्यौं भने त्यो ०४६/४७ को संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्था भन्दा अगाडि बढ्ने छैन । त्यो मुख्यतः प्रजातान्त्रिक आवरणको राजतन्त्र नै हुनेछ । त्यसैले यतिखेर लोकतान्त्रिक आन्दोलनको जुन सन्दर्भ छ, त्यो लोकतान्त्रिक गणतन्त्र नै हो । आज मुलुक गणतन्त्रमय भइसकेको छ । अब मध्ययुगीन राजतन्त्र लाई कुनै पनि तागतले

बचाएर बच्चेवाला छैन । गणतन्त्र समाज विकासको आजको वस्तुगत आवश्यकता मा अनिवार्य भैसकेको पनि छ । यसरि भावी लोकतन्त्रको मुल चरित्र गणतन्त्रात्मक हुने कुरामा कुनै शङ्का रहन्न । नेपालको सन्दर्भमा लोकतन्त्रको स्थापनाको लागि संघीय गणतन्त्र नै मुल ढोका हो । त्यस ढोकाबाट प्रवेश गर्न मात्र सक्यौ भने लोकतन्त्रको राजमार्ग सिधा र स्पष्ट हुनेछ । त्यसैले नेपालको आफ्नै विशेषता अनुसार सबैको सकारात्मक र नकारात्मक पक्षहरूबाट शिक्षा लिदै नेपालको आफ्नै विशिष्टताको संघीय र स्वायत्तताको प्रणाली लागु गर्नुपर्ने देखिन्छ (गुरुङ, पृष्ठ ५३, राज्यको पुर्संरचना र लोकतन्त्र) । त्यसैले आजको २१ औ शताब्दिको विज्ञान प्रविधियुक्त युगमा विश्वको भु–राजनीतिक, आर्थिक प्रभावलाई ध्यानमा राख्दै नेपालमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, साँस्कृतिक र क्षेत्रिय विविधता अनुसारको मौलिक विशेषता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको औचित्य स्पष्ट देखिन्छ । साथै स्थापित भएको व्यवस्थालाई रक्षा कार्यान्वयन र थप विकास गर्न आवश्यक छ ।

### ५.४ संघीयताको चुनौति

सुवेदि. (२०७८) ले नेपालमा संघीयता अनुभव, अवलोकान र अनुभुति पुस्तकमा उल्लेख गरे अनुसार संघीयता दुई वा दुईभन्दा बढी तहका सरकारले स्वायत्त साझेदारी र समन्वयमा शासन गर्ने प्रणाली हो । संघीय शासन प्रणाली अवलम्बन गरेका देशहरूले विभिन शासन गर्ने प्रथागत परिवेशमा संघीयतालाई कार्यान्वयन गरेका छन् (पृ. १२६) । सुरुमा (सन् १७८९ संयुक्त राज्य अमेरिकामा) संघीयता निर्माण गर्दा दुई तहका सरकारको (प्रदेश र संघको) आधारमा ढाँचा तय भएको थियो । अठारौं र उन्नाइसौं शताब्दीमा स्वतन्त्र राज्यहरू मिलेर एउटा ठूलो र सबल संघ निर्माण गर्ने पद्धति अवलम्बन गरिएको थियो । अहिले दुईभन्दा बढी अर्थात् संघ र प्रदेश मात्र होइन स्थानीय सरकारको पनि संवैधानिक व्यवस्था गरी संघीय इकाइको रूपमा मान्यता दिन थालिएको छ । संघीयताको विभिन्न ढाचा र प्रकारहरू रहेका छन् । संघीयता स्थापना पूर्वका समस्या र समाधान तथा अवसरमा वृद्धि गर्ने उद्देश्यले विभिन्न देशमा फरक–फरक प्रकारले संघीय प्रणाली अवलम्बन गरिएको देखिन्छ ।

अवधारणात्मक पक्षलाई विश्लेषण गर्दा संघीयता भनेको सहभागिता मूलक, स्वायत्त, विधिसम्मत, नियन्त्रित र सन्तुलित परिपूरक एव अन्तरनिर्भर समन्वयात्मक सुशासनयुक्त सक्रिय र इमान्दार शासन प्रणाली हो । व्यावहारिक रूपान्तरण र सैद्धान्तिक आवश्यकता अनुरूप परिमार्जन गरी जनमुखी सेवामुखी एवं कल्याणकारी राज्य प्रणालीमा शासनलाई रूपान्तरण गर्न संघीयताले पर्याप्त अवसर दिन्छ । यो एउटा साझेदारी प्रणाली हो, जहाँ सबै साझेदारहरू उत्तिकै सहभागी जिम्मेवार र फाइदाका हिस्सेदार हुन सक्छन् । संघीयताको उद्देश्य अधिकार बाँडफाँट, ढाँचा निर्माण र कार्यान्वयन जति प्रस्ट एवं इमान्दार हुन सक्यो त्यति यसले प्रतिफल दिन्छ । तर धेरै तहका धेरै कर्ता र पद्धति उपपद्धति हुन जाने भएकाले सकारात्मक प्रतिस्पर्धा तथा नियन्त्रण र सन्तुलनको प्रभावकारिता अपरिहार्य हुन्छ । सरकारका सबै तहमा लोकतन्त्रको नाम र आदर्श बमोजिम पवित्र उद्देश्य र स्वच्छ हृदयले शासन गर्न गराउन सकेमा र लोकतन्त्रको सुदृढीकरण भएमा मात्र संघीयताको उद्देश्य पूरा हुनुका साथै सबै जनताले यसको समान लाभ प्राप्त गर्न सक्छन् ।

### ५.५ नेपालमा संघीयता

संघीयतामा अधिकार र जिम्मेवारी सरकारमा तहहरूबीच बाँडफाँट गरेर प्रयोग गर्ने व्यवस्था मिलाइएको हुन्छ । कुनै एउटा तह मात्र सर्वेसर्वा हुन सक्दैन । यसलाई स्वायत्त शासन र साझेदारी शासनको सन्तुलनका रूपमा लिइन्छ । नेपालको संघीयता जनताका माग प्राविधिक तयारी तथा तथ्यांकका आधारमा विश्लेषण पर्याप्त गरेरभन्दा राजनीतिक

नेतृत्वले राजनीतिक अभीष्ट र समस्या समाधानार्थ ल्याइएको देखिन्छ। साविकको एकात्मक प्रणालीलाई आधिकारिक बाँडफाँट गरी संघ, प्रदेश र स्थानीय तहलाई शासकीय अर्थात संघीय इकाइ मानी विकेन्द्रित उपागममा नेपालको संघीयता आधारित छ। संविधानसभा राज्यको पुनःसंरचना र राज्यशक्तिको बाँडफाँट समिति, २०६६ ले एकात्मक राज्यलाई संघात्मक बनाउनका कारणहरू यस प्रकार उल्लेख गरेको देखिन्छ (सुवेदी, २०७८, पृ. १२७)।

- नेपालको विविधता, भाषिक, जातीय, सामुदायिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रीय र लैंगिक उत्पीडन।
- सही अर्थमा शक्ति विकेन्द्रीकरण गर्न नचाहने विगतको शासकीय मानसिकता।
- राज्यसँग सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामीप्य स्थापित गर्न।
- प्रतिनिधित्व र सहभागिता वृद्धिका निम्ति कमजोर राज्य संरचनालाई बदल्नुपर्ने आवश्यकता।
- समानताका पक्षमा एवं केन्द्रीकृत सामन्त राज्यहरूबाट भएको सामाजिक, आर्थिक, राजनीतिक, भाषिक, सांस्कृतिक विभेद, अन्याय र शोषणका विरुद्ध उठेको मधेस आन्दोलन, २०६३ को मूल एजेन्डा।
- समाजको लोकतान्त्रिकीकरण गर्दै समतामूलक तथा समावेशी लोकतन्त्रको खोजी।
- एकात्मक राज्यले सम्बोधन गर्न नसकेको विषयलाई सम्बोधन गर्ने चाहना।
- जातीय भाषिक र सांस्कृतिक पहिचान सहित समान अधिकारको माग र आर्थिक अवसरमा समान पहुँचको माग।
- सबै प्रकारका विभेदका विरुद्ध उठेका वर्गीय, जातीय, महिला र लैंगिक आन्दोलनका आवाजलाई सम्बोधन गर्न।
- राज्यबाट प्रदान गर्ने सेवा सुविधामा समान वितरण र विकास निर्माणको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका माध्यमद्वारा दिगो शान्ति सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य राखेको छ। यसैगरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ। यी तीन तहलाई एकल र साझा अधिकारको बाँडफाँड गरि राजस्व स्रोतले बाँडफाँडको व्यवस्थासमेत संविधानमै गरिएको छ। यो संघीय शासन व्यवस्थाले पुरानो पञ्चायत,बहुदलकालिन स्थानीय निकाय (गा.बि.स., जिल्ला, अञ्चल, विकास क्षेत्र) को ठाउँमा स्थानीय तह (वडा,पालिका, जिल्ला, प्रदेश र संघको ) सहित तीन तहको सरकारको अवधारणा ल्याएको छ। यसमा एउटा संघीय सरकार ७ वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय तह रहेका छन्। अब यी तीन ओटै सरकारहरूले काममा कतिको प्रभाव पारिरहेका छन ? कस्तो नतिजा दिएका छन ? यसप्रति जनताको धारणा के छ ? अपेक्षा पूरा गरेका छन कि छैनन् ? यसबारे समिक्षा गरिनेछ।

### ५.६ संघीयता कार्यान्वयनमा देखिएका चुनौतिहरू

संघीयतालाई जनताका राजनीतिक, सामाजिक तथा आर्थिक अधिकारहरु प्राप्त गर्ने माध्यमका रूपमा लिने गरिन्छ। नेपालमा लोकतन्त्रको सुदृढीकरण, कानुनको शासन, समानता, सेवाको पहुँचको अपेक्षा राखिएको थियो।

राजनीतिक र प्रशासनिक ढाँचामा आमूल परिवर्तन आएको खास अनुभूति जनसाधारणले गर्न पाएका छैनन् । वीत्तीय हस्तान्तरण पहिलेभन्दा बढी भएको र स्थानीय सरकारहरू अधिकार सम्पन्न भएको देखिए तापनि नतिजा अपेक्षित मात्रामा आउन सकेको देखिदैन । केन्द्रीकरणको धङधङी र संक्रमणको छाया दृष्टि नहेटेको र संघीयता कार्यान्वयनमा गतिशीलता आउन नसकेको विज्ञहरू बताउँछन् भने नागरिकले पनि परिवर्तनको खासै अनुभूत गर्न सकेका छैनन् । संक्षेपमा संघीयता कार्यान्वयनका चुनौतीहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

**(क) राजनीतिक पक्ष**

- संघीयता प्रतिको प्रतिबद्धता र नेतृत्व फितलो देखिएको ।
- राजनीतिक दलहरूको संघीयता कार्यान्वयन योजना नदेखिँदा स्वामित्व हराउँदै जान थालेको र दिशानिर्देश हुन नसकेको ।
- अधिकार निक्षेपणभन्दा केन्द्रमा राख्न खोज्ने प्रवृत्ति ।
- संघीयता अनुसार राजनीतिक रूपान्तरण हुन नसकेको र पुरानै आनीबानी र प्रक्रियामा रमाएको ।
- राष्ट्रियसभाको ध्यान संघीयतामा जान नसकेको, आफ्ना मतदाताप्रति जवाफदेही हुन नसकेको ।
- प्रदेश र स्थानीय सरकारको आवाजको सुनुवाइ प्रभावकारी रूपमा हुन नसकेको ।
- नतिजामुखी भन्दा घोषणा र प्रचारमुखी राजनीतिक संस्कार ।
- राजनीतिक पद प्राप्तिपछि जवाफदेही निर्वाह गराउन राजनीतिक दलको ध्यान नजानुका साथै तहगत रूपमै सत्ता शक्तिको दम्भ बढ्नु, दलिय भागबन्डा हावि हुनु ।
- समाजमा असभ्य, अव्यवस्थित र संकिर्ण राजनीतिक संस्कार हावि हुनु ।
- अन्तरसहकारी सम्बन्ध व्यवस्थित हुन नसकेको ।
- अस्थिर राजनीति, सत्ता फेरबदलको अंक गणितिय खेल, फितलो कर्मचारी तन्त्र ।
- नागरिक चेतनामा कमि र जनतामा राजनिती सहभागीताको कमि रहनु ।

**ख) प्रशासनिक पक्ष**

- प्रशासनिक संघीयता राजनीतिक संघीयताको छायामा परी व्यावहारिक दक्षता बढाउनमा ध्यान पुग्न सकेन ।
- शासन व्यवस्था परिवर्तन हुदापनि निति संरचना भने पुरानै राणाकालीन र पञ्चायतकालिन कायमै रहनु ।
- प्रशासनमा आवश्यक संघीयता अनुरूपका नीति, संरचनाहरू नबन्नु ।
- संघीयतालाई आवश्यक पर्ने जनशक्ति विकासका आधार तयार हुन नसकेको ।
- कर्मचारी समायोजनमा प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापनभन्दा केन्द्रबाट सार्नमा बढी उद्यत् भई कर्मचारीको ज्ञान, सीप, अनुभव र स्थानीय तहको आवश्यकतामा तालमेल नमिलेको
- एकीकृत सुधार गर्न कुनै योजना र प्राथमिकता नदेखिएको ।
- प्रदेश भन्दा केन्द्रमा अधिक मन्त्रालय हुनु,अधिकार बाडफाडमा पनि न्यायोचित नहुनु ।

- कर्मचारी प्रशासन चुस्त नहुनुका साथै भ्रष्टाचार र कमिसन प्रति लालायित हुनु ।
- प्रशासन भित्र हाकिम तथा कर्मचारीहरू जनताको सेवा गर्नमा भन्दा नेता बन्न खोज्नु,सेवाप्रवाहमा चुस्त नहुनु ।
- नतिजामूलक प्रशासन र प्रोत्साहित कर्मचारी कसरी बनाउने योजना बन्न नसकेको ।
- जनशक्तिको प्रभावकारी र प्रोत्साहित व्यवस्था हुन नसक्दा न्यूनतम सेवा प्रवाह प्रभावित भएको ।
- संघीय कर्मचारी र प्रदेश, स्थानिय कर्मचारी बिच कार्यान्वयनमा एकरुपता नदेखिनु ।
- गुणस्तरीय सेवा प्रवाह र सुशासनको कमि रहेको
- प्रदेशका लोक सेवा आयोगहरू र प्रहरि प्रशासनको प्रभावकारिता नदेखिएको ।
- साविकको कार्यशृंखला टुटेको र प्रशासनिक संघीयता सुदृद्ध बनाई संघीयताअनुरूपको व्यावसायिक र गुणस्तरीय सेवा प्रवाह अन्तरसम्बन्ध र जिम्मेवारी निर्धारणमा चुनौती थपिँदै गएको सञ्चालन खर्च बढ्ने र संगठन संरचनाहरू बोझिलो बन्ने क्रम जारी नै रहेको ।

**ग) आर्थिक पक्ष**

- संघीय शासन व्यवस्थामा स्थानीय (घरेलु ) उत्पादनमा ध्यान नदिनु ।
- उत्पिडित वस्तुको बजारिकरणको व्यवस्था नमिलाउनु ।
- दैनिकी आवश्यकताका वस्तुहरू (खाद्यान्न लगायत अन्य बस्तुहरू) मा परनिर्भरता ।
- स्थानिय तह–प्रदेशहरूलाई  अन्तर पालिका, अन्तर–प्रादेशिक र अन्तर्राष्ट्रिय व्यापारसँग नजोड्नु ।
- रोजगारी सृजना नगर्नु, यसबारे कुनै नयाँ रणनीति नबनाउनु ।
- मुलुकको व्यापार निति (Trade Policy) नबनाउनु ।
- घरेलु उत्पादनको बजार व्यवस्थापन गरि स्थानीय तहलाई आत्मनिर्भर बनाउने बाटो नदेखाउनु ।
- सम्पुर्ण आर्थिक अधिकार संघ सरकारको स्वामित्वमा रहनु र स्थानीय र प्रदेशलाई केन्द्र निर्भर बनाउनु ।
- मुलुकको वैदेशिक व्यापारमा निर्यात भन्दा आयातमुखि बन्नु ।

**(घ) कार्यसम्पादन जवाफदेही र वित्तीय अनुशासन**

- कार्यसम्पादनमा सुधार हुन नसकेको र शासकीय दक्षता नबढेको
- अनुत्पादक खर्च बढ्दै गएको, आर्थिक अनुशासन कमजोर रहेको नयाँ कार्यशैली, खोज र प्रतिस्पर्धा होइन कि पुरानै पनि राम्राभन्दा कमजोरी फैलिँदै गएको ।
- योजना पद्धति सुदृढीकरण गर्न नसकिएको, तीनै तहमा तोक संस्कृति मौलाएका, प्राविधिक पक्ष तयारी र तथ्यमा भन्दा लोकप्रियता मुखी व्यवहारको होड नियन्त्रण सन्तुलन कमजोर भई लोकतान्त्रिक पद्धति स्थापित हुन नसकेको ।

- लगानी प्रवर्द्धन, निजी क्षेत्र परिचालन र साझेदारी गरी ठूलाठूला योजना कार्यान्वयन गर्नमा भन्दा खुद्रे योजनामा केन्द्रीत हुनु, उत्पादनमूलक क्षेत्रमा खर्च गरी उत्पादन बढाउनेतर्फ ध्यान पुग्न नसकी वितरणमुखी लोकप्रियताको होड बढेको।
- सार्वजनिक खरिद क्षमता कमजोर हुनुका साथै न्यून पारदर्शिताका कारण वीत्तीय जोखिम घटाउन नसकिएको, भ्रष्टाचार विकेन्द्रीकरण भएको त होइन भन्ने प्रश्न अनुभवी र विज्ञहरूबाट उठ्न थालेको।

**ङ) सामाजिक, साँस्कृतिक मूल्य र मान्यता**

- ठालुमा संघीयता मैत्री सोच आइनसकेको
- अधिकार मेरो तहमा (Power up to me) भन्ने सोच यत्रतत्र रहेको।
- हिजो एकात्मक प्रणालीमा मन्त्री, सभासद र नेता भएकाहरू र उनै कर्मचारी उस्तै रूपमा नै संघीयता कार्यान्वयनको नयाँ र पृथक् जिम्मेवारीमा रहन पुगेकाले नयाँ सोच, शैली, मूल्य मान्यताले प्रश्रय पाउन सकेन। फलतः खोज अनुसन्धान र विश्लेषणभन्दा आदेश तामेल गर्ने, गराउने प्रवृत्ति मौलाउँदै गएको।
- टाठाबाठाहरू कसरी संघीयता प्रभावकारी बनाउन सकिन्छ भनेर सकारात्मक वातावरण बनाउनमा उदासीन देखिएका कारण खर्चिलो, बोझिलो र दोहोरो तेहोरो हुन गएको भन्ने अनर्गल विषायहरूमा टीकाटिप्पणी हुने गरेको।
- परम्परागत कला साँस्कृतिक, सामाजिक साँस्कृतिक सभ्यताको पहिचान र विशेषतालाई बुझ्न अध्ययन गर्न नसक्नु।
- आर्थिक विकासलाई सम्बन्धित सामाजिक मुल्य मान्यतासँग नजोड्नु।
- संघीयता विरोधी र परम्परागत व्यवस्था नै नचाहने तत्वहरूद्वारा कार्यान्वयनमा बाधा पार्नु।
- पुरानो पुस्तावाट नयाँ पुस्तालाई नेतृत्व दिने सवालमा कन्जुस्याइँ।
- नेतृत्व वर्गमा शैक्षिक मापदण्ड वा नेतृत्व गर्नलाई योग्यता, क्षमता तोकिने व्यवस्था नभएको।
- तिनै तहका सरकारका जिम्मेवारीमा बस्नेले कार्यसम्पादन प्रभावकारी, मितव्ययि, पारदर्शी र नतिजामुखि ढंगले गर्ने गराउने आदि।

**च) प्राविधिक पक्ष**

- संघीयताको हरेक इकाइमा संघियताको संस्कार विकसित हुन नसकेको।
- संघीयताका अनुसुचिहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र १३०/कार्य विस्तृतीकरण, २०७३ बमोजिम काम, दाम र जनशक्तिको सन्तुलित र पर्याप्त व्यवस्थापन गर्न नसकिएको, कार्यजिम्मेवारी र वीत्तीय स्रोतमा तादात्म्यता नदेखिएको।
- संघीयता कार्यान्वयनका लागि बनाइएका संस्थाहरू एकात्मक प्रणालीको कार्यशैलीमा रमाएका।
- राजनीतिक संघीयतासँग वित्तीय संघीयता लाने पद्धति प्रभावकारी हुन नसकेको।

- संविधानको मर्मअनुरूप संगठन संरचना निर्माण गर्न कठिनाइ भई संघीय संरचनाको खासगरी संघको संरचना बोझिलो भएको, अधिकार बाँडफाँटमा कार्यक्षमतामा ध्यान नदिइएकाले क्षमताको यक्ष प्रश्न समाधान गर्नमा जटिलता देखिएको।
- संघीयतालाई समृद्धिको योजना बनाउने गरी संगठन संरचना कार्यक्षमता र सम्भाव्यताको उपयोग गर्न एकीकृत प्रयासको कमी रहनुका साथै बाँडफाँटमा बढी केन्द्रित रहेको।
- सेवा प्रवाह समावेशीकरण र पद्धति सुदृढीकरणभन्दा अधिकार प्राप्तिमा बढी ध्यान गएको।
- मागपक्ष (Demand Side) सबल हुँदै गएपनि आपूर्ति पक्ष (Supply Side) प्रभावकारी हुननसकेको।

नेपालमा लामो समयसम्म टिकेको एकात्मक शासन व्यवस्थाले बहुभाषिक, बहुजातीय, बहु साँस्कृतिक र क्षेत्रीय विविधतालाई समेट्न नसक्दा यसको विकल्पको खोजि भएको हो। यसै क्रममा नेपालमा गणतन्त्र र संघीयता स्थापना भएको भयो। नेपालको सन्दर्भमा संघीयताको औचित्य एकदमै देखिन्छ तर यो कार्यान्वयनमा जटिल विषय हुनाले यसका चुनौतिहरू पनि थुप्रै छन्। जसको कार्यान्वयन पक्षमा विशेष जोड दिनुपर्ने देखिन्छ, यदि यसो भएन भने संघीयता खतरामा पर्ने सम्भावना बढि हुन्छ। हाम्रोमा संघीयता स्थापना पश्चात् दुईवटा निर्वाचन भइसके तर अपेक्षित नतिजाहरू देखिएनन् यसैले जनताको मनमा प्रश्न उठाउने काम गर्यो। विश्वका थुप्रै देशहरूमा संघीयता असफल भएका पनि उदाहरण छन् हाम्रोमा पनि नहोला भन्न सकिन्न त्यसैकारण यो चुनौतिहरूको सामना गर्न तयार हुन जरुरी छ। संघीयता कार्यान्वयनमा मुख्य उत्तरदायी सरकार हुनुपर्नेमा स्वम सरकार नै उदासिन रहेको कुरा स्पष्ट छ। यसबारे विभिन्न विज्ञहरु, पत्रपत्रिकाहरु बाट प्राप्त लेख रचनाहरुको सहयोगमा यहाँ चर्चा गरिएको छ।

**संघीयता कार्यान्वयनमा सरकार उदासिन**

संघीयता कार्यान्वयनमा सरकार उदासीन रहेको प्रमाणित गर्न दुईवटा उदाहरण नै काफि छन्। पहिलोः प्रदेश सरकारको एकल अधिकारमा रहेको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार कार्यान्वयनमा व्यवधान सृजना गर्न। अहिलेसम्म पनि प्रदेशमा प्रहरी समायोजन नगर्नु। दोस्रो सिङ्गो प्रशासन संयन्त्रसँग जोडिएको संघीय निजामती कानुन जारी नगर्नु। यो कानुन नहुदा प्रदेश र स्थानीय तहको कर्माचारी व्यवस्थापन लगायतमा ठुलो समस्या छ। आफ्नो हातमा प्रहरी प्रशासन र कर्मचारी छैनन् अनि कसरी सरकारको अनुभुती हुन्छ ? सुशासन प्रवर्द्धनमा सहयोग पुग्छ ? अहिलेसम्म प्रदेश र स्थानीय तहले आफू सरकार भएको अनुभुति नै गर्न पाएका छैनन्।

संयुक्त सरकारको साझा न्युनतम कार्यक्रम सरकारको निति तथा कार्यक्रम र बजेट वक्तव्य एकपछि अर्को अध्ययन गर्ने हो भने संघीयताको सवालमा निराशा मात्रै हात लाग्छ। प्रदेश र स्थानीय तहलाई साविक गाविस भन्दा पनि तल्लो स्तरमा झारेर विषयगत मन्त्रालयहरूले योजना तथा कार्यक्रम छनौट गरेर कुनैपनि पालिका र प्रदेशले संघीयताको सवालमा बजेट ठिक छ भनेका छैनन्। यहि सन्दर्भमा यहाँ संघीयता कार्यान्वयनमा सरकारको उदासीनताबारे तीन/चार ओटा तथा उल्लेख गरेको छ।

- अन्तर प्रदेश परिषद बैठकका निर्णय र परिषदको क्रियाशीलता
- संघीयता कार्यान्वयन सम्बन्धि संकल्प प्रस्ताव र मन्त्रिपरिषदको कार्ययोजना।

- जनताले चाहेको शासन व्यवस्था भन्दापनि विकास, सुशासन, समृद्धि, स्थायि शान्ति,विधिको शासन सहितको अग्रगामी परिवर्तन हो ।
- संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिका निर्णयहरू ।

नागरिक प्रतिको जवाफदेही सम्बन्धि औजारहरू अनिवार्य रूपमा प्रयोग गरि पारदर्शिता र विश्वसनीयता स्थापित गर्ने एवं कर्मचारीहरूका निम्ति जवाफदेही सम्बन्धि कानुन बनाउने सेवाग्राहीको बढि भिड हुने मालपोत, नापी, यातायात, भन्सार, वैदिक रोजगार, कर, जिल्ला प्रशासन, नगर तथा गाउपालिका लगायतले दिने सेवालाई छिटोछरितो बनाउन अनलाइन सेवाग्राही सहायता कक्ष, सिसि क्यामेरा लगायतका विधि प्रयोग गर्नु, बिचौलियाहरूको प्रवेशमा पुर्ण रोक लगाउन अनुगमन र निगरानीलाई प्रभावकारी बनाउन नागरिकका गुनासाहरूको नियमित सम्बोधनका लागि स्थानीय तहसहित राज्यका सबै निकाय र अंगमा प्रभावकारी गुनासो सुन्ने व्यवस्था मिलाउनु र प्रत्येक दिन गुनासाहरूको फस्यौट गर्नु, कामको जिम्मेवारी प्रदेश र स्थानीय तहमा तर कर्मचारी संघमै थुप्रिने रमाउने स्थितिको अन्त्य गर्न, संघमा रहेका आधा कर्मचारी कटौती गर्ने कानुनी र नितिगत व्यवस्था मिलाउनु, संघबाट प्रदेश तथा स्थानीय तहमा दरबन्दी भएको पदमा एक कार्यकाल (दुई वर्ष) सेवा नगरेमा बढुवा नहुने व्यवस्था मिलाउनु, संघीय निजामती सेवा ऐन जारी नहुदासम्म प्रदेश भित्रका पालिकाहरूको प्रमुख प्रशासकीय अधिकृतहरूको जिम्मेवारी एकमुष्ट रूपमा प्रदेशहरूलाई हस्तान्तरण गर्नु ।

प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूका पदहरूमा तल्लो तहका आफू अनुकुलका कर्मचारिहरूलाई निमित बनाउने प्रविधि झागिने, बित्तीय जोखिम बढ्ने र प्रशासन संयन्त्र कमजोर हुने हुदा यसलाई सुधार गर्नु, तिन तहकै सरकारमा कार्यरत कर्मचारीको अवकासको उमेर, योग्यता, सेवा, सुविधा, वृत्ति विकास र मर्यादामा एकरूपता कायम गर्नु, कुनैपनि तहको सरकारले अर्को तहको अधिकार क्षेत्रसँग समानान्तर हुनेगरी संस्थागत संरचनाहरू निर्माण नगर्नु र निर्माण भएकाहरू खारेज गर्नु । तिनै तहका सरकारका साझा अधिकार सुचिका विषयमा कानुन तर्जुमा गर्दा सरकारका तहहरू विचको कानुनमा तादाम्यताका लागि संसदमा विधेयक प्रस्तुत गर्नुभन्दा अगाडि विषयगत समितमा छलफल गर्नु । खानिजन्य र नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा लगायतको संकलन वितरण नियमन र क्रसर उद्योग सञ्चालन र व्यवस्थापन सम्बन्धि तिनै तहका सरकारको स्पष्ट भुमिका उल्लेख हुनेगरी कानुनी व्यवस्थापन गर्नु प्रचलित कानुनको उल्लंघन हुनेगरी संचालित क्रसर उद्योग हटाउनु, प्राकृतिक स्रोतको परिचालन तथा व्यवस्थापनमा सरलिकरण गर्नेगरि एकीकृत कानुनको तर्जुमा गर्नु । संघले प्रदेश र स्थानीय तह तथा प्रदेशले स्थानिय तहलाई ससर्त आयोजना पठाउदा क्रियाकलापगत रूपमा नपठाई विषयगत रूपमा क्षेत्रगत सर्त लक्ष्य तथा अपेक्षित उपलब्धि तोकेर एकमुष्ट पठाउने व्यवस्था गर्नु, एवं तीन तहकै सरकारले निती तथा कार्यक्रम बजेट र आवधिक योजना विच तादाम्यता कायम गर्नु पनि संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संघीय विशेष समितिका निर्णयहरु हुन् तर कार्यान्वयनमा चुकिरहेको छ(देवकेट, १४ कार्तिक२०८०) ।

बजेट तर्जुमा गर्दा संघीय सरकारले प्रदेश स्थानिय तह र प्रदेशले संघीयतहसँग नियमितरूपमा छलफल र अन्तरक्रिया गर्ने परिपाटीको विकास गर्न, तीन तहका सरकारका योजना तथा कार्यक्रम विच तादाम्यता कायम गराउन (बटम टु टप) आवश्यक कानुनि तथा नितीगत व्यवस्था गर्नु, जग्गा प्राप्तिको समस्याका कारण प्रदेश र स्थानिय तहको आयोजना तथा कार्यक्रम कार्यान्वयन लगायतमा परेको समस्या समाधान गर्नु, सरकारका अङगहरूको जिम्मेवारी अनुसारका कार्यहरू इमानदारीका साथ कार्यान्वयन गरि नियमित रूपमा वितरण/सुचनाहरू आवधिक गरि प्रकाशित

गर्नु, तीन तहको खर्च, सम्पत्ती लगायत समग्र वित्तीय व्यवस्थालाई एकीकृत तथ्यांक प्रणालीमा आवद्ध गर्न समेत सुझाइएको उक्त प्रतिवेदन शासन व्यवस्था सुधारका सवालमा ठुलो मार्गदर्शन बन्न सक्छ । तर सरकार यसको कार्यान्वयनमा इमानदार छैन । जसले यो मुलुकमा गणतन्त्र र संघीयताका लागि आन्दोलन गरे उनिहरू नै अहिले सत्तामा छन् तर संघीयता कार्यान्वयनमा उनीहरूनै उदासीनता देखिनु दुर्भाग्यपूर्ण हो ।

यहाँ संघीयता कार्यान्वयनमा देखिएको उदासिनताका मुख्य गरि दुईवटा उदाहरण प्रदेश सरकारको एकल अधिकार रहेको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको अधिकार कार्यान्वयनमा व्यवधान सृजना गर्नु र दोस्रो सिंगो प्रशासन संयन्त्रसँग जोडिएको संघीय निजामती कानुन जारी गर्नुपर्ने आवश्यकता संबन्धि विषयहरू सहित संघीयता कार्यान्वयनमा देखिएको सरकारि उदासीनताका तीन ओटा तथ्य यी हुन् यी बाहेक साना ठुला थुप्रै तथ्यहरू छन् जसको कार्यान्वयनमा देखिएको उदासीनताले संघीयता नै धरापमा पर्न जाने खतरा उत्पन्न भएको छ । अर्को महत्वपुर्ण विपय संघीयतालाई असफल बनाउनमा र प्रदेश सरकारको औचित्यमाथि प्रश्न खडा हुनुमा आज सम्पुर्ण शक्ति केन्द्रीय सरकारमा सिमित हुनु हो साथै मन्त्रालयको सङ्ख्या पनि अधिक हुनु हो । यसले संघीयतालाई उल्टो बाटोमा हिडाइरहेको छ । यसको ठाँउमा संघीयताको विशेषता अनुसार केन्द्रमा सिमित मन्चालय राख्ने र नेपाल होल्डिङ टुगेदरमा आधारित संघीयतामा गएको हुनाले अवसिष्ट अधिकार केन्द्रलाई दिइनुपर्छ । यसमा मन्त्रालय र अधिकार बाँडफाडको सवालमा अर्थ, रक्षा, गृह र परराष्ट्र जस्ता महत्वपुर्ण सिमित मन्त्रालय मात्र केन्द्रमा राखि बाँकि सबै मन्त्रालय तल प्रदेशमा दिइनुपर्छ र अधिकारको सवालमा तिनवटै तहहरुको विचका एकल, साझा अधिकार बाहेकका नतोकिएका बाँकी रहेका अवशिष्ट अधिकार भने केन्द्रलाई दिइनुपर्छ । यसले गर्दा केन्द्रर प्रदेश मन्त्रालयमा हुने दोहोरो खर्चको कटौति हुन्छ र मन्त्रालयको पनि उचित बाँडफाड भइ कार्यान्वयनमा प्रभावकारिता हुन पग्दछ ।

संघीयता सफल बनाउन उल्लेखित नीति र तथ्यहरू, महत्त्वपूर्ण छन् तर यिनको कार्यान्वयन अझ महत्त्वपूर्ण छ । विना कार्यान्वयनको संघीयता सार्थक हुदैन स्वयं संघीय शासन व्यवस्था नै असफल हुन जान्छ । त्यसैले कार्यान्वयन आजको मुख्य कार्य हो तर यसमा स्वयं सरकार नै उदासीन देखिएको छ । विभिन्न नितीहरूको कार्यान्वयनका लागि जुन सहमति, सुझाव, निर्देशन दिइएको छ त्यसलाई सरकारले नै नजरअन्दाज गर्दा ठुलो समस्या देखिएको हो । कार्यान्वयनको मुख्य स्रोत नै सरकार हो । जब यसबाट कार्यान्वयन हुदैन तब कुनै व्यवस्था, नीति तथा कार्यक्रम सफल हुन सक्तैनन् । यसैकारण आजको मुख्य चुनौति भनेको संघीयताको कार्यान्वयन हो । हिजो जुन वर्ग संघीयताको लागि लडेको थियो आज त्यही वर्ग सरकारमा हुदा पनि कार्यान्वयन पक्षमा ध्यान नदिदा यसले संघीयतालाई अगाडि बढ्न दिदैन ।

आज संघीयता कार्यान्वयनमा देखिएका यी थुप्रै उदासीनता नै संघीयताका चुनौतिहरूको रूपमा खडा भएका छन् । नेपालमा संघीयताको आवश्यकता र औचित्य एकदमै छ । लोकतन्त्रको विकल्प एकात्मक सामन्ती राजतन्त्र होइन, लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । यसको लागि संघीयता आवश्यक छ । नेपालमा संघीयता प्रयोगको तरिका गलत छ । जसकारण संघीयता धरापमा पार्ने काम भइरहेको छ अथवा संघीयता उल्टो बाटोमा हिडिरहेको छ । यसले सिंगो लोकतन्त्र माथि नै खतराको संकेत गरिरहेको छ । संघीयतामा देखिएका यस्ता थुप्रै चुनौतिहरूले गर्दा संघीयता माथि नै प्रश्नचिह्न खडा गराउने काम भइरहेको छ । त्यहि भएर नेपालमा संघीयतालाई टिकाउने, यसको कार्यान्वयन साथै विकास गर्दै लोकतन्त्रलाई बलियो बनाउने र समाजवादी यात्रा तय गर्ने हो भने यसलाई अझै व्यवस्थित र वैज्ञानिक

बनाउनुपर्छ । त्यसैले अहिले अधिकार र कर्तव्यको उचित बाँडफाड र कार्यान्वयनको पाटो महत्वपूर्ण हो । यो सरकारको लागि अवसर र चुनौति दुइवटै हो ।

**५.७ नेपाल विद्यमान राजनितिक अभ्यास**

संघीयता अथवा संघीय शासन व्यवस्था एउटै मुलुकक/भुगोल भित्र दुई वा दुई भन्दाबढि तहको सरकार गठन भइ कानुनी रूपमा मिलेर शासन सञ्चालन गर्ने शासन व्यवस्था हो । संघीयताले केन्द्रीय सत्तामा रहेको जनताको अधिकारलाई केन्द्रमा सिमित नराखि विभिन्न तहका सरकारहरू संघ,प्रदेश र स्थानीय तहहरूमा बाडफाड गरेको हुन्छ । यसले केन्द्रीय सत्ताबाट टाढा रहेका भौगोलिक क्षेत्रहरू र अधिकारबाट बञ्चित सिमान्तकृत, पिछडिएका जनताहरूलाई केन्द्रीय सत्तासँग जोड्ने राजनीतिक सहभागीता गराउनुका साथै अधिकारमुखि बनाउने काम गर्दछ । एकात्मक राज्य सत्ताको छत्र छायाबाट टाढा रहेका भौगोलिक क्षेत्रहरू र नागरिकहरूमा लोकतन्त्रको प्रत्याभूति गर्दै दिगो विकास, लोककल्याणकारी राज्य हुदै समाजवादी व्यवस्था स्थापना गर्न मद्दत गर्दछ । यसले केन्द्रीय सत्ताले नागरिकका लागि गर्ने सम्पूर्ण निति संरचनाहरू, अधिकार कर्तव्यका विषयहरू प्रति प्रत्येक व्यक्तिको आवाज समावेश गर्ने, जसको निती उसको नेतृत्व, जसकागि आवश्यक हो उसैले नितिहरू निर्माण गर्ने र कार्यान्वयन गर्ने लक्ष्य राख्दछ । यसमा एउटा मुलुक भित्र विभिन्न तहहरूको सरकार कानुनी रूपमा गठनगरि अधिकार बाडफाँड गर्दा जनतामा सजिलै पुग्ने, सजिलै सेवा प्रवाह गर्न सकिने र जनताका गुनासा राज्य प्रतिको सल्लाह सुझाव पनि सहजै रूपमा लिन सकिने हुदा यो शासन व्यवस्था जनताका लागि उपयुक्त हुन्छ ।

यसले राज्यको आर्थिक सामाजिक, राजनैतिक र कुटनैतिक लगायतका सम्पूर्ण नीती निर्माण प्रक्रियामा जनताको राजनीतिक सहभागीताले महत्त्वपूर्ण भुमिका खेल्दछ । यसले मुलुकको अर्थव्यबस्था कस्तो हुने ? सामाजिक, राजनीतिक व्यवस्था कस्तो हुने ? मुलुकको विदेश निती/कुटनीति कस्तो हुने ? अन्तर्राष्ट्रिय सम्बन्ध कस्तो हुने ? यी सम्पूर्ण विषयलाई जनताको राजनीतिक सहभागिता र अधिकार उपभोगले मापन गर्दछ वा प्रभाव पार्दछ । यी कुराले नै जनताको अधिकार सुनिश्चित हुनुका साथै मुलुकको सार्वभौमसत्ता बलियो बन्छ र मुलुकको सामाजिक, सांस्कृतिक सभ्यता असल बन्न पुग्छ । संघीयता यसैका लागि आवश्यक पर्न जान्छ, जसले मुलुकको दुर दराजमा रहेका नागरिकको अधिकार सुनिश्चित गर्दै उनिहरूको कल्याण गर्न र मुलुकको सार्वभौमसत्ता, सामाजिक सभ्यता असल र दिगो बनाउन महत्त्वपूर्ण भुमिका खेल्दछ । संघीयता पनि विभिन्न मोडेलको हुन्छ भन्ने कुरा माथि नै चर्चा गरिएको छ । यो विभिन्न मुलुकहरूमा त्यहाको सामाजिक, सांस्कृतिक र भौगोलिक विशेषता र आवश्यकता अनुसार फरकफरक किसिमले अपनाएका छ् । सबै देशको संघीयता एकनासको छैन, सबैमा आ–आफ्नो मौलिक विशेषता अनुसारको छ । संघीयता विशेष परिस्थितिबाट विभिन्न मुलुकहरूमा विकसित भएका मोडेलहरू मध्ये उत्पति र विकासको आधारमा दुईवटा मोडेल जुन सन्धिमा आधारित छन् १.एक आपसमा आवद्ध (Coming together) र २.एकसाथ रहिरहने (Holding together) हुन । यी संघीय मोडेलहरू संघीयताको सुरूवाति अवस्थाका मोडेल हुन, जसमा एउटा विभिन्न अलगअलग राज्यहरू एकसाथ मिलेर निर्माण भएको र अर्को एउटै मुलुक भित्र विभिन्न राज्यहरू विभाजन गरि अधिकार बाँडफाँड गरि निर्माण भएको संघीय मोडेल हो । यसैको आधारमा नै पछि विभिन्न मुलुकहरूले आफ्नो विशेषता अनुसारको संघीय मोडेल अपनाए ।

त्यसैगरी शक्ति विभाजनको आधारमा संघीयता अन्तर्गत सहकारी संघीयता भु–खण्डिए संघीयता/निगम संघीयता, सम संघीयता, असम संघीयता, अर्ध–संघीयता, सह संघीयता, त्रि–संघीयता, वीत्तिय संघीयता रहेका छन् ।

अर्को पहिचानमा आधारित संघीयता अन्तर्गत जातीय संघीयता, गैर–भौगोलिक संघीयता, भाषिक संघीयता, सांस्कृतिक सभ्यतायुक्त संघीयता र भौगोलिक क्षेत्रीय संघीयता रहेका छन् । संघीयताका यस मोडेलहरू विभिन्न देशको मौलिक विशेषता र आवश्यकता अनुसार उत्पति र विकास भएका छन् । आज विभिन्न देशहरूमा यी मोडेलहरूको प्रयोग भइराखेको छ । जहाँ जसरी प्रयोग भएपनि यिनिहरूको सार भनेको केन्द्रीय राज्यसत्ताको अधिकारलाई विभिन्न तहहरूमा कानुनी रूपमा विभाजन गरि सत्ता सञ्चालनमा प्रभावकारिता ल्याउनु, जनताको अधिकार सुनिश्चित गर्नु र जनतामा राजनीतिक सहभागिता कायम गर्नु हो । नेपालमा संघीयता लागू भयो ७५३ स्थानीय तह, ७ वटा प्रदेश र एउटा संघीय सरकार गरि तीन तहको सरकार त बन्यो तर माथि उल्लेखित भएका संघीयताका मोडेलहरूमा कुनैपनि मोडेलको विशेषता अपनाएको छैन मात्र अहिले विभिन्न ७ वटा भौगोलिक क्षेत्रलाई छुट्याएर राजनीतिक प्रशासनिक प्रदेशहरू बनाई काम चलाउ रूपमा अगाडि बढिरहेको छ । यसले नेपालको कुनै मौलिक विशेषतालाई समेटेको छैन । जहाँ नेपालमा उपयुक्त संघीय मोडेल नअपनाउदा अहिले संघीयता नै धरापमा पर्न थालेको छ, जहा कार्यान्वयनको सवालमा खर्चालु मात्र देखिएको छ ।

### ५.८ नेपालमा विद्यमान राजनीतिक गतिविधि

आधुनिक संघीयताको विकास सन् १७८९ मा अमेरिकाबाट विभिन्न फरक अस्तित्वमा रहेका मुलुकहरू बिचको आपसी सम्झौता द्वारा तत्कालीन ब्रिटिस उपनिवेशबाट सुरक्षित हुनको लागि एक आपसमा आवद्ध (Coming together) को आधारमा भएको थियो । त्यसपछि एउटै मुलुक भित्र पनि विभिन्न जातजाती, भाषाभाषी, सांस्कृतिक र क्षेत्रीय विविधतालाई समेट्न, एकअर्काको पहिचान सम्बोधन गर्न, अल्पसंख्यक समुदाय, क्षेत्रीय उत्पिडनको रक्षा गर्न र द्वन्द्व समाधान गर्नको लागि विभिन्न प्रदेश, तहमा अधिकार बाडफाड गरि एक साथ रहिरहने संघीयता (Holding together) को विकास भयो । भने हाल २१ औ सताब्दिको तेस्रो दशकको मध्यतिर आइपुग्दा २ दर्जनभन्दा बढि मोडेलहरूको विकास भइसकेको अवस्था छ । यी मोडेलहरू विभिन्न देशको मौलिक विशेषता र आवश्यकता अनुसार सृजना र विकास भएका हुन् । आज संसारभरि जतिपनि देशहरूमा संघीयता लागु गरिएको छ ती देशहरूमा फरकफरक ढंगले यी मोडेलहरूको प्रयोग भइराखेको छ । एउटा महत्त्वपूर्ण भनाइ छ “ लोकतन्त्र एउटा रबरको टोपी जस्तै हो जुन जस्तो आकारको टाउकोमा लगायो त्यस्तै बन्न जान्छ “ । संघीयता पनि लोकतान्त्रको महत्त्वपूर्ण अङ्ग हो जसले लोकतन्त्रलाई सुदृढ र विकसित गर्नको लागि ठुलो भुमिका खेल्दछ । लोकतन्त्रको उच्चतम रूप समाजवाद सम्म पुग्न, माजवाद सहितको लोकतान्त्र बनाउन संघीयताको एकदमै महत्त्वपूर्ण भुमिका हुने हुनाले यो आज अल्पविकसित देशहरूको लागि अपरिहार्य छ (भट्टराई २०७०) । नेपाल लामो समयसम्म एकात्मक र राजतन्त्रात्मक शासन व्यवस्थामा गुज्रियो र त्यसपछि संघर्षरत अवस्थामा रहयो, यही लामो संघर्ष, त्याग र तपस्या पश्चात् लोकतन्त्र, गणतन्त्र स्थापना हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा प्रवेश गर्यो र आज मुलूकमा ७ वटा प्रदेश र ७५३ वटा स्थानिय तहका साथै संघीय लोकतान्त्रिक गणतन्त्रसँग संघर्ष गर्दै छ । यसको लागि पनि थुप्रै जटिलता आन्तरिक तथा बाह्य हस्तक्षेपका बाबजुद यो अवस्थामा खडा भएको छ ।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुक्षेत्रीय विविधता भएको मुलुक हो । यहाँ कसैको एउटै जाती, भाषि, धर्म र क्षेत्रीय बाहुल्यता छैन । नेपालमा १४२ जात/जाती समुदाय मध्ये सबैभन्दा बढि जनसंख्या भएको  जातीय समुदाय नै १६ प्रतिसत भन्दा कम मात्र छ त्यही भएर नै एकात्मक शासन व्यवस्थाले विविधताको पहिचान स्थापित गर्न सकेन । यसले झन विविधताको पहिचान माथि संकट पैदा गर्यो र यसको विकल्पको खोजी हुन

थाल्यो । यसै स्वरूप मुलुक संघीयतामा प्रवेश गरेको हो । यसबारे पनि केहि पक्ष विद्वान र राजनीतिक दलहरूले संघीयता प्रति असन्तुष्टि जनाउदै संघीयताले देश खतरामा पार्ने, देश टुक्रयाउने र यो व्यवस्था हाम्रो जस्तो सानो र गरिब मुलुकमा लागु हुन नसक्ने खर्चालु व्यवस्था भनेर संघीयताको औचित्य माथि प्रश्न गर्दै आवश्यक नरहेको दावी गर्दछन् भने विद्धान राजनीतिक दल लगायत बहुसंख्यक जनता जो हिजो एकात्मक तथा राजतन्त्रात्मक राज्य सत्ताको छत्रछाया भन्दा टाढा रहेका र त्यो व्यवस्थाको विकल्प पर्खिरहेका जनताको मत भने संघीयता प्रति सकारात्मक रहेको छ ।

यसै बिचारलाई आत्मसात गर्दै मुलुक संघीयतामा गयो तर संघीयतामा कुन खालको मोडेल अपनाउने र यसको प्रशासनिक ढाँचा कस्तो हुने ? यसको शासकीय स्वरूप कस्तो हुने ? भन्ने विषयमा ध्यान नदिइ विभिन्न राजनितिक दलको स्वार्थपुर्ति हेतु खालि ७ वटा भुगोललाई छुट्याएर काम चलाउ प्रदेशको रूपमा अगाडि बढिरहेको छ । यसमा कुन खालको मोडेल उपयुक्त हुन्छ होला ? कसरी छुट्याउने भन्ने गहिरो अध्ययन पहिचान नहुदा अहिले संघीयतामा समस्या देखिएको हो । नेपालमा संघीयता कार्यान्वयन भएको लगभग ८ वर्ष जति भइसक्यो ८ वर्षमा १ संघ ७ वटा प्रदेश र ७५३ वटा स्थानीय सरकारहरूबाट जनतामा जति अपेक्षा थियो त्यो खालको नतिजा प्राप्त नहुनु र प्रशासनिक कार्यान्वयनमा जटिलता देखिनु संघीयताको राम्रो पक्ष होइन । प्रशासनमा सुशासन नदेखिनु र सेवाग्राहीले सास्ती खेप्नुपर्ने अवस्था सृजना हुनु पनि सकारात्मक पक्ष होइन । यसले संघीयतालाई सफल बनाउन भन्दापनि असफल बनाउन बल प्रदान गर्दछ । यसैकारणले कसैले संघीयता खारेज गर्नुपर्छ भन्ने र कसैले प्रदेश संरचनाहरू खारेज गर्नुपर्छ भन्ने अवस्था सृजना भएको हो ।

यति हुदैमा संघीयताको औचित्य सकिने होइन न कि केही विद्वान र राजतीज्ञहरूले भने जस्तो नेपाल जस्तो आकार सानो र गरिव मुलुकमा संघीयता लागू हुनै सक्तैन । यसमा एउटा कुरा के ख्याल गर्न जरुरी छ भने विश्वमा संघीयता अपनाएका देशहरू मध्ये क्षेत्रफल र जनसंख्याका आधारमा चिन बाहेक सबैभन्दा ठुला रसिया, अमेरिका, ब्राजिल, अस्ट्रेलिया, भारत पनि छन् र सबैभन्दा साना, लिक्टेनटाइन, सेन्ट किस एण्ड नेभिस जस्ता नेपाल भन्दापनि अति साना मुलुकहरू पनि छन् जसको क्षेत्रफल १६०. वर्ग कि.मि छ । त्यसैले संघीयता कुनै भुगोलको आकारले सफल र आवश्यक हुने होइन, त्यहाको मौलिक विशेषताले माग गर्ने हो, उक्त मौलिक विशेषताले नै सफल बनाउने हो । यसैगरी नेपालको आर्थिक, सामाजिक परिवेश साथै जातीय भाषिक,सांस्कृतिक र क्षेत्रीय विविधता अनुसारको विशेषताले नै नेपालमा संघीयता माग गरेको हो । अब नेपालीको यसै मौलिक विशेषतालाई पहिचान गरि यसै आवश्यकता अनुसार उपयुक्त मोडेल अपनाउनु पर्ने देखिन्छ । साथै नेपालमा संघीयताको प्रादेशिक स्वरूप कस्तो हुने भन्ने सन्दर्भमा विभिन्न राजनीतिक दल र विद्वानहरूले आ–आफ्नो तर्क प्रस्तुत गरेका छन् ।

- नेपालको सन्दर्भमा लोकतन्त्रमा उत्पीडित समुदायहरूको आत्मनिर्णयको अधिकारलाई स्वीकार गर्दै प्रादेशिक स्तरमा स्वायत्त प्रणाली र केन्द्रमा सङ्घीय प्रणाली स्थापित गरेर मुलुकमा समुन्नत प्रजातान्त्रिक व्यवस्या कायम गरिनुपर्दछ (देव गूरूङ. मिति नखुलेको, पृ ५९) ।
- काठमाडौ बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक जिल्ला भएको हुदा यहाँ एकल जातीय स्वशासन कायम हुन सम्भव छैन । लगभग यहि अवस्थामा ललितपुर, भक्तपुर लगायत नेपालका अधिकांश जिल्लामा रहेको छ । यस तथ्यांकले देशका सबैजसो हिस्सामा बहुजातीय र बहुसाँस्कृतिक स्वशासन कायम गर्न उचित हुने कुरा प्रष्ट देखाउदछ । बहुजातीय शासन हुदा पहिलो भन्दा तात्विक भिन्नता के हुने भयो भने प्रदेश वा जिल्ला

तहको एकाइ वा जुन जात/जातिको बाहुल्यता छ त्यहा त्यो तहको सरकारमा र संसदमा उसको नेतृत्व र अधिकार कायम हुन्छ ।

- श्याम श्रेष्ठ का अनुसार नेपालमा संघीय राज्य प्रणालिको सम्भावित स्वरूप र संरचना नेपालको संघीयताको चरित्र सगेट्नको लागि संघीयता भएको हुनाले यसको स्वरूप अर्ध–संघिय हुने स्पष्ट छ । अर्ध–संघीय स्वरूपको संघीयतामा अलग्गिने बाहेकको अन्य सबै आत्मनिर्णयका र स्वशासनका अधिकार इकाईहरू शीत हुन्छन् ।
- शर्मा, पिताम्वरका अनुसार गणतन्त्र नेपालको प्रादेशिक स्वरूपमा ६ वटा संघीय प्रदेश र १९ जिल्लाको खाका बनाउनुपर्ने ।
- पोखरे, शंकरले विभिन्न पक्षलाई आधार बनाएर प्रदेशको रचना गर्दा जातीगत, भाषागत र सांस्कृतिक सघनताको क्षेत्रहरूलाई सकेसम्म विभाजित नगर्ने नीति अवलम्बन गरिनुपर्ने आफ्नो तर्क सहित प्रादेशिक संरचना कस्तो हुने भन्ने सवालमा विभिन्न पार्टी र विज्ञहरूको तर्कलाई समेटेर यसरी राखेका छन् ।
  - ✓ नेकपा (माओवादि केन्द्र) को प्रस्ताव जातीय र क्षेत्रीय आधारमा प्रदेशको विभाजन गरि जातीय र क्षेत्रीय स्वशासित, आत्मनिर्णय सत्ताको अभ्यास गरिरहेको छ ।
  - ✓ नेकपा (एमाले) ले प्रदेश विभाजनको ७ वटा आधारमा जातीय, भाषिक, साँस्कृतिक र क्षेत्रीयतालाई प्रदेश विभाजनको आधारका रूपमा अघि सारेको छ ।
  - ✓ नेपाल सद्भावना पार्टीले क्षेत्रीय संघको मान्यतको वकालत गरेको थियो ।
  - ✓ ७ राजनीतिक दलका नेताहरूले सामुहिक रूपमा जनसंख्या भौगोलिक अनुकूलता, भाषिक आधार, आर्थिक–सामाजिक अन्तरसम्बन्ध र सामुदायिक तथा साँस्कृतिक पहिचानलाई अघि सारेका छन् ।

यसरी प्रस्तावअघि सार्नेहरूमा

- ✓ राजेन्द्र श्रेष्ठले भौगोलिक सुगमता, जनसङ्ख्या, जातीय–क्षेत्रीय सम्बन्ध र सामाजिक–आर्थिक सम्बन्धलाई आधार बनाएका छन् । आचार्य, नरहरिले भौगोलिक अनुकूलंता, भाषिक र सांस्कृतिक विशेषता, प्राकृतिक स्रोत र आर्थिक सम्भावना र जनघनत्व, जातीय मिश्रण र अनुपातलाई आधारको रूपमा प्रस्तुत गरेका छन् ।
- ✓ परी, थापाले जातिगत जनसङ्ख्या, स्थानीय भूगोल र भाषिक क्षेत्रलाई आधार बनाइ संघीय राज्यको निर्माण गर्नुपर्ने धारणा राख्नुका साथै नेपालको संघीय नवसंरचनाको माध्यमबाट पछि परेका र पारिएका जाति र समुदायलाई अधिकार सम्पन्न गराउने उद्येश्यले आत्मनिर्णयको अधिकारलाई जातीय, क्षेत्रीय स्वशासन र त्यसलाई बलियो बनाउने अर्थमा ग्रहण गर्नुपर्दछ । दलितको मुद्दा समेट्नको लागि गैर–भौगोलिक संघीयताको सिद्धान्त लागू गर्नुपर्ने ।
- ✓ उपस्वायत्तता र स्वायत्तता प्रति आकर्षणयादव, उपेन्द्रका अनुसार मधेसलाई चाहिएको आत्मनिर्णयको अधिकार ।
- ✓ योञ्जनतामाङ, कुमारले जातिगत जनसङख्या, भूमि र क्षेत्रका आधारमा, भाषिक क्षेत्र तथा बाहुल्यताका आधारमा र क्षेत्रीय उत्पीडनका आधारमा प्रदेशको विभाजन गरिनुपर्ने मान्यता अघि सारेका छन् ।

- ✓ आलेमगर, सुरेशले जातीय आत्मनिर्णयको अधिकारसहितको प्रादेशिक संरचनामा जोड दिएका छन् ।
- ✓ प्राध्यापक खनाल, कृष्णले प्रतिनिधित्वको व्यवस्थामा जोड दिएका छन् र बहुसदस्यीय निर्वाचन क्षेत्रको विकासको वकालत गरेका छन् । गुरुङ, हर्कले आर्थिक सामथ्र्यताको पक्षमा र डा.शर्मा, पिताम्बरले प्राकृतिक स्रोत र साधनको उपलब्धताको पक्षमा जोड दिएका छन् ।
- ✓ प्रादेशिक संरचनाका बारेमा स्वतन्त्र ढङ्गले आ–आफ्नो प्रस्ताव अघि सार्ने धेरैजसोले प्रदेश निर्माणको आधारमा खासै ध्यान दिएको पाइँदैन । राजनीतिक र प्रशासनिक इकाइको विभाजन सन्दर्भमा चलिरहेको वहससमेतका आधारमा निम्न पक्षलाई प्रदेशको विभाजनको आधारका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

१. भौगोलिक अवस्थिति, २. जातिगत सघनता र बसोबासको अवस्था, ३. मातृभाषा र भाषाको प्रयोगको अवस्था, ४. सामाजिक–सांस्कृतिक अवस्था, ५. आर्थिक सम्बन्ध र अवस्था, ६. प्रशासनिक सुगमता, ७. प्राकृतिक स्रोत र साधनको उपलब्धता र ८. ऐतिहासिकता । केवि गुरूङ र परि थापाका अनुसार विभिन्न छरिएर रहेका उत्पिडित जातिहरूको लागि विशेष गरि दलितहरूको लागि गैर–भौगोलिक संघ निर्माण गर्नुपर्ने धारणा राखेको देखिन्छ साथै थापाले उपस्वायत्तता प्रति आकर्षण देखाएको देखिन्छ । के.वि गुरूङका अनुसार गैर–भौगोलिक संघका साथै जातीय, भाषिक र क्षेत्रीय पहिचानका आधारमा ११ स्वशासित प्रदेशहरूको खाका पनि तयार पारेका छन् । जसमा ७ वटा जातीय प्रदेश स्वशासित प्रदेश, २ वटा भाषिक र २ वटा क्षेत्रीय स्वशासित प्रदेशहरू छन् । यी तर्कलाई हेर्दा सम्पूर्ण तर्कहरू नेपालमा संघीयता लागू गर्नुपर्ने आधारहरू के के हुन ? र कसरी लागु गर्न सकिन्छ भन्ने रहेको छ । समग्रमा हेर्दा नेपालको संघीयता लागु गर्न जातीय, भाषिक, साँस्कृतिक विविधता, क्षेत्रीय उत्पिडन र आर्थिक सामाजिक अवस्थालाई आधार बनाएर संघीयता अपनाउन सकिन्छ ।

# अध्याय – छ

# सारांश तथा निश्कर्ष

## ७.१ सारांश

प्रस्तुत अध्ययन नेपालमा संघीय शासन व्यवस्थाको प्रयोग (कर्णाली प्रदेशको कालिकोट जिल्लाको अध्ययन) शिर्षकमा गरिएको छ । यसमा नेपालमा संघीय शासन व्यवस्था स्थापना हुनुको कारण, नेपालमा संघीय शासन र यसका प्रभावहरु, संघीय शासन व्यवस्थाका चुनौति तथा असरहरु र नेपालमा विद्यमान राजनितिक अभ्यासको प्रभाव के कस्तो छ ? भन्ने बारेमा अध्ययन गरिएको छ । मुख्य कुरा यसमा संघीयता प्रतिको बुझाई राजनितिक रुपमा र जनस्तरको रुपमा बुझाइ के कस्तो अन्तर रहेको छ ? भन्ने कुरा स्पष्ट पारिएको छ भने अधिकारका सवालमा राजनीतिक विकटता र भौगोलिक विकटता के हो ? र यसको आवश्यकताका बारेमा पनि स्पष्ट पार्न खोजिएको छ । यसमा संघीयताको प्रभावको सवालमा कर्णाली प्रदेशको कालिकोट जिल्ला पचालझरना गाउपालिकाको सम्पुर्ण आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक तथा भौतिक पुर्वाधारको सवालमा अध्ययन गरि वर्तमान अवस्था र आवश्यकतावारे यहाँ प्रस्तुत गरिएको छ । साथै त्यहाको राजनैतिक प्रशासनिक गतिविधि र यसले संघीयता कार्यान्वयनमा पार्ने असरहरुबारे पनि स्पष्ट पार्न खोजिएको छ । यो शोधपत्र गुणत्मक ढाँचामा आधारित रहेको छ । यो खोजमुलक, ब्याख्यात्मक र विश्लेषणत्मक किसिमको छ साथै यसको अभ्ययन क्षेत्र प्रथामिक, द्वितिय तथा सहायक तथांकलाई आधार बनाईएको छ । यसमा तथांक संकलन विधि अन्तर्वाता, लक्षित समुह, छलफल, विमर्शात्मक कार्यक्रमका साथै सहभागितात्मक अवलोकनको उपयोग गरिएको छ । यहाँ तथ्यांकको प्रस्तुतिमा विभिन्न तालिका तथांक, पाइचार्ट आदिमा प्रस्तुत गरिएको छ ।

यो शोधपत्रको निचोडमा नेपालमा संघीयताको प्रभाव, संघीयता कार्यान्वयनमा देखिएको चुनौतिहरु जसमा स्थानीय तह र प्रदेश सरकारको अधिकारमा संघीय सरकारको नियन्त्रण र सिमित अधिकार रहेको बाँकि भएको अधिकारमा पनि स्थानीय र प्रदेश सरकारले कार्यान्वयनमा जाँगर नदेखाएको कुरा राखिएको छ । भने संघीयता कार्यान्वयनको सवालमा नेपालका विद्यमान राजनीतिक अभ्यासमा जसरी लाग्नु पर्ने थियो त्यो नदेखिएको यसमा खासै सकारात्मक नरहेको वा अल्छीपन देखिएको कुरा राखिएको छ । आज संघीयता कार्यान्वयनमा अल्छीपन देखिनुमा नेपालमा उपयुक्त संघीय मोडेल नहुनु र अहिलेका भौगोलिक संरचनामा आधारित संघीय मोडेल काम चलाउ रुपमा मात्र रहेको र यसले नेपालको आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक अवस्थालाई नसमेट्नुका साथै नेपालको माटो सुहाउदो यहाँको विविधतालाई सम्बोधन गर्ने उपयुक्त संघीय मोडेल नभएको हो । नेपाल अन्य संघीय मुलुक जस्तो एकल जातीय भाषिक मुलुक नभई बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक साथै भौगोलिक क्षेत्रीय विविधतायुक्त विशेषता भएको मुलुक हो । यहाँ सबैभन्दा ठुलो जातीय समुदाको जनसङख्या जम्मा १६ प्रतिसत रहेको छ भने जम्मा १२३ भाषा र १४२ जातीय समुदाय रहेका छन् । यस्तो अवस्थामा यो विविधतालाई समेट्ने खालको संघीय मोडेलको आवश्यकता रहेको हुँदा यहाँ सामाजिक आर्थिक अवस्थालाई ध्यानमा राख्दै असम संघीयता, सम संघीयता, अर्ध संघीयताको विशेषता सहितको त्रि–संघीय मोडेलको आवश्यकता रहेको कुरा उल्लेख गएिको छ ।

### ७.२ निश्कर्ष

संघीयता वा संघीय शासन व्यवस्था केन्द्रीय सत्तासँग रहेको जनताको अधिकारलाई त्यहाँको जातीय, भाषिक, साँस्कृतिक पहिचान तथा भौगोलिक क्षेत्रीय विविधतामा आधारित भई स्थानिय क्षेत्रहरुमा अधिकार विभाजन गर्नु हो । यसले एकातिर एउटै राज्य भित्र रहेको विभेद, द्वन्द्व, संघर्ष तथा पृथक पहिचानलाई सम्बोधन गर्दछ भने अर्को अलग अलग अस्तित्वमा हुदा आइपर्ने बाह्य खतराबाट सुरक्षित रहन एक आपसमा सम्झौता गरि सँगै रहनमा ठुलो भूमिका खेल्दछ । यसै विविद पहिचान उत्पीडित क्षेत्रलाई माथि उकास्न र अधिकार स्थापित गर्नको लागि नै नेपालि जनताले लामो संघर्ष गरि नेपालमा संघीय शासन व्यवस्था स्थापना गरेका हुन । नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा क्षेत्रिय विविधतायुक्त मुलुक हुनाले यहाँ एउटै खालको जातीय, भाषिक र धार्मिक मुलुक बन्न सक्दैन साथै भौगोलिक क्षेत्रको हिसावले पनि विविधता हुनाले यहाँ एउटै भुगोल केन्द्रीत शासन पनि सम्भव छैन यसैकारण नै आज संघीय शासन व्यवस्था अपरिहार्य भएको हो ।

नेपालमा संघीयता स्थापित भएको लगभग ९ वर्ष भइसक्यो मुलुकमा दुईदुई वटा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन भइसकेको छ । यसलाई हेर्दा हिजोको तुलनामा आज सामाजिक, साँस्कृतिक र राजनीतिक रुपमा उल्लेखनीय परिवर्तन भएको देखिन्छ । किन भने प्राय मानिसलाई बन्धन भन्दा पनि स्वतन्त्रता र समानता आवश्यक पर्दछ । यसै स्वतन्त्रता र समानतालाई निहाल्दा जनतामा हिजोको केन्द्रीय सत्ताबाट शासित हुनुपर्ने ठाउमा आज संबैधानिक रुपमा जनताकै निती र जनताले नै नेतृत्व गर्ने अवसर प्राप्त भएको छ । नेता र सत्ताबाट जनता स्वतन्त्र भएका छन् र राज्य प्रति प्रश्न गर्ने ठाउमा पुगेका छन् । अर्को समाजमा हरेक प्रकारका विभेद छुवाछुत, भेदभाव जस्ता सामाजिक विकृतिका विषयहरु धेरै मात्रामा परिवर्तन भएका छन् । सामाजिक विकासमा शिक्षा, स्वास्थ्यको क्षेत्रमा निशुल्क शिक्षा र स्वास्थ्यको संख्यामा बृद्धि हुदैछ । यो नेपालमा संघीयता स्थापनाको सकारात्मक संकेत हो भने अब समग्र रुपमा व्यवस्था सँगै जनताको अवस्थामा पनि परिवर्तन हुन बाँकि छ । यसको अर्थ आर्थिक रुपमा सवल बनाउन र सुशासन कायम गर्न बाँकि छ । आर्थिक र सुशासनको क्षेत्रमा परिवर्तन जरुरि रहेको छ । जुन संघीयता कार्यान्वयन र यसको उपयुक्त मोडेलमा हेरफेर गर्नु आवश्यक छ ।

प्राय एउटै जातीय, भाषिक बाहुल्यता भएको मुलुकमा संघीयता कार्यान्वयन गर्न सहज हुन्छ त्यहाँ संघीयता सफल हुन्छ तर विविधता भएको मुलुकमा भने जटिल हुन्छ त्यो स्वभाविक हो । अमेरिका, अस्ट्रेलिया, अर्जेन्टिना, अस्ट्रिया, जर्मनी जस्ता मुलुकहरूमा ९० प्रतिसत भन्दा बढि एउटै जाती र धार्मिक मानिसहरू बसोबास गर्ने गर्दछन् त्यहा विविधताको समस्या हुदैन भने भारत, क्यानडा, इथियोपिया, सुडान, नाइजेरिया, मेक्सिको, बेल्जियम, बोस्निया हर्जगोबिना जस्ता मुलुकमा भने जातीय, भाषिक, साँस्कृतिक विविधताको कारण, त्यहाँ समस्या उत्पन्न हुँदा पहिचान सहितको संघीयता विकास भएको देखिन्छ । नेपाल पनि यसै अनेक विविधता भएको मुलुक हुनाले यहाँ त्यति सहज हुदैन । यहाँ विभिन्न पहिचान सहितको संघीय मोडेलको आवश्यकता परेको हो । छिमेकी देश भारतमा ५३३ जातीय समूह छन भने लगभग १५०० भन्दा बढि भाषिक समुदायहरू छन् । त्यस्तै भौगोलिक क्षेत्रमा पनि राजधानिबाट टाढा तथा एकदमै विकट अवस्थामा छन् । यसैलाई आधार मानि पहिचान सहितको संघीयता अपनाएको छ । जातीय, भाषिक र क्षेत्रीय पहिचान सहितका २८ वटा स्वशासित पूर्ण प्रदेश, ८ वटा केन्द्र शासित प्रदेश र एउटा संघीय सरकारमा विभाजन गरि संघीयता अपनाएको छ । धारा ३७० हटाउनु पुर्व असम संघीयताको सिद्धान्त अनुसार जम्मु कस्मिरलाई

स्वायत्तता प्रदान गरिएको थियो, जसले त्रि–संघीय मोडेल अपनाएको थियो। नेपाल पनि यहि जातीय, भाषिक र क्षेत्रीय विविधता भएको मुलुक हुनाले यहाँ यसै पहिचान सहितको त्रि– संघीयता अपनाउनु आवश्यक छ।

खासमा यो शोधपत्र (Thesis) कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्ला पचालझरना गाउपालिकालाई आधार मानि गरिएको हुदा, मुख्यतः यसमा कर्णाली प्रदेशको बारेमा ध्यान दिइएको छ । जसमा कर्णाली १२ औ सताब्दिमा नागराजले स्थापना गरेको खस राज्य अन्तर्गत पर्ने प्रदेश हो, जुन पृथ्वीनारायण शाहको नेपाल एकीकरण अन्तर्गत वि.स.१८३८ तिर काठमाडौको अधिनमा गयो । त्यो लगत्तै कर्णालीले खस राज्यमा गर्ने व्यापार व्यवसाय, उत्पादन देखि सम्पूर्ण आर्थिक राजनीतिक अधिकार गुमाउदै गयो । अर्थिक राजनीतिक अधिकार गुमाउदा सम्पूर्ण अधिकार र शक्तिबाट केन्द्रीय सत्ताबाट टाढा रहनुपर्यो, व्यापारको ठाउँमा जिविको पार्नमा सिमित रहनुपर्यो । लगभग २०० वर्षसम्म केन्द्रीय सत्ताको उपनिवेश रहनुपर्यो यसैको कारण आज कर्णाली एउटा गरिबी र विकटताको नामले परिचित छ।

यसै गरिबी र भौगोलिक विकटतालाई मध्यनजर गर्दै कर्णालीलाई माथि उठाउन क्षेत्रीय पहिचानमा आधारित असम संघियताको सिद्वान्त अनुसार स्वायत्त अधिकार दिइनुपर्ने देखिन्छ। कर्णाली जस्ता राज्यको छत्रछाया भन्दा टाढा रहेका नेपालका थुप्रै जिल्लाहरू पनि छन, जहा भौगोलिक विकटता भएका र जातीय, भाषिक उत्पिडनमा परेका समुदायहरू पनि छन् जसलाई विशेष अधिकार दिइनुपर्ने देखिन्छ । साथै केही जिल्लाहरू यस्ता पनि छन् जुन संघीयताको आवश्यकता नभएको देखिन्छ । त्यसैले यी आवश्यकतालाई मध्यनजर गर्दै नेपालमा जातीय, भाषिक, क्षेत्रीय पहिचान र आर्थिक सामाजिक विशेषतालाई मध्यनजर गर्दै असम संघीयता, अर्ध–संघीयताको विशेषतालाई समेटि त्रि–संघीयता (Tri–Federalism) युक्त संघीय मोडेल अपनाउन जरुरी छ। जसमा माथिल्लो कर्णाली (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकेट, दैलेख साविकको कर्णाली) लगायत केही भौगोलिक क्षेत्र र जातीय तथा भाषिक समुदायलाई असम संघीयताको सिद्धान्त अनुसार स्वायत्त (Autonomus) अधिकार दिइनुपर्ने देखिन्छ । संघीयताको आवश्यकता नभएका अथवा अरूको तुलनामा बढि विकास भएका राजधानि आसपासका काठमाडौ, भक्तपुर, ललितपुर, पोखरा, चितवन, काभ्रे, मकवानपुर लगायतका विकासमा अगाडि रहेका जिल्ला र शहरहरूलाई पछि स्वशासित राज्य बनाउने गरि अहिले केन्द्र शासित बनाउने र बाकी रहेका क्षेत्रलाई जातीय, भाषिक र क्षेत्रीय पहिचानको आधारमा पुर्ण राज्य तथा स्वशासित (Self–Govern) प्रदेशहरूमा विभाजित गर्ने। अनिमात्र जनताको भावना समेट्दै नेपालको विशेषता सहितको संघीयता कायम हुन सक्नुका साथै संघीयता सफल हुने देखिन्छ। नेपालको सन्दर्भमा उपयुक्त संघीय मोडेलको खाका निम्न हुन सक्छ।

**१. असम संघीयताको सिद्धान्त अनुसार**

असम संघीयता एउटै संघीय राष्ट्र भित्र भएका विभिन्न प्रदेशहरू कसैलाई बढि र कसैलाई कम अधिकार दिइएको छ भने त्यस्तो संघीयतालाई असम संघीयता भनिन्छ। यसमा एउटै मुलुक भित्रका अल्पसंख्यक जाती, भाषि, समुदाय र पिछडिएको क्षेत्रको लागि विशेष अधिकार दिइने हुन्छ। जस अन्तर्गत नेपालमा कर्णाली क्षेत्र (खसान र सिंजा क्षेत्र) सुदुरपश्चिमका पहाडि जिल्ला, हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङ, पुर्व र मधेसका केहि जिल्लाहरूमा क्षेत्रीय स्वायत्तता त्यसैगरि भोजपुरी, मैथलि, थारू लगायतका केही भाषिक क्षेत्र र लिम्बुवान, खम्बुवान, ताम्सालिङ, मगरात, नेवा जस्ता जातीय क्षेत्रमा स्वायत्त अधिकार दिइनुपर्ने।

**२. केन्द्र शासित प्रदेश**

काठमाडौ, भक्तपुर, ललितपुर, पोखरा, चितवन, काभ्रे, हेटौडा जस्ता तत्काल संघीयता आवश्यक नभएका अरूको तुलनामा बढि अधिकार प्राप्त गरेका जिल्ला र शहरहरूलाई केन्द्र शासित बनाउने।

**३. स्वशासित प्रदेश**

बाँकि रहेका क्षेत्रहरुलाई जातीय, भाषिक क्षेत्रीय पहिचान र आर्थिक, सामाजिक परिवेशका आधारमा स्वशासित क्षेत्र घोषणा गरिनुपर्ने। यसो गर्दा नेपालका सबै ठाउँमा एकनासको संघीयता पनि हुदैन, जनताले खोजे जस्तो संघीयता ( कसलाई के चाहिएको हो ? कसलाई नचाहिएको ?) कायम हुन जान्छ । त्यसैले नेपालको तत्कालिन आवश्यकताको सन्दर्भमा यो त्रि–संघीयता (Tri-Federalism) को मोडेल उपयुक्त हुने देखिन्छ।

# सन्दर्भ सामाग्री (Reference)


आचार्य, भिमार्जुन.(मिति नखुलेको पृ.१७३), *संघीय राज्यको नयाँ संरचना (संघिय राज्यव्यवस्था),* विवेक सिर्जनशील प्रकासन प्रा.लि.।

कुँवर, राजबहादुर.(२०६९), *वर्ग संघर्षको आँखिझ्यालबाट*, पारु अफसेट प्रेस डिल्लिबजार काठमाडौ ।

खासस्व.(२०८०), खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (२०८०), पचालझरना गाउपालिका पडेक्षा, कालिकोट ।

गुरुङ, देव.(मिति नखुलेको पृ. ५३/५६), *राज्यको पुनरसंरचना र लोकतन्त्र.(नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),* विवेक सिर्जनशिल प्रा.लि.।

गुरुङ, के.बी.(मिति नखुलेको पृ.१४२), *नेपालको संघीय राज्य संरचना र शासन प्रणाली, (नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),* विवेक सिर्जनशिल प्रा.लि.।

डाँगी, शिवकुमार, (मिति नखुलेको पृ.३०), *नयाँ अध्याय,* जनकपुर सगरमाथा, क्षेत्रिय ब्युरो, पुर्वी कमान्ड, विवश–आधार प्रकाशन ।

थापा, डिनबहादुर, (२०७६), *शोध प्रस्ताव लेखनको ढाँचा र अंगहरू,* नेपाली विभाग ।

थापा, परि.(मिति नखुलेको पृ.१३३), *नेपालमा संघीय साशन प्रणालीः किन र कसरी, (नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),* विवेक सिर्जनशिल प्रा.लि.।

देवकोटा, खिमलाल.(१४ कार्तिक २०८०), *संघियता कार्यान्वयनमा सरकार उदासिन*, कान्तिपुर दैनिक

पगापाका, (२०७६) *गाउँपालिकाको वस्तुगत विवरण.(२०७६),*पचालझरना गाउपालिकाको कार्यालय जारकोट, कालिकोट ।

पोखरेल, सिग्देल, ढुङ्गाना, भुजेल र पौड्याल.(मिति नखुलेको), *नेपालको संघीय शासन प्रणाली,* संघीयता अध्ययन केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

पोखरेल, शंकर.(मिति नखुलेको पृ.१०२/१०३), *राज्य र राज्यको पुनसंरचना, (नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),*विवेक सिर्जनशिल प्रा.लि.।

पोखरेल, हरिहर.(२०७२ असोज), *संघीय सात प्रदेश नेपालको संविधान (विकासक्रम र विशेषता),* ब्रदर बुक्स प्रशासन प्रा.लि.।

रोकाया, दिपेन्द्र.(२०८०), *कर्नालीको मर्म,* पैरवि प्रकाशन पुतलिसडक काठमाडौ ।

सिवाकोटी, गोपाल.(२०७५) *तुलनात्मक शासन र राजनीति*, पैरवि प्रकाशन ।

सिवाकोटी, गोपाल.(२०७५) *अनुसन्धान पद्धति र प्रतिवेदन लेखन,*पैरवि प्रकाशन ।

सिंह, मोहनविक्रम,.(मिति नखुलेको पृ.१६५/१६६), के *नेपालका लागि संघीय शासन व्यवस्था उचित हुन सक्छ ?(नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),* विवेक सिर्जनशिल प्रा.लि.।

सुवेदि,सोमलाल.(२०७८), *नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति*,पैरवि प्रकाशन।

श्रेष्ठ, राजेन्द्र.(२०६६ पुस), *विश्वका संघीय राज्यहरू, संविधानसभा र नेपालको बाटो,* सेन्टर फर फेडरल स्टडिज, नेपाल।

श्रेष्ठ, श्याम.(मिति नखुलेको पृ.२५/२८), *नेपालमा संघीय राज्य प्रणालिको सम्भावित स्वरुप र संरचना (नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),*विवेक सिर्जनशिल प्रा.लि.।

ज्ञवालि, प्रदिप.(मिति नखुलेको पृ.६९), *राज्यको पुनर्संरचना र समावेशीकरणका सवाल, (नेपालमा संघीयता अनुभव, अवलोकन र अनुभुति),* विवेक सिर्जनशिल प्रा.लि.।

Gyawali, G. (June, 2020), *Thesis proposal writing,*www.youtube.com

Mustafa, R. (September 4, 2019), *Thesis proposal writing*, (Hindi/Urdu), www.youtube.com

Naveed, M. (April 21, 2020), *Thesis proposal writing,*www.youtube (Hindi).

Pokharel, Madhav. (October 2, 2022), *Thesis proposal writing,*www.youtube.com

Purohit, Gagendra. (October 4, 2020), *Thesis proposal writing,*www.youtube.com

Sapkota, Anup. (January 4, 2023), *Thesis proposal writing,*www.youtube.com

# अनुसूची – १

## अन्तर्वाता लिएका व्यक्तिको विवरण

| क्र.श. | नाम | आवद्धता | अन्तर्वाता मिति | कैफियत |
|---|---|---|---|---|
| १ | तुलाराज कठायत | शिक्षक | २०८०/१०/०२ | प्र.अ श्री जनता, मा.वि खार्दु |
| २ | धन ब.थापा | शिक्षक | २०८०/१०/०३ | प्र.अ.श्री जनज्वति, नि.मा.वि खार्दु |
| ३ | अग्र कठायत | शिक्षक | २०८०/१०/०५ | शिक्षक श्री ज्ञानोदय, मा.बि राम्नाकोट |
| ४ | गोबिन्द बम | शिक्षक | २०८०/१०/०६ | शिक्षक श्री पञ्चकालिका मा.बि.बाझकोट |
| ५ | जिबनधर ज्ञवालि | प्राध्यापक | २०८१/०१/२० | क्याम्पस प्रमुख रत्न, राज्यलक्ष्मी क्याम्पस |
| ६ | अग्नि शाहि | जनप्रतिनिधि | २०८०/१०/१० | प्रमुख,पचालझरना गापा |
| ७ | रामबहादुर भण्डारी | कर्मचारी | २०८०/१०/१२ | प्रमुख कार्यकारी, पचालझरना गापा |
| ८ | प्रकाश रोकाया | राजनीतिज्ञ तथा समाज सेबि | २०८१/२/२० | पत्रकार, राजनीतिज्ञ तथा समाजसेवि बुद्धिजिवि |
| ९ | प्रकाश कठायत | कर्मचारी | २०८०/१०/१२ | सुचना अधिकृत, पचालझरना गापा |
| १० | कृपालाल कठायत | जन प्रतिनिधि | २०८०/१०/१५ | वडा अध्यक्ष, पचालझरना गापा ३ |
| ११ | अनुरुप रोकाया | जन प्रतिनिधि | २०८०/११/५ | वडा अध्यक्ष, पचालझरना गापा ४ |
| १२ | बम भक्तबहादुर | जन प्रतिनिधि | २०८०/११/१० | वडा अध्यक्ष, पचालझरना गापा ५ |
| १३ | प्रभुजन सञ्ज्याल | जन प्रतिनिधि | २०८०/११/१५ | वडा अध्यक्ष, पचालझरना गापा ६ |
| १४ | सपना सेजुवाल | स्वास्थ्य कर्मि | २०८०/११/१६ | अनमि कर्मि, पचालझरना गापा |
| १६ | दानबहादुर कठायत | जन प्रतिनिधि | २०८०/११/२० | काबा वडा अध्यक्ष, पचालझरना गापा ३ |
| १७ | रति रोकाया | शिक्षक | २०८०/१०/०२ | श्री जनता मा.बि.खार्दु, |
| १८ | महेश, निरोज, प्रसन्त, धनराज, महेश, रनिता, कृतिका लगायत जनता माविका विद्यार्थिहरु | विद्यार्थि | २०८०/०९/२० | श्री जनता मा.बि.खार्दु |
| १९ | ममिल कठायत | स्थानिय | २०८०/०९/२० | अध्यक्ष, डिम्रेनि, सामुदायिक वन, पचालझरना गापा ३ |
| २० | धनराज थापा | स्वास्थ्यकर्मि | २०८०/०९/२० | सिएमए.निजि मेडिकल पचालझरना गापा |
| २१ | इन्द्ररोकाया | जन प्रतिनिधि | २०८०/०९/२५ | अध्यक्ष पलाता गापा |
| २२ | सुरिन्द्र बराल | स्थानिय | २०८०/०९/२८ | स्थानिय जनता रास्कोट नपा |